बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड २ | बर्ष १० | अंक ३४ | मिति : साउन १ गते २०८२

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको ऐन, कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## भाग -१

# बुद्धभूमि नगरपालिकाको विनियोजन ऐन, २०८२

बुद्धभूमि नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

सभाबाट स्वीकृत मितिः२०८२।०३।०६ गते

**प्रस्तावनाः**

बुद्धभूमि नगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बुद्धभूमी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१)यस ऐनको नाम " बुद्धभूमि नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८२।०८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. १,२२,२२,६१,०००।- (अक्षेरुपी एक अर्ब बाइस करोड बाइस लाख एक्सठ्ठी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. विनियोजनः(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।०८३ को निमित्त बुद्धभूमि नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ

विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

## अनुसूची – १
## (दफा २ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संचित कोषबाट विनियोजन हुने रकम

रू. हजारमा(०००)

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | | | ० | |
| क) | | वडा समिति (स्वीकृत कार्यक्रम अनुसार) | कार्यालयबाट | कार्यालयबाट | ० | ० |
| ख) | | विषयगत शाखा (स्वीकृत कार्यक्रम अनुसार) | कार्यालयबाट | कार्यालयबाट | ० | ० |
| २ | | ऋणको सावा ब्याज भूक्तानी | ० | ० | ० | ० |
| ३ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| **कूल जम्मा** | | | | | | |

आज्ञाले
बासुदेव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

# बुद्धभूमि नगरपालिकाको आर्थिक ऐन, २०८२

नगरसभाबाट स्वीकृत मितिः २०८२।०३।२५ गते

प्रस्तावनाः

बुद्धभूमि नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्वन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्नको निमित्त राजस्व संकलन गर्ने, कर लगाउने, उठाउने, करका दरहरुलाई घटाउने, बढाउने तथा समयानुकुल परिमार्जन गर्ने, छुट तथा सहुलियत दिने, करका दायराहरु विस्तार गर्न तथा राजस्व प्रशासनलाई पारदर्शी, जवाफदेही, जिम्मेवारी एवं न्यायपूर्ण बनाउन आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बुद्धभूमि नगरसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम 'बुद्धभूमि नगरपालिकाको आर्थिक ऐन, २०८२' रहेको छ ।

(२) यो ऐन बुद्धभूमि नगरसभाले पारित गरेपश्चात २०८२ साल श्रावण १ गते देखि बुद्धभूमि नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पत्ति कर :

बुद्धभूमि नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्र अनुसूची (१.१), (१.२), (१.३) मा उल्लेखित जग्गा तथा संरचनाको मुल्यांकनको आधारमा अनुसूची (१.१), (१.२), (१.३) मा उल्लेख भए बमोजिम भू-उपयोग परिषद बाट कित्तागत जग्गा वर्गीकरणमा उल्लेखित कित्ताको क्षेत्रफल अनुसार एकल दर र बहुदरमा सम्पत्ति कर तथा भूमि कर लगाईनेछ ।

1) नगरपालिका क्षेत्र भित्र बनेका घर र सो घरले चर्चेको जग्गाको दोब्बर क्षेत्रफल सम्मको जग्गामा सम्पत्ति कर लगाईनेछ ।
2) यस दफाको प्रयोजनको लागि घर भन्नाले घर, गोदाम, हल, टहरा, सेड वा यस्तै संरचनालाई सम्झनुपर्नेछ ।
3) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउन भनि तोकिएका जग्गा बाहेकका अन्य जग्गामा भूमिकर लगाईनेछ ।
4) भूमीकर (मालपोत) भन्नाले सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएको अन्य जग्गामा लाग्ने करलाई सम्झनु पर्दछ ।
5) आ.व. २०८२/०८३ का लागि सम्पत्ति कर तथा भूमीकर प्रयोजनको लागि घर

र जग्गाको न्यूनतम मूल्यांकन दर तथा मूल्यांकित रकममा लाग्ने सम्पत्ति करको दर अनुसूची (१.१), (१.२), (१.३) बमोजिम हुनेछ ।

**6)** यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजार मूल्य समेतका आधारमा कायम गरिनेछ । भवन संरचनाको ह्रास कट्टी निम्नानुसारको दर (प्रतिशत) बमोजिम गरिनेछ ।

| संरचनाको आयु | संरचनाको कसिमि | | | | |
|---|---|---|---|---|---|
| | आर.सि. सि. भवन (आवासिय तथा व्यावसायिक) | लोड वयिरङि भवन (गारो भएका) | स्टिल फ्रेम स्टक्चर भएका ठुला भवन, | सामान्य ट्रस (पलिर भएका र नभएका) | कच्ची घर वा अन्य |
| १-३ वर्ष | ५ | ५ | ५ | १० | २५ |
| ४-६ वर्ष | ७ | ७ | ७ | १५ | ५० |
| ७-९ वर्ष | १० | १० | १५ | २० | ६० |
| १०-१२ वर्ष | १५ | १५ | २२ | ३० | ७० |
| १३-१५ वर्ष | २० | २० | ३० | ५५ | ८० |
| १६-१८ वर्ष | २५ | २५ | ५५ | ६० | |
| १९-२१ वर्ष | ३० | ३० | ६० | ६५ | |
| २२-२४ वर्ष | ३५ | ३५ | ६५ | ७० | |
| २५-२७ वर्ष | ४० | ४० | ७० | ७५ | |
| २८-३० वर्ष | ४५ | ४५ | ७५ | ८० | |
| ३१-३३ वर्ष | ५० | ५० | ८० | ८० | |
| ३४-३६ वर्ष | ५५ | ५५ | ८० | ८० | |
| ३७-४० वर्ष | ६० | ६० | ८० | ८० | |
| ४१-४३ वर्ष | ६५ | ६५ | ८० | ८० | |
| ४४-४६ वर्ष | ७० | ७० | ८० | ८० | |
| ४७ -५० वर्ष | ७५ | ७५ | ८० | ८० | |
| ५० वर्ष भन्दा माथी | ८० | ८० | ८० | ८० | |

नोट : सम्पत्ति कर मूल्यांकन गर्दा घर र सो घरले चर्चेको जग्गाको न्यूनतम मूल्यांकनमा ह्रास कट्टी गरी बाँकी आउने रकमलाई नै न्यूनतम मूल्यांकित रकम मानी सम्पत्ति

कर लगाईनेछ ।

7) देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैन ।

१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा

२) सरकारी अस्पतालको भवन र जग्गा

३) गुठीको स्वामित्वमा रहेको जग्गा

४) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा

५) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएको संघ, संस्थाको घर र घरजग्गा

६) धार्मिक संस्था ( मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा

७) खानेपानी संकलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु

८) राजदुतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा

स्पष्टीकरण :

श्रेणी तोकिएका जग्गा तथा घडेरीहरुको हकमा श्रेणी अनुसार र नतोकिएको हकमा न्यूनतम १० मिटर मोहडाको एक कट्ठालाई आधार मानी प्रतिकट्ठाको न्यूनतम मूल्यांकन अनुसार करको दर प्रति लाख रु.२०।- कायम गरिएको छ ।

३. भुमिकर मालपोत (बक्यौता ) : बुद्धभूमि नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम आ.व.०७४/०७५ सम्मको मालपोत कर र घर कर बक्यौता भए अनुसूची-२ मा उल्लेख अनुसारको कर, बक्यौता तथा सो वापत लाग्ने जरिवाना समेत लगाईनेछ ।

४. घर जग्गा बहालकर :

(१) बुद्धभूमि नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आशिंक तबरले बहालमा दिएकोमा घरजग्गा वहाल कर लिईनेछ । कुल रकमको १० प्रतिशतको दरले घरजग्गा बहाल कर लगाइनेछ । घरजग्गा बहाल कर सम्झौतामा उल्लेखित समयावधि मध्ये कम्तिमा एक आर्थिक बर्ष (सम्झौता भएको आर्थिक वर्ष) हुने रकम अग्रिम बहाल कर लिईनेछ ।

(२) नगरपालिकाको स्वामित्वमा रहेका ग्रेडर, रोलर , पानी टयाङ्की, व्याकहो लोडर (जे.सि.वि.), प्राविधिक सामाग्रीहरु भाडामा प्रयोग गरे बापत तथा बुद्धभूमि नगरपालिकाको सभाहलमा अनुसूची (३) बमोजिमको बहाल कर लगाइनेछ ।

५) व्यवसाय कर :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको उद्योग, व्यापार, व्यवसाय र सेवामा व्यवसायको प्रकृति, पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा गर्ने

व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइनेछ । त्यसरी व्यवसाय कर संकलन नगरपालिकाले तोकेको बैंक तथा वित्तीय संस्थाहरु वा नगरपालिकाको राजश्व शाखा र प्राइभेट फर्मलाई पूँजीगत लगानीको आधारमा बार्षिक रूपमा व्यवसाय कर लगाइनेछ ।

स्पष्टिकरणः अनुसूची (४) मा उल्लेखित दररेट व्यवसाय कर प्रयोजनार्थ मात्र बुझ्नुपर्नेछ । व्यवसाय करमा उल्लेखित भएकै आधारमा मात्र उल्लेखित सबै व्यवसाय सम्बन्धित निकायको अनुमति, प्रकृया र मापदण्ड नपुगीकन दर्ता गर्न सकिनेछैन ।

६) जडीबुटी, कवाडी र जीबजन्तु निकासी कर :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेका बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (५) मा उल्लेख भए बमोजिमको जडीबुटी, कवाडी र जीवजन्तु निकासी कर लगाईनेछ । नगरपालिकामा उत्पादन भई नगर क्षेत्रभन्दा बाहिर निकासी हुने इट्टाहरूमा प्रति इट्टा रू. ०.५० (पचास पैसा) मात्रका दरले पर्यावरण शुल्क लगाइने छ ।

७) सवारी साधन कर :

प्रचलित कानुन बमोजिम नगर क्षेत्रभित्र सञ्चालन गर्ने गरी दर्ता भएका ई- रिक्सा, अटो रिक्सा (पेट्रोल, डिजलबाट चल्ने) जस्ता सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईनेछ ।

८) विज्ञापन कर :

यस नगरपालिका क्षेत्रभित्र निजी तथा सार्वजनिक स्थानमा राखिने बिभिन्न प्रकारका व्यवसायिक होडिङ बोर्ड/प्रचार प्रसार समाग्री/बिज्ञापनहरु नगरपालिकाको स्वीकृति लिई मात्र राख्नु पर्नेछ । अनुसूची (७) बमोजिमको विज्ञापन कर लगाईनेछ ।

९) मनोरञ्जन कर :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने जुनसुकै प्रकारको मेला महोत्सव तथा मनोरञ्जन व्यवसायमा अनुसूची (८) एवं प्रदेश सरकारबाट तोकिए बमोजिम मनोरञ्जन कर शुल्क लगाईनेछ ।

१०) बहाल बिटौरी शुल्क :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका सार्बजनिक ऐलानी वा पर्ति जग्गा, भवन, हाटबजार वा पसल, सडक वा बाटो किनारको पसल र

विशेष मेलापर्वमा लगाईने सेवा शुल्क अनुसूची (९) मा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाईनेछ ।

नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा राखेका पसलहरुमा स्थानीय स्तरमा असुल हुँदै आएको दररेटमा नबढ्ने गरी नगर कार्यपालिकाले तोकेको दरमा शुल्क लगाउनेछ ।

११) सवारी साधन पार्किङ्ग शुल्क :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाईनेछ । साथै पार्किङ्ग व्यवसाय सञ्चालन गर्ने ब्यक्ति वा संस्थाले बुद्धभूमि नगरपालिकाबाट पुर्ब अनुमति लिएको हुनुपर्नेछ ।

१२) सेवा शुल्क दस्तुर :

बुद्धभूमि नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लिखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भएबमोजिम शुल्क लगाईनेछ ।

१३) पर्यटन प्रवेश शुल्क :

बुद्धभूमि नगरपालिकाले तोकेका स्थानहरुमा पर्यटक प्रवेश गर्दा अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईनेछ ।

१४) जरिवाना :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्रका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय सञ्चालन वा फोहरमैला गरेमा वा निर्माण सामाग्री राखि बाटो अवरुद्ध गरेमा ,बाटो क्षती हुने कार्य गरेमा प्रचलित कानुन बिपरीतका कार्य गर्नेलाई अनुसूची (१३) बमोजिम जरिवाना लगाई असुल उपर गरिनेछ ।

१५) घर जग्गा रजिष्ट्रेशन शुल्क :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेशन गर्दा अनुसूची (१४) बमोजिम रजिष्ट्रेशन शुल्क लगाईनेछ ।

१६) बन पैदावार बिक्री शुल्क :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्रका सबै सामुदायिक बन उपभोक्ता समितिबाट बन पैदावार बिक्री गर्दा प्राप्त गर्ने रकमको १० प्रतिशतका दरले बन पैदावार बिक्री शुल्क लगाईनेछ ।

१७) ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य बस्तुको बिक्री शुल्क :

(१) अनुसूची (१५) बमोजिम प्रदेश सरकारले तोकेको न्युनतम दरभन्दा कम नहुने गरी नगर कार्यपालिकाले बजार मुल्यलाई समेत बिचार गरी नदीजन्य पदार्थको न्युनतम बिक्रि दर कायम गर्नेछ । माटोको न्युनतम दर प्रदेश सरकारले तोकेको दर तथा नगरकार्यपालिकाबाट स्वीकृत कार्यबिधिले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमका बस्तु बिक्रीका लागि परिमाण तथा न्युनतम दर निर्धारण गरी ई- टेण्डर , बोलपत्र, दरभाउपत्र, डाक बढाबढको माध्यम अपनाईने छ ।

तर माटोको हकमा स्थानीय आवश्यकता, उपलब्ध समय, बिक्री गर्ने परिमाण र परिस्थितिलाई बिचार गरी प्रदेश सरकारले तोकेको न्युनतम दरमा नघट्ने गरी बिक्री गर्न बाधा पर्नेछैन ।

१८) फोहोरमैला व्यवस्थापन शुल्क :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन बापत अनुसूची (१६) मा उल्लेखित शिर्षकहरुमा तोकिए बमोजिम मासिक शुल्क तथा दररेट लगाईनेछ ।

१९) नगदी रसिद रद्द गर्न सक्ने : (१) कर दस्तुर संकलन गर्दा काटिएका आम्दानी रसिदहरु रद्द गर्नु पर्ने अवस्था आएमा सम्बन्धित संकलनकर्ताले कारण खुलाई सक्कलै नगदी रसिद संलग्न गरी अधिकार प्राप्त अधिकारीबाट निर्णय भएमा रद्द गरी सम्बन्धित व्यक्तिलाई रकम फिर्ता गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम रद्द गरिएका रसिदको विवरण राजश्व शाखाले प्रमाणित गरि राख्नु पर्नेछ ।

२०) ठेक्का आव्हान गर्न सक्ने : (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यालयले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गरी संकलन गर्न सकिनेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्था भएमा बढीमा पाँच वर्ष तथा तालहरुको हकमा अधिकतम सात वर्ष सम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

२१) कर छुट दिन सकिने : (१) यस ऐन बमोजिम सम्पत्ति कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई देहाय बमोजिम कर छुट दिन सकिनेछ ।

क) आर्थिक वर्ष २०८२/०८३ मा बुझाउनु पर्ने सम्पत्ति कर तथा भूमिकर २०८२ आश्विन

मसान्त भित्र बुझाएमा कर रकमको ५ प्रतिशतले हुने रकम छुट दिईनेछ ।

ख) आ.व. २०८२/०८३ मा एकल महिलाको नाममा रहेको सम्पत्ति तथा भूमिमा लाग्ने करमा १० प्रतिशत छुट दिईनेछ ।

२) आ.व. २०८२/०८३ को व्यवसाय कर २०८२ आश्विन मसान्त भित्रै बुझाएमा कर रकमको ५ प्रतिशतले हुने रकम छुट दिईनेछ ।

३) आ.व. २०८२/०८३ मा कृषि उपज उत्पादन तथा पशुपंछीपालन व्यावसायमा लाग्ने व्यवसाय कर २०८२ आश्विन मसान्त भित्र बुझाएमा १० प्रतिशतले हुने रकम छुट दिईनेछ ।

४) आ.व. २०८२/०८३ मा महिला मात्र सदस्य भएको सहकारी संस्थाको व्यवसाय कर २०८२ आश्विन मसान्त भित्र बुझाएमा १० प्रतिशतले हुने रकम छुट दिईनेछ ।

५) आ.व. २०८२/०८३ मा अपाङ्गता भएका व्यक्तिले सञ्चालन गरेको उद्योग व्यवसायमा लाग्ने व्यवसाय कर २०८२ आश्विन मसान्त भित्र बुझाएमा १५ प्रतिशत छुट दिईनेछ ।

६) यस ऐन बमोजिम घरजग्गा बहाल कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुले आ.व. २०८२/०८३ को घरजग्गा बहाल कर एकमुष्ठ वार्षिक अग्रिम रुपमा बुझाएमा कर रकमको १० प्रतिशतले हुने रकम छुट दिईनेछ ।

७) बुद्धभूमि नगरपालिकामा स्थापना हुने तरकारी तथा फलफुल र पशुपंछि बजारको लागि आवश्यक पर्ने ट्रस निर्माण गर्दा लाग्ने नक्सापास दस्तुरको १० प्रतिशत छुट दिईनेछ ।

२२) कर तथा शुल्क संकलन कार्यविधि :

यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐनसँग नबाझिने गरी बुद्धभूमि नगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२३) अन्य व्यवस्थाः

१) संघिय कानून/प्रदेश कानूनबाट व्यवस्था परिवर्तन भई आएमा सोही बमोजिम हुनेछ । सम्पत्ति कर लगाउँदा तोकिएको स्थानमा बनेको घर तथा संरचनाको निर्माण वर्ष/मूल्य करदाता स्वयंले कार्यालयबाट तोकिएको फर्मेट अनुसारको निवेदन मार्फत स्व-घोषणा गर्न सक्नेछन । तर कार्यालयलाई करदाताले गरेको स्व-घोषणा अस्वभाविक लागेमा प्राविधिक मार्फत स्थलगत नीरीक्षण गरि पुन मूल्यांकन गर्न सक्नेछ ।

यस नगरक्षेत्र भित्र रहेका सार्वजानिक ताल तलैया, पोखरी, पर्ति, ऐलानी जग्गाहरु तथा हाटबजारहरुको व्यवस्थापनका लागी ठेक्का प्रक्रियाबाट राजस्व संकलनका लागि व्यवस्था गरिनेछ ।

२४) यसै ऐन बमोजिम भएको मानिने : यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै

ऐनबमोजिम भए गरेको मानिनेछ ।

२५) नियम वा कार्यविधि बनाउन सक्ने :

(१) ऐनको उद्धेश्य कार्यन्वयन गर्न नगरपालिकाले आवश्यक नियम वा कार्यबिधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) बिभिन्न अनुसूचीमा उल्लेख गरिएको कर, दस्तुर, सेवाशुल्क वा दण्ड जरिबाना आदिमा कुनै शिर्षक छुटेको पाईएमा नगर कार्यपालिकाले निर्णय गरी त्यस्तो शीर्षक थप गर्न तथा कर, दस्तुर र सेवाशुल्क निर्धारण गरी असुल उपर गर्न सक्नेछ ।

२६) साबिक बमोजिम हुने :

यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साबिक बमोजिम नै हुनेछ ।

२७) बाधा अड्काउ फुकाउ :

यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा बुद्धभुमि नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

२८) खारेजी :

साविकमा बुद्धभूमी नगरपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुनेछन् ।

२९) करका दरहरु संशोधन नहुने : यो ऐन लागु भएपछि सामान्यतया आर्थिक वर्ष २०८२/०८३ को बीचमा यस ऐनका अनुसूचीमा उल्लेखित करका दरहरु संशोधन गर्न सकिनेछैन । तर नगरसभाले यस ऐनका अनुसूचीमा छुटेका करको दायरा समावेश गर्न बाधा पर्नेछैन ।

अनुसूची (१.१)

दफा (२) संग सम्बन्धीत

## सम्पत्ति कर

आ.ब. २०८२/०८३ का लागी सम्पत्ति कर तथा भूमि कर (मालपोत) प्रयोजनको लागी जग्गाको मुल्यांकन दर प्रति कट्ठा देहाय बमोजिम कायम गरिएको छ ।

साविक महेन्द्रकोट गाविस हाल बुद्धभूमी न.पा. वडा नं १

| क.स | जग्गाको क्षेत्रहरु र विवरण | न्यूनतम मूल्यांकन | मूल्यांकन रकम अक्षरमा | २०८२/०८३ |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | गोरुसिङ्गे सन्धिखर्क सडकका दायाँबायाँका जग्गा | १२०००००| बाह्र लाख | २४० |
| २ | कालोपत्रे सडक टिक्कर बुट्टी | १०००००० | दश लाख | २०० |
| ३ | अन्य कालोपत्रे सडकसंग जोडिएका जग्गाहरु | ७००००० | सात लाख | १४० |
| ४ | पथ्थरकोट बजार क्षेत्र का जग्गाहरु | ६००००० | छ लाख | १२० |
| ५ | ग्राभेल सडकसंग जोडिएका जग्गाहरु | ३५०००० | तीन लाख पचास हजार | ७० |
| ६ | कच्चीसडकमा पर्ने जग्गाहरु | २००००० | दुई लाख | ४० |
| ७ | चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु | १७५००० | एक लाख पचहत्तर हजार | ३५ |
| ८ | खेतियोग्य जग्गाहरु | १५०००० | एक लाख पचास हजार | ३० |

सविक जयनगर गाविस हाल बुद्धभूमी न.पा. वडा नं २

| | | | | |
|---|---|---|---|---|
| १ | राजमार्गसंग जोडिएका जग्गाहरु ("क" र "ख" श्रेणीका घडेरीहरु, गोरुसिंगे क्षेत्र (५क) समेत) | २५००००० | पच्चीस लाख | ५०० |
| २ | राजमार्गसंग जोडिएका जग्गाहरु (बडहरा क्षेत्र (९क)) | १२००००० | बाह्र लाख | २४० |
| ३ | अन्य भित्रि कालोपत्रेव वा पिसिसि सडकसंग जोडिएका जग्गाहरु / पुरेना, गोरुसिङ्गे, बकडरिया सडकसँग जोडिएका जग्गाहरु, "ग" श्रेणी का घडेरीहरु समेत | १०००००० | दश लाख | २०० |
| ४ | पुरानो राजमार्गसँग जोडिएका जग्गाहरु | ५००००० | पाँच लाख | १०० |
| ५ | ग्रावेल सडक सँग जोडिएका जग्गाहरु | ३५०००० | तीन लाख पचास हजार | ७० |
| ६ | कच्ची सडकमा पर्ने जग्गाहरु | ३००००० | तीन लाख | ६० |
| ७ | चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु | १७५००० | एक लाख पचहत्तर हजार | ३५ |
| ८ | खेतीयोग्य जग्गाहरू | १५०००० | एक लाख पचास हजार | ३० |

साविक दुविया गाविस हाल बुद्धभूमी न.पा. वडा नं ३

| | | | | |
|---|---|---|---|---|
| १ | बुड्ढी-टिक्कर कालोपत्रे सडकसंग जोडिएका जग्गाहरू | १०००००० | दश लाख | २०० |
| २ | बुड्ढी-महुवावारी सडक | ८००००० | आठ लाख | १६० |
| ३ | अन्य कालोपत्रे सडकसंग जोडिएका जग्गाहरु | ७००००० | सात लाख | १४० |
| ४ | अन्य ग्राभेल सडकसंग जोडिएका जग्गाहरु | ३००००० | तीन लाख | ६० |
| ५ | कच्ची बाटोसंग जोडिएका जग्गाहरु | २००००० | दुई लाख | ४० |
| ६ | चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु | १७५००० | एक लाख पचहत्तर हजार | ३५ |
| ७ | खेतीयोग्य जग्गाहरू | १००००० | एक लाख | २० |

## साविक बुड्ढी गाविस हाल बुद्धभूमी न.पा. वडा नं ४

| | | | | |
|---|---|---|---|---|
| १ | बुड्ढी बिजगौरी सडकसंग जोडिएका जग्गाहरु | १०००००० | दश लाख | २०० |
| २ | अन्य भित्री कालोपत्रे सडकसंग जोडिएका जग्गाहरु | ५००००० | पाँच लाख | १०० |
| ३ | भित्री ग्राभेल सडकहरुसंग जोडिएका जग्गाहरु | २५०००० | दुईलाख पचास हजार | ५० |
| ४ | कच्ची सडक सँग जोडिएका जग्गाहरु | २००००० | दुई लाख | ४० |
| ५ | चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु | १७५००० | एक लाख पचहत्तर हजार | ३५ |
| ६ | खेतीयोग्य जग्गाहरु | १५०००० | एक लाख पचास हजार | ३० |

## साविक राजपुर गाविस हाल बुद्धभूमी न.पा. वडा नं ५

| | | | | |
|---|---|---|---|---|
| १ | बुड्ढी-प्रेमनगर-विजगौरी सडकसंग जोडिएका जग्गाहरु | ८००००० | आठ लाख | १६० |
| २ | प्रेमनगर, पक्रेहटी,अलिनगर कालोपत्रे सडकसँग जोडिएका जग्गाहरु | ६५०००० | छ लाख पचास हजार | १३० |
| ३ | नयाँबस्ती चोकदेखि पुर्ववडा कार्यालय जाने कालोपत्रे सडकसँग जोडिएका जग्गाहरु | ६५०००० | छ लाख पचास हजार | १३० |
| ४ | नयाँबस्ती चोकदेखि दक्षिण पश्चिम जाने कालोपत्रे सडकसँग जोडिएका जग्गाहरु | ६५०००० | छ लाख पचास हजार | १३० |

| | | | | |
|---|---|---|---|---|
| ५ | वडा कार्यालय देखि उत्तर भैरमपुर जाने कालोपत्रे सडकसँग जोडिएका जग्गाहरु | ६५०००० | छ लाख पचास हजार | १३० |
| ६ | अन्य गाऊ भित्रको कालोपत्र संग जोडिएको जग्गाहरु | ५००००० | पाँच लाख | १०० |
| ७ | बुड्डी-विजगौरी सडकसंग जोडिएका पिसिसि सडक सँग जोडिएका जग्गाहरु | ४००००० | चार लाख | ८० |
| ८ | वडा भित्रका गाऊँको पिसिसि सडक सँग जोडिए जग्गाहरु | ३००००० | तिन लाख | ६० |
| ९ | वडा कार्यालयदेखि पूर्व दक्षिण दरखास्वा | २५०००० | दुई लाख पचास हजार | ५० |
| १० | ग्राभेल बाटोसंग जोडिएका जग्गाहरु | २००००० | दुई लाख | ४० |
| ११ | कच्ची बाटोसँग जोडिएको जग्गा | १५०००० | एक लाख पचास हजार | ३० |
| १२ | खेतीयोग्य जग्गाहरू | १००००० | एक लाख | २० |

साविक महुवा गाविस हाल बुद्धभूमी न.पा. वडा नं ६

| | | | | |
|---|---|---|---|---|
| १ | बिजगौरी महाराजगंज सडकसंग जोडिएका जग्गाहरु | ४००००० | चार लाख | ८० |
| २ | हरदासडिहवा-महुवा सडकसंग जोडिएका जग्गाहरु | ३००००० | तीन लाख | ६० |
| ३ | धनकौली-झोलुगे सडकसंग जोडिएका जग्गाहरु | २५०००० | दुईलाख पचास हजार | ५० |
| ४ | पि.सि.सी.संग जोडिएका जग्गाहरु | २००००० | दुई लाख | ४० |
| ५ | ग्राभेल सडकसंग जोडिएका जग्गाहरु | १७५००० | एकलाख पचहत्तर हजार | ३५ |
| ६ | चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु | १५०००० | एक लाख पचहत्तर हजार | ३० |
| ७ | खेतीयोग्य जग्गाहरू | १००००० | एकलाख | २० |

साविक मानपुर गाविस हाल बुद्धभूमी न.पा. वडा नं ७

| | | | | |
|---|---|---|---|---|
| १ | खैरेन्द्रपुर-महाराजगंज सडक | १०००००० | दश लाख | २०० |
| २ | तकिया-मानपुर-डेरवा सडक | ७००००० | सात लाख | १४० |

| | | | | |
|---|---|---|---|---|
| ३ | ग्राभेल सडकसंग जोडिएका जग्गाहरु | २००००० | दुई लाख | ४० |
| ४ | कच्ची सडकसंग जोडिएका जग्गाहरु | १५०००० | एकलाख पचास हजार | ३० |
| ५ | खेतीयोग्य जग्गाहरु | १००००० | एक लाख | २० |

## साविक हरिहरपुर गाविस हाल बुद्धभूमी न.पा. वडा नं ८

| | | | | |
|---|---|---|---|---|
| १ | डुमरा-हर्दौना पक्की सडकको दायाँबायाँ जोडिएका जग्गाहरु | ९००००० | नौ लाख | १८० |
| २ | कालोपत्रे सडक सँग जोडिएका जग्गाहरु (सैरहनिया देखि परसुरामपुर सडकको हरिहरपुरगाउँ दायाँवायाँका जग्गाहरु, हरिहरपुर पश्चिम डिहदेखि पचिगवा सडकमा पर्ने जग्गाहरु, हरिहरपुर पूर्व डिहदेखि मा.वि. निमडाँडाँ सडकको दायाँवायाँका जग्गाहरु) | ५००००० | पाँच लाख | १०० |
| ३ | ग्राभेल सडकसंग जोडिएका जग्गाहरु | २००००० | दुई लाख | ४० |
| ४ | चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु | १७५००० | एक लाख पचहत्तर हजार | ३५ |
| ५ | खेतीयोग्य जग्गाहरू | १००००० | एक लाख | २० |
| ६ | बगर र नदि कटान क्षेत्रहरु | १००००० | एक लाख | २० |

## साविक वरकुलपुर गाविस हाल बुद्धभूमी न.पा. वडा नं ९

| क्र.स | जग्गाको क्षेत्रहरु र विवरण | न्यूनतम मूल्यांकन | मूल्यांकन रकम अक्षरमा | २०८२/०८३ |
|---|---|---|---|---|
| १ | राजमार्गसंग जोडिएका ("क" तथा "ख" श्रेणीका) जग्गाहरु | २५००००० | पच्चीस लाख | ५०० |
| २ | राजमार्गसंग जोडिएका जग्गाहरु (चौवन्न देखी पश्चिम सिमाना सम्म) | १५००००० | पन्ध्र लाख | ३०० |
| ३ | राजमार्ग देखि २०० मिटर भित्र रहेका कालोपत्रे वा पिसिसि सडकसंग जोडिएका जग्गाहरु | १५००००० | पन्ध्र लाख | ३०० |
| ४ | डुमरा महाराजगंज सडकसंग सातबास सम्म जोडिएका जग्गाहरु | १५००००० | पन्ध्र लाख | ३०० |
| ५ | बस्ती विकासबाट वितरीत "ग" श्रेणीका घडेरीहरु | १०००००० | दश लाख | २०० |

| | | | | |
|---|---|---|---|---|
| ६ | ईमिलिया देखि भरिया सडक सँग जोडिएका जग्गाहरु | १०००००० | दश लाख | २०० |
| ७ | डुमरा महाराजगंज सडकसंग सातबास देखि वडा नं.९को सिमाना सम्मा जोडिएका जग्गाहरु | ९००००० | नौ लाख | १८० |
| ८ | राजमार्ग देखि ५०० मिटर भित्र रहेका ग्राभेल भित्री सडकसंग जोडिएका जग्गाहरु | ७००००० | सात लाख | १४० |
| ९ | राजमार्ग देखि २०० देखि ७०० मिटर भित्र रहेका कालोपत्रे वा पिसिसि सडकसंग जोडिएका जग्गाहरु | ८००००० | आठ लाख | १६० |
| १० | राजमार्ग देखि ७०० मिटर भन्दा टाढा रहेका कालोपत्रे वा पिसिसि सडकसंग जोडिएका जग्गाहरु | ४००००० | चार लाख | ८० |
| ११ | राजमार्ग देखि ५०० मिटर भन्दा टाढा रहेका ग्राभेल भित्री सडकसंग जोडिएका जग्गाहरु | ४००००० | चार लाख | ८० |
| १२ | भरिया देखि अमवा, डुम्री, सूर्यपूरा सडक सँग जोडिएका जग्गाहरु | ५००००० | पाँच लाख | १०० |
| १३ | बस्ती विकासबाट वितरीत "घ" श्रेणीका घडेरीहरु | ५००००० | पाँच लाख | १०० |
| १४ | कच्ची सडकसंग जोडिएका राजमार्गको ५०० मी भित्र | ३००००० | तीन लाख | ६० |
| १५ | ग्राभेल सडकसंग जोडिएका जग्गाहरु (बैदलहवा, मैनहवा, गब्दहवा, धमौली, चमरसठ, अस्नरा, तीनघेरवा) | २००००० | दुई लाख | ४० |
| १५ | कच्चीसडकसंग जोडिएका राजमार्गको ५०० मी भन्दा टाढा | २००००० | दुई लाख | ४० |
| १६ | खेतीयोग्य जग्गाहरु राजमार्गभन्दा ५०० मी भित्र | २००००० | दुई लाख | ४० |
| १७ | चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु | १७५००० | एक लाख पचहत्तर हजार | ३५ |
| १८ | खेतीयोग्य जग्गाहरु राजमार्गभन्दा ५०० मी भन्दा टाढा | १००००० | एक लाख | २० |
| १९ | बगर र नदी कटान क्षेत्रहरु | १००००० | एक लाख | २० |

## साविक धनकौली गाविस हाल बुद्धभूमी न.पा. वडा नं १०

| क.स | जग्गाको क्षेत्रहरु र विवरण | न्यूनतम मूल्यांकन | मूल्यांकन रकम अक्षरमा | २०८२/०८३ |
|---|---|---|---|---|
| १ | बुद्दी बिजगौरी सडक पक्की सडक | ६००००० | छ लाख | १२० |

| | | | | |
|---|---|---|---|---|
| २ | रामघाट गोरुसिंगे पक्की सडकसँग जोडिएका सडक | ५००००० | पाँच लाख | १०० |
| ३ | विजगौरी हरदासडिहवा पक्की सडकसँग जोडिएका सडक | ५००००० | पाँच लाख | १०० |
| ४ | अलिनगर चेतरादेही पक्की सडक सँग जोडिएका सडकहरू | ४००००० | चार लाख | ८० |
| ५ | चेतरादेही धनकौली कोहडौलिहवा पक्क सडक सँग जोडिएको सडकहरू | ४००००० | चार लाख | ८० |
| ६ | चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु | २००००० | दुई लाख | ४० |
| ७ | विजगौरी गगनी जाने ग्रेभल सडक सँग जोडिएको जग्गाहरू | २००००० | दुई लाख | ४० |
| ८ | विभिन्न ग्रेभल सडक सँग जोडिएको जग्गाहरू | १५०००० | एकलाख पचास हजार | ३० |
| ९ | विभिन्न कच्ची सडक सँग जोडिएको जग्गाहरू | १२५००० | एकलाख पच्चीस हजार | २५ |
| १० | खेतीयोग्य जग्गाहरू | १००००० | एकलाख | २० |

अनुसूची (१.२)

दफा (२) सँग सम्बन्धित

आ.व. २०८२/०८३ का लागि सम्पत्ति कर प्रयोजनका लागि घर/संरचनाको न्यूनतम मूल्यांकन देहाय बमोजिम गरिनेछ ।

| क्र.स. | संरचनाको किसिम | मूल्यांकन रकम प्रति वर्गफुट | मूल्यांकन रकम प्रति वर्गफुट |
|---|---|---|---|
| १ | आर.सि.सि. व्यावसायिक घर २०७४ साल भन्दा पछि बनेको भएमा | २००० | २००० |
| २ | आर.सि.सि. व्यावसायिक घर २०७४ साल भन्दा पहिले बनेको भएमा | १८०० | १८०० |
| ३ | आर.सि.सि. आवासीय घर २०७४ साल भन्दा पछि बनेको भएमा | १८०० | १८०० |

| | | | |
|---|---|---|---|
| ४ | आर.सि.सि. आवासीय घर २०७४ साल भन्दा पहिले बनेको भएमा | १६०० | १६०० |
| ५ | लोड बियरिङ भवन आवासीय/व्यावसायिक | ८०० | ८०० |
| ६ | आर.सि.सि. विद्यालय, संघसंस्था, अस्पताल आदी | २००० | २००० |
| ७ | पिलर (आर.सि.सि. र स्टील) भएको ट्रस | १००० | १००० |
| ८ | स्टिल फ्रेम स्टक्चर भएका ठुला भवन, कारखाना तथा भवन ऐन बमोजिम (क) बर्गका संरचना | १८०० | १८०० |
| ९ | पिलर नभएको ट्रस | ५०० | ५०० |
| १० | कच्ची घर खरको छाना सहितको घर/ अन्य | ३०० | ३०० |
| ११ | गाईभैंसी, पशुपंछि पालन गर्ने गोठ टहरा/अन्य | २५० | २५० |

अनुसूची (१.३)

दफा (२) सँग सम्बन्धित

आ.व. २०८२/०८३ का लागि सम्पत्तिकर प्रयोजनका लागि प्रत्येक करदाताको जग्गा र जग्गामा बनेको संरचनाको मुल्यांकित रकममा देहाय बमोजिम हुनेगरी करको गणना गरिनेछ ।

| क्र.स. | रु. देखि | रु. सम्म | करको दर | कैफियत |
|---|---|---|---|---|
| १ | ०१ | १० लाख | एकमुष्ठ रु ५०। | (प्रतिशत) कूल मूल्यांकित रकमको एकमुष्ट रुपमा |
| २ | १० लाख १ | २० लाख | ०.०११ | |
| ३ | २० लाख १ | ५० लाख | ०.०१५ | |
| ४ | ५० लाख १ | १ करोड | ०.०२३ | |
| ५ | १ करोड १ | २ करोड | ०.०२७ | |
| ६ | २ करोड १ | ५ करोड | ०.०२९ | |
| ७ | ५ करोड १ | १० करोड | ०.०३१ | |
| ८ | १० करोड १ | २० करोड | ०.०३३ | |
| ९ | २० करोड १ | ४० करोड | ०.०३५ | |
| १० | ४० करोड १ | १ अरब | ०.०४० | |

अनुसूची (२)
दफा (३) संग सम्बन्धीत
भूमिकर/मालपोत (बक्यौता)

| क्र.स | बिवरण | आर्थिक वर्ष २०८२/०८३ |
|---|---|---|
| १ | न्युनतम ५ कठ्ठा सम्मको | ३५. |
| २ | ५ कठ्ठा भन्दा बढि १ बिघा भन्दा कम प्रति कठ्ठा | १०. |
| ३ | १ बिघा भन्दा बढि ३ बिघा भन्दा कम प्रति कठ्ठा | १२. |
| ४ | ३ बिघा भन्दा बढि १० बिघा भन्दा कम प्रति कठ्ठा | १५. |
| ५ | १० बिघा भन्दा माथी प्रति कठ्ठा | १७. |
| ६ | बस्ती बिकास प्रति धुर | ५. |

नोट :- सम्पत्ति कर तथा भूमिकर (मालपोत) नतिरेको हकमा प्रति बर्ष १५% को दरले प्रत्येक वर्षको थप जरीवाना लगाई असुल उपर गरिनेछ । भूमिकर, बक्यौता तथा सो वापत लाग्ने जरिवाना समेत लगाई असुल उपर गरिनेछ । आर्थिक वर्ष २०७४/०७५ भन्दा पहिलेको बाँकी बक्यौता लाई भुमिकर (बक्यौता) को शिर्षकमा माथि उल्लेखित दररेटमा संकलन गरिनेछ ।

अनुसूची (३)
दफा (४) संग सम्बन्धित
बहाल करको दररेट

| क्र. स. | विवरण | संकेत | मेशिनरी साधन | आर्थिक वर्ष २०८२/०८३ |
|---|---|---|---|---|
| ३ | सवारी साधन भाडा दस्तुर | ३.१ | टिप्पर प्रतिदिन (८ घण्टा बराबर) | ३००० |
| | | ३.२ | रोलर प्रतिदिन (८घण्टा बराबर) | १०००० |
| | | ३.३ | ब्याक हो लोडर (जे.सी.भी.) प्रति घण्टा | १००० |
| | | ३.४ | ग्रेडर (प्रतिदिन ८ घण्टा बराबर) | २५००० |
| | | ३.५ | ग्रेडर प्रतिघण्टा | ३५०० |
| | | ३.६ | पानी ट्यांकर (प्रति दिन ८ घण्टा बराबर) | ६००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | प्राविधिक सामान | ३.७ | कोर कटिङ मेशिन प्रति होल | ५०० |
| | | | टोटल स्टेशन प्रति दिन | १५०० |
| | | | लेभल मेशिन प्रति दिन | ७५० |
| | | | क्यूव बक्स १ वटा | २०० |
| | | | सिभ सेट प्रति दिन | १००० |
| | | | वेटिङ ब्यालेन्स | २०० |
| | | | प्राविधिक सामान भाडामा लगेपछि अनिवार्य रुपमा कार्यालयमा फिर्ता गर्न लगाउने दायित्व सम्बन्धित योजनामा नगरपालिकाको तर्फबाट खटिने प्राविधिक कर्मचारीको हुनेछ । | |
| नोट : | १) रोलर, पानी ट्यांकर न्यूनतम आधा दिन तथा ग्रेडर र जेसिभि न्यूनतम २ घण्टा भन्दा कम समयको लागि भाडामा लगाईने छैन । | | | |
| | २) यस कार्यालयबाट भाडामा लाने साधनहरुमा लाग्ने ईन्धन प्राविधिक मूल्यांकन बमोजिम प्रतिघण्टाको दरमा अग्रिम रुपमा कार्यालयमा बुझाएर समेत लैजान सकिनेछ । - रोलर, पानी टयांकर, ग्रेडर र जेसिभी कार्यालयबाट भाडामा लैजानु पूर्व कार्यालयले उक्त साधनमा सुरूको पटकको लागि कार्यालयबाट इन्धन पुरा (full) टंकी भेरर पठाइने छ र अपरेटर/चालकले काम सम्पन्न गरी सकेपछि खर्च भएको इन्धन सम्बन्धित व्यक्ति वा फर्मबाट साधनमा भराइ /अद्यावधिक राख्नुपर्नेछ । नभरेको अवस्थामा स्वयम अपरेटर वा चालकको जिम्मेवारी हुनेछ । | | | अपरेटर भत्ता प्रतिघण्टा रु.१००। र हेल्पर प्रतिघण्टा रु.५०। |
| | ३) यस कार्यालयबाट भाडामा लाग्ने साधनहरूको रु. १५,०००।— सम्मको मर्मत संम्भार खर्च सम्बन्धित व्यक्ति/सघसंस्था फर्मले नै व्यर्होनु पर्नेछ र सो भन्दा माथिको हकमा कार्यालयले मर्मत सम्भार गर्ने र साधन कार्यालबाट लगिसकेपछि काम सम्पन्न हुने बेलासम्मको सम्पूर्ण जिम्मेवारी स्वयम भाडामा लैजानेले व्यर्होनु पर्नेछ । | | | |
| | ४) नगरपालिकाबाट भाडामा लैजाने सवारीको समयको हकमा नगरपालिकाबाट प्रस्थान गर्दादेखि काम सम्पन्न हुन्जेलसम्मको समयको गणना हुनेछ । तोकिएको काम सम्पन्न भएपछि पनि समयमा सवारी कार्यालयमा नल्याएमा अपरेटर जिम्मेवार हुनेछ । | | | |
| | ५) भाडामा लैजाने सवारी साधनको अवस्था ठिक भए/ नभएको एकिन गरेर मात्र कार्यालयबाट सवारी साधन प्रस्थान गर्नु अपरेटरको जिम्मेवारी हुनेछ । सवारी लगिसकेपछि विशेष र आकस्मिक अवस्थामा बाहेक समयमा घटबढ गर्न सकिनेछैन । कार्यालयबाट पूर्व सहमति नलिई/ राजस्व नतिरी थप समय सवारी साधन प्रयोग गरेमा उल्लेखित दरमा थप ५०% बढी शुल्क लाग्ने छ। | | | |

| | |
|---|---|
| | ६) सवारी साधनको उपलब्धताको प्राथमिकता देहाय बमोजिम हुनेछ ।<br>(क) आकस्मिक कार्य (ख) कार्यालयको आफ्नै जिम्मेवारीको काम काज (ग) कार्यालय साझेदार भएको गैर नाफामूलक कार्य (घ) नियमानुसार कार्यालयमा सम्झौता भई उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजना (ङ) नगरपालिका भित्र गैर नाफामूलक संस्थाबाट सञ्चालनमा रहेका योजना (च) नगर क्षेत्र भित्रका अन्य योजना (छ) नगर क्षेत्र भन्दा बाहिरका तर नगरपालिकाका लागि महत्व राख्ने योजना (ज) नगरपालिकाको निर्णय बमोजिमका अन्य योजना |
| सभाहल भाडा रकम | १. नगरपालिकाको ठुलो सभाहल ए.सि. तथा फर्निचर सहितको दैनिक भाडा रकम रु. ७,०००।<br>२. स्रोत केन्द्र भवन ( गौतमबुद्ध मा.वि. को आफ्नै प्रयोजना बाहेक ) दैनिक भाडा रकम रु. ५,००। |

अनुसूची ४
दफा (५) सँग सम्बन्धित
व्यवसाय करको बार्षिक/नवीकरण दररेट

| क्र.स | विवरण | आ.व. २०८२।०८३ को दररेट |
|---|---|---|
| १ | व्यावसायिक वस्तु : (पूँजी लगानीको आधारमा) | |
| १.१ | चुरोट, मदिरा एंव सूर्तिजन्य पसल (थोक एंव खुद्रा बिक्रेता) | |
| | रु ५० लाख भन्दा माथि | ७५०० |
| | रु २० लाखदेखि ५० लाख सम्म | ५५०० |
| | रु ५ लाखदेखि २० लाख सम्म | ४००० |
| | रु ५ लाख सम्म | २५०० |
| १.२ | सुन चाँदी तथा गहना बनाउने पसल (ज्वेलरी) | |
| | रु ३० लाख भन्दा माथि | ८००० |
| | रु २० लाख देखि ३० लाख सम्म | ६००० |
| | रु १० लाख देखि २० लाख सम्म | ४००० |
| | रु १० लाख सम्म | ३००० |
| १.३ | ईलेक्ट्रोनिक्स,मोबाईल,घडी /ईलेक्ट्रीकल पसल | |
| | रु ५० लाख भन्दा माथि | ७५०० |

| | | |
|---|---|---|
| | रु २० लाख देखि ५० लाख सम्म | ३५०० |
| | रु १० लाख देखि २० लाख सम्म | २००० |
| | रु १० लाख सम्म | १५०० |
| १.६ | पेट्रोलियम पदार्थ/बिद्युतिय चार्ज स्टेशन | |
| | रु ५० लाख भन्दा माथि | १०००० |
| | रु २० लाख देखि ५० लाख सम्म | ७५०० |
| | रु २० लाख सम्म | ५००० |
| १.७ | दैनिक उपभोग्य खाद्यान्न/ तरकारी/ फलफूल/ दूध डेरी/ ग्यास पसल समेत | |
| | रू. २० लाख भन्दा माथी | ३५०० |
| | रू. १० लाख देखि २० लाख सम्म | २५०० |
| | रू. ५ लाख देखि १० लाख सम्म | २००० |
| | रू. ५ लाख सम्म | १५०० |
| १.८ | चिया, कफी/ खाजा नास्ता/ मिठाइ/आइसक्रिम/बेकरी केक पाउरोटी पसल आदि | |
| | रू. २० लाख भन्दा माथी | ३००० |
| | रू. १० लाख देखि २० लाख सम्म माथी | २५०० |
| | रू. ५ लाख देखि १० लाख सम्म | २००० |
| | रू. ५ लाख सम्म | १५०० |
| १.९ | कपडा पसल/ रेडिमेड कपडा(फेन्सी) पसल/ कस्मेटिक /जुत्ता चप्पल /ब्याग पसल | |
| | रु २० लाख भन्दा माथि | ५००० |
| | रु १० लाख देखि २० लाख सम्म | ३५०० |
| | रु ५ लाख देखि १० लाख सम्म | २००० |
| | रु ५ लाख सम्म | १५०० |
| १.१० | सवारी साधन बिक्रेता | |

| | | |
|---|---|---|
| | हेभी ट्रक टिपर बस समेत | २०००० |
| | मिनि बस, मिनि ट्रक | १५००० |
| | ट्याक्टर | १०००० |
| | हलुका सवारी साधन | ७००० |
| | दुर्इ पाँङग्रे सवारी साधन इन्जिन जडित | ५००० |
| १.११ | व्यवसायीले कुनै पनि सामानको डिलर राखी बिक्री वितरण र कुनै समानको थोक पसल राखेमा | |
| | रु ५ करोड भन्दा माथि | २०००० |
| | रु १ करोड देखि ५ करोड सम्म | १५००० |
| | रु ५० लाख देखि १ करोड सम्म | १०००० |
| | रु २० लाख देखि ५० लाख सम्म | ७०००० |
| | रु १० लाख देखि २० लाख सम्म | ५००० |
| | रु १० लाख सम्म | ३००० |
| १.१२ | स्टेशनरी/ टाइबेल्ट स्कुलड्रेस/ गिफ्ट तथा खेलौना पसल | |
| | रु ५० लाख भन्दा माथि | ७५०० |
| | रु २० लाख देखि ५० लाख सम्म | ५५०० |
| | रु १० लाख देखि २० लाख सम्म | ३५०० |
| | रु ५ लाख देखि १० लाख सम्म | २५०० |
| | रु ५ लाख सम्म | १५०० |
| १.१३ | टेण्ट हाउस/ सटरिङ का समान/ ब्लक रिंग/ सेनेटरी जस्ता सेवामूलक कारोवार | |
| | रु ५० लाख देखि १ करोड सम्म | ७५०० |
| | रु २० लाख देखि ५० लाख सम्म | ५५०० |
| | रु १० लाख देखि २० लाख सम्म | ४५०० |
| | रु ५ लाख देखि १० लाख सम्म | २५०० |
| | रु ५ लाख सम्म | १५०० |

| | | |
|---|---|---|
| १.१४ | मासु पसल | |
| | रु. ५ लाख भन्दा माथि | ४००० |
| | रु. ३ लाख देखि ५ लाख सम्म | ३००० |
| | रु ३ लाख सम्म | १५०० |
| १.१५ | हेयर कटिंङ/ व्युटी पार्लर/ श्रृगार पसल/ मसाज पार्लर/ ड्राइ क्लिनर्स/टेलरिंङ । | |
| | रु १५ लाख भन्दा माथि | ५५०० |
| | रु १० लाख देखि १५ लाख सम्म | ३५०० |
| | रु ५ लाख देखि १० लाख सम्म | २५०० |
| | रु ५ लाख सम्म | १५०० |
| २ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा | |
| २.१ | स्वास्थ्य सेवा (अस्पताल, नर्सिङ होम, क्लिनिक, फिजियोथेरापि, औषधि पसल, प्रयोगशाला, आँखा उपचार केन्द्र/चस्मा पसल, पोलिक्लिनिक, डाईग्नोष्टिक सेन्टर, आयुर्वेदिक/प्राकृतिक चिकित्सा, होमियोप्याथी) | |
| | रु ५ करोड भन्दा माथि | २०००० |
| | रु ३ करोड देखि ५ करोड सम्म | १५००० |
| | रु १ करोड देखि ३ करोड सम्म | १२००० |
| | रु ५० लाख देखि १ करोड सम्म | ७५०० |
| | रु २० लाख देखि ५० लाख सम्म | ५५०० |
| | रु १० लाख देखि २० लाख सम्म | ३५०० |
| | रु ५ लाख देखि १० लाख सम्म | २५०० |
| | रु ५ लाख सम्म | १५०० |
| २.२ | कानुन व्यवसायी | |
| | ल फर्म | २५०० |
| | लेखापढी सेन्टर | १५०० |

| | | |
|---|---|---|
| २.३ | ईन्जिनियर सेवा/ कन्सलटेन्सी | |
| | १० लाख देखि माथि | ९००० |
| | ५ देखि १० लाख सम्म | ७५०० |
| | ५ लाख सम्म | ५००० |
| २.४ | लेखापरीक्षण | |
| | सि.ए. | ५००० |
| | लेखा परिक्षक क वर्ग | ४००० |
| | लेखा परिक्षक ख वर्ग | ३००० |
| | लेखा परिक्षक ग वर्ग | २००० |
| | लेखा परिक्षक घ वर्ग | १५०० |
| २.५ | फ्लेक्स बोर्ड लगायत अन्य वोर्ड निमार्ण सम्बन्धी व्यवसायी | |
| | रु २० लाख भन्दा माथि | ६००० |
| | रु १० लाख देखि २० लाख सम्म | ४५०० |
| | रु ५ लाख देखि १० लाख सम्म | ३५०० |
| | रु ५ लाख सम्म | १५०० |
| ३. | घ वर्ग निर्माण व्यवसाय/विविध व्यवसाय | |
| | निर्माण व्यवसायी घ वर्ग ईजाजत पत्र दस्तुर | २५००० |
| | निर्माण व्यवसायी घ वर्ग प्रतिलिपि | ५०० |
| | निर्माण व्यवसायी घ वर्ग ठाँउ सारी सम्बन्धित प्रदेश | ५००० |
| | निर्माण व्यवसायी घ वर्ग ठाँउ सारी अन्तर प्रदेश | १०००० |
| | निर्माण व्यवसायी घ वर्ग नामसारी एकाघरको हकमा | २००० |
| | निर्माण व्यवासायी घ वर्ग नामसारी एकाघर बाहेकको हकमा | १०००० |
| | निर्माण व्यवसायी घ वर्ग नविकरण | ५००० |
| | घ वर्ग इजाजत पत्र नवीकरण कार्तिकदेखि पौष सम्म ५०% जरिवाना | |
| | घ वर्ग इजाजत पत्र नवीकरण माघदेखि चैत्र सम्म १००% जरिवाना | |

| | | |
|---|---|---|
| | बिमा अभिकर्ता /अधिकर्ता, पेन्टर, सर्भेयर,अनुवादक | १५०० |
| | शेयर एजेन्ट | ५००० |
| | विद्युतीय वायरिङ, प्लम्बरिङ्ग | १५०० |
| ४ | उत्पादनमूलक उद्योग | |
| ४.१ | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गरइ रहेको माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने गलैंचा, गार्मेट र तयारी पोशाक, ग्रील, आल्मुनियम, मेटल वर्कस, व्लक रिङ, फाराइवर फिक्चर आदि उद्योग व्यवसायमा | |
| | रु १० करोड भन्दा माथि | १७००० |
| | रु ५ करोड देखि १० करोड सम्म | १५००० |
| | रु ३ करोड देखि ५ करोड सम्म | १२००० |
| | रु १ करोड देखि ३ करोड सम्म | १०००० |
| | रु ५० लाख देखि १ करोड सम्म | ८००० |
| | रु २० लाख देखि ५० लाख सम्म | ६००० |
| | रु १० लाख देखि २० लाख सम्म | ४००० |
| | रु ५ लाख देखि १० लाख सम्म | २५०० |
| | रू. ५ लाख सम्म | १५०० |
| ४.२ | खाद्य उद्योगहरु | |
| | रु ५ करोड भन्दा माथि | १५००० |
| | रु ३ करोडदेखि ५ करोड भन्दा माथि | १०००० |
| | रु १ करोड देखि ३ करोड सम्म | ८००० |
| | रु ५० लाख देखि १ करोड सम्म | ६००० |
| | रु २० लाख देखि ५० लाख सम्म | ४००० |
| | रु २० लाख सम्म | ३००० |
| ४.३ | स्थानीय स्तरमा उत्पादित बस्तुको खरिद, संकलन, संचय केन्द्रको स्थापना | ५००० |

| | | |
|---|---|---|
| ५ | प्राकृतिक स्रोत र साधन उपयोग गर्ने उद्योग | |
| ५.१ | क्रसर, खनिज, अन्य उर्जामूलक उद्योग | |
| | रु ५ करोड भन्दा माथि | २५००० |
| | रु १ करोड देखि ५ करोड सम्म | २०००० |
| | रु ५० लाख देखि १ करोड सम्म | १५००० |
| | रु २० लाख देखि ५० लाख सम्म | १०००० |
| | रु २० लाख सम्म | ८००० |
| ५.२ | रइट्टा भट्टा उद्योग | ५०००० |
| ६ | कृषिसंग सम्बन्धित व्यवसाय (फूल विरुवा बिक्री, नर्सरी संचालन, तरकारी खेति आदि) | |
| | रु ५ करोड भन्दा माथि | ७५०० |
| | रु १ करोड देखि ५ करोड सम्म | ५५०० |
| | रु ५० लाख देखि १ करोड सम्म | ४००० |
| | रु २० लाख देखि ५० लाख सम्म | ३००० |
| | रु १० लाख देखि २० लाख सम्म | २५०० |
| | रु ५ लाख देखि १० लाख सम्म | २००० |
| | रु ५ लाख सम्म | १५०० |
| ७ | बन पैदावारमा आधारित उद्योग व्यवासाय, काठ चिरान, सःमिल, प्लाइउड उद्योग, बेत, बाँस काठका सामान निर्माण वा फर्निचर उत्पादन/बिक्रि, फर्निचर शोरुम काठमा कलात्मक बुट्टा कुद्रे, हस्तकला, कार्पेट/फर्निसिङ आदि | |
| | रु ५ करोड भन्दा माथि | १२००० |
| | रु १ करोड देखि ५ करोड सम्म | ९००० |
| | रु ५० लाख देखि १ करोड सम्म | ७५०० |
| | रु २० लाख देखि ५० लाख सम्म | ५५०० |
| | रु १० लाख देखि २० लाख सम्म | ३५०० |

| | | |
|---|---|---|
| | रु ५ लाख देखि १० लाख सम्म | २००० |
| | रु ५ लाख सम्म | १५०० |
| ८ | मिलहरु ( तेल, चिउरा, मसला), कुटानी पिसानी मिल, घुम्ती मिल आदि | |
| | रु ५० लाख भन्दा माथि | ४५०० |
| | रु २० लाख देखि ५० लाख सम्म | ३५०० |
| | रु १० लाख देखि २० लाख सम्म | २५०० |
| | रु ५ लाख देखि १० लाख सम्म | २००० |
| | रु ५ लाख सम्म | १५०० |
| ९ | कृषि/पशुपालन फार्म/एग्रोभेट | |
| | रु ५ करोड भन्दा माथि | ४५०० |
| | रु १ करोड देखि ५ करोड सम्म | ४००० |
| | रु ५० लाख देखि १ करोड सम्म | ३५०० |
| | रु २० लाख देखि ५० लाख सम्म | ३००० |
| | रु १० लाख देखि २० लाख सम्म | २५०० |
| | रु ५ लाख देखि १० लाख सम्म | २००० |
| | रू. ५ लाख सम्म | १५०० |
| १० | दाना तथा पशु आहार उत्पादन/बिक्री | |
| | रु १ करोड भन्दा माथि | ८००० |
| | रु ५० लाख देखि १ करोड सम्म | ६००० |
| | रु २० लाख देखि ५० लाख सम्म | ४००० |
| | रु १० लाख देखि २० लाख सम्म | ३००० |
| | रु ५ लाख १० लाख सम्म | २००० |
| | रु ५ लाख सम्म | १५०० |
| ११ | होटल एण्ड लज/ रेष्टुरेन्ट/ स्विमिङ पुल,/ फन पार्क/ जिम हाउस/ पुल स्नुकर / स्केटिङ्ग जस्ता ब्यवसायहरु आदि | |

| | | |
|---|---|---|
| | रु १० करोड भन्दा माथि | २०००० |
| | रु ५ करोड देखि १० करोड सम्म | १७००० |
| | रु २ करोड देखि ५ करोड सम्म | १३००० |
| | रु १ करोड देखि २ करोड सम्म | १०००० |
| | रु ५० लाख देखि १ करोड सम्म | ७५०० |
| | रु २० लाख देखि ५० लाख सम्म | ५५०० |
| | रु १० लाख देखि २० लाख सम्म | ३५०० |
| | रु ५ लाख देखि १० लाख सम्म | २५०० |
| | रु ५ लाख सम्म | १५०० |
| १२ | टुर/ट्राभल एजेन्सी (प्लेन टिकट, रेलयात्रा बुकिंङ, होटल बुकिंङ आदि ) | |
| | रु ५० लाख देखि माथि | ७५०० |
| | रु २० लाख देखि ५० लाख सम्म | ५००० |
| | रु १० लाख देखि २० लाख सम्म | ३५०० |
| | रु ५ लाख देखि १० लाख सम्म | २००० |
| | रु ५ लाख सम्म | १५०० |
| १३ | सेवा उद्योगः (छापाखाना, चलचित्र व्यवसाय, फोटोग्राफि/फोटो स्टुडियो, प्रिन्टिङ प्रेस/अफसेट प्रेस, कलर ल्याव/प्रयोगशाला, शित भण्डार (कोल्ड स्टोर), दुधजन्य लगायतका अन्य उद्योग व्यवसायमा) | |
| | रु १० करोड भन्दा माथि | १५००० |
| | रु ५ करोड देखि १० करोड सम्म | १०००० |
| | रु १ करोड देखि ५ करोड सम्म | ७५०० |
| | रु ५० लाख देखि १ करोड सम्म | ५५०० |
| | रु २० लाख देखि ५० लाख सम्म | ४५०० |
| | रु १० लाख देखि २० लाख सम्म | ३५०० |
| | रु ५ लाख देखि १० लाख सम्म | २५०० |

| | | |
|---|---|---|
| | रु ५ लाख सम्म | १५०० |
| १४ | व्यापारिक एंव आवास कम्प्लेक्स आदि निर्माण गरि संचालन गर्ने व्यवसाय | |
| | रु ५० करोड देखि माथि | २०००० |
| | रु २० करोड देखि ५० करोड सम्म | १७५०० |
| | रु १० करोड देखि २० करोड सम्म | १५००० |
| | रु ५ करोड देखि १० करोड सम्म | १२५०० |
| | रु १ करोड देखि ५ करोड सम्म | १०००० |
| | रु ५० लाख देखि १ करोड सम्म | ७५०० |
| | रु ५० लाख सम्म | ५००० |
| १५ | पानि प्रशोधन / विक्री वितरण | २५०० |
| १६ | सञ्चार सेवा (टेलिफोन तथा मोबाईल सेवा प्रदायक,एफ.एम., कुरियर, पोस्टल सर्भिस,पत्रपत्रिका छपाई तथा प्रकाशन | |
| | रु २० लाख देखि ५० लाख सम्म | ५००० |
| | रु १० लाख देखि २० लाख सम्म | ३००० |
| | रु ५ लाख देखि १० लाख सम्म | २००० |
| | रु ५ लाख सम्म | १५०० |
| १७ | वित्तिय सस्था : | |
| | क वर्ग वाणिज्य वैंक मुख्य कार्यालय | ५०००० |
| | क वर्ग वाणिज्य वैंक शाखा कार्यालय | २७००० |
| | विकास वैंक मुख्य कार्यालय (ख बर्ग) | ४०००० |
| | विकास वैंक शाखा कार्यालय | २५००० |
| | वित्तिय कम्पनि (लघु वित्त समेत), बिमा कम्पनी (घ बर्ग) | |
| | मुख्य कार्यालय | १५००० |
| | शाखा कार्यालय | १२००० |
| | मनि ट्रान्सफर, रेमिटान्स, विदेशी मुद्रा, सटही काउण्टर | |

| | | |
|---|---|---|
| | मुख्य कार्यालय | ५००० |
| | शाखा कार्यालय | ३००० |
| १८ | सहकारी संस्थाहरु ( कुल चुक्ता पूँजि ) | |
| | रु २५ करोड भन्दा माथि | १२००० |
| | रु १० करोड देखि २५ करोड सम्म | १०००० |
| | रु ५ करोड देखि १० करोड सम्म | ७५०० |
| | रु १ करोड देखि ५ करोड सम्म | ५००० |
| | रु ३० लाख देखि १ करोड सम्म | ४००० |
| | रु ३० लाख सम्म | २५०० |
| १९ | कम्प्यूटर इन्स्टिच्युट, ड्राइभिङ इन्स्टिच्युट, भाषा प्रशिक्षण संस्था, ट्यूसन सेन्टर आदि | |
| | रु १५ लाख भन्दा माथि | ५५०० |
| | रु १० लाख देखि १५ लाख सम्म | ३५०० |
| | रु ५ लाख देखि १० लाख सम्म | २५०० |
| | रु ५ लाख सम्म | १५०० |
| २० | मर्मत सम्भार : हेभी इक्विप्मेन्ट/ बस, कार/मोटरसाइकल/ साइकल मर्मत/ रिसोलिङ/ रिकण्डीसन/ सर्भिसिङ आदि | |
| | रु २० लाख भन्दा माथि हेभी इक्विप्मेन्ट | ६००० |
| | रु २० लाख भन्दा माथि ४ पांग्रे | ४५०० |
| | रु १० लाख देखि २० लाख सम्म | ३००० |
| | रु ५ लाख देखि १० लाख सम्म | २००० |
| | रु ५ लाख सम्म | १५०० |
| २१ | ईलेक्ट्रोनिक्स/मोबाईलस / ईलेक्ट्रीकल मर्मत पसल(केन्द्र) | |
| | रु २० लाख भन्दा माथि | ३५०० |
| | रु १० लाख देखि २० लाख सम्म | ३००० |
| | रु ५ लाख देखि १० लाख सम्म | २००० |

| | | |
|---|---|---|
| | रु ५ लाख सम्म | १५०० |
| २२ | वैदेशिक रोजगार सेवा र हाउजिङ कम्पनी तथा खरिद विक्री (रियल स्टेट) | |
| | रु १ करोड भन्दा माथि | १०००० |
| | रु ५० लाख देखि १ करोड सम्म | ७५०० |
| | रु २० लाख देखि ५० लाख सम्म | ५००० |
| | रु १० लाख देखि २० लाख सम्म | ४००० |
| | रु ५ लाख देखि १० लाख सम्म | ३००० |
| | रु ५ लाख सम्म | २००० |
| २३ | निर्माण सामाग्री/ हार्डवेयर/ मार्वल/ टायल/सेनेटरी/ रंग आदिको पसल | |
| | रु १ करोड भन्दा माथि | ७५०० |
| | रु ५० लाख देखि १ करोड सम्म | ५५०० |
| | रु २० लाख देखि ५० लाख सम्म | ४५०० |
| | रु १० लाख देखि २० लाख सम्म | ३५०० |
| | रु ५ लाख देखि १० लाख सम्म | २००० |
| | रु ५ लाख सम्म | १५०० |
| २४ | भाडा वर्तन / प्लाष्टिक जन्य खुद्रा पसल | |
| | रु २० लाख भन्दा माथि | ५५०० |
| | रु १० लाख देखि २० लाख सम्म | ४००० |
| | रु ५ लाख देखि १० लाख सम्म | २५०० |
| | रु ५ लाख सम्म | १५०० |
| २५ | कवाडी पसल | ३५०० |
| २६ | अन्य व्यवसाय | |
| | १. निजि पार्क, पिकनिक स्पट आदि | ५००० |
| | २. टुर अपरेटर | ३००० |

| | | |
|---|---|---|
| २७ | पार्टी प्यालेस र रिसोर्टः | |
| | रु १० करोड भन्दा माथि | १२००० |
| | रु ५ करोड देखि १० करोड सम्म | १०००० |
| | रु २ करोड देखि ५ करोड सम्म | ७००० |
| | रु १ करोड देखि २ करोड सम्म | ५००० |
| | रु ५० लाख देखि १ करोड सम्म | ४००० |
| | रु २० लाख देखि ५० लाख सम्म | ३००० |
| | रु १० लाख देखि २० लाख सम्म | २५०० |
| | रु ५ लाख देखि १० लाख सम्म | २००० |
| | रु ५ लाख सम्म | १५०० |
| २८ | क्याटरिङ सेवाः | |
| | रु ५ लाख भन्दा माथि | २५०० |
| | रु ३ लाख देखि ५ लाख सम्म | १५०० |
| २९ | चलचित्र छायाँङ्कन सेवा शुल्कः | |
| | नगरपालिका भित्र चलचित्र छायाँङ्कन शुल्क प्रतिदिन | |
| | नेपालीको | २००० |
| | सार्क मुलुकको | ५००० |
| | अन्य मुलुकको | १०००० |
| ३० | शिक्षा सुधार कोष (व्यवसायिक निजि स्तर) | |
| | बालविकास (नर्सरी, मन्टेश्वरी, एल.के.जी., यु.के.जी.) | २५०० |
| | आधारभूत विद्यालय ( ३ कक्षा सम्म) | ३००० |
| | आधारभूत विद्यालय (५ कक्षा सम्म) | ५००० |
| | आधारभूत विद्यालय (८ कक्षा सम्म) | ८००० |
| | माध्यमिक विद्यालय ( १० कक्षा सम्म) | १०००० |
| | माध्यमिक विद्यालय ( १२ कक्षा सम्म) | १२००० |

| | | |
|---|---|---|
| ३१ | तालिम तथा अनुसन्धान केन्द्र संचालन | |
| | रु ५ करोड भन्दा माथि | १५००० |
| | रु १ करोड देखि ५ करोड सम्म | १०००० |
| | रु ५० लाख देखि १ करोड सम्म | ७५०० |
| | रु २० लाख देखि ५० लाख सम्म | ५००० |
| | रु ५ लाख देखि २० लाख सम्म | २५०० |
| | रु ५ लाख सम्म | १५०० |
| ३२ | ढुवानी सेवा | ३००० |
| ३३. | विविध व्यवसायिक कारोवार (माथि उल्लेख भए भन्दा बाहेकका अन्य उद्योग | |
| | रु ५ करोड भन्दा माथि | ४०००० |
| | रु ३ करोड देखि ५ करोड सम्म | ३०००० |
| | रु १ करोड देखि ३ करोड सम्म | २५००० |
| | रु ५० लाख देखि १ करोड सम्म | २०००० |
| | रु २० लाख देखि ५० लाख सम्म | १५००० |
| | रु १० लाख देखि २० लाख सम्म | १०००० |
| | रु ५ लाख देखि १० लाख सम्म | ७००० |
| | रु ५ लाख सम्म | ५००० |
| ३४. | विविध व्यवसायिक कारोवार (माथि उल्लेख भए भन्दा बाहेकका अन्य व्यवसायहरु) | |
| | रु ५ करोड भन्दा माथि | ३०००० |
| | रु ३ करोड देखि ५ करोड सम्म | २५००० |
| | रु १ करोड देखि ३ करोड सम्म | २०००० |
| | रु ५० लाख देखि १ करोड सम्म | १५००० |
| | रु २० लाख देखि ५० लाख सम्म | १०००० |
| | रु १० लाख देखि २० लाख सम्म | ५००० |

| | | |
|---|---|---|
| | रु ५ लाख देखि १० लाख सम्म | ३००० |
| | रु ५ लाख सम्म | २००० |

नोटः-

- नयाँ व्यवसाय दर्ता गर्दा तपशिल बमोजिमको दर्ता शुल्क लगाईनेछ ।
  क) ५ लाख सम्म लगानी भएको रु.५००।
- एक भन्दा बढी प्रकृतिका व्यवसाय गरेमा जोडेर राजश्व संकलन गरिनेछ ।
- कारोबारको आधारमा प्रकृति अनुसार फरक- फरक स्थानमा फरक - फरक कारोबार गर्न प्रोत्साहित गरिनेछ ।
- व्यावसाय कर नतिरेको हकमा प्रति वर्ष १५ % को दरले थप जरिवाना लगाई असुल उपर गरिनेछ ।
- व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी रू. ५००।-
- 'घ' वर्गको इजाजत पत्रको प्रतिलिपी रू. ५००।-

अनुसूची (५)

दफा (६) सँग सम्बन्धीत

जडीबुटी, कवाडी, नदीजन्य प्रसोधित र जीबजन्तु निकासी करको दररेट

| क्र.स. | बिवरण | | बिस्तृत बिवरण | (१०% बृद्धि) आर्थिक वर्ष २०८२/०८३ |
|---|---|---|---|---|
| १ | जडीबुटी, कवाडी तथा जीबजन्तु | १.१ | प्रशोधित नदिजन्य पदार्थ निकासी हुने मालबस्तु | १.९२ |
| | | १.२ | अप्रशोधित नदिजन्य पदार्थ निकासी हुने मालवस्तु | १,१० |
| | | १.३ | खाली सिसि (बियर बोतलको) प्रति बोटल | १,१० |
| | | १.४ | खाली सि.सि. मदिरजन्य प्रति बोटल | ०.८२ |
| | | १.५ | प्लाष्टिक (बोटल, भाडाकुँडा, पुराना जुत्ता चप्पल र जर्किन आदि) प्रति के.जी. | १.६५ |
| | | १.६ | तेलको टिन १० लि.भन्दा बढी अट्ने प्रति गोटा | २.७५ |
| | | १.७ | तेलको टिन १० लि.भन्दा कम अट्ने प्रति गोटा | २,२० |
| | | १.८ | थोत्रो टिन / पुरानो ड्रम प्रति के.जी. | १.६५ |
| | | १.९ | अखवार न्यूजप्रिन्ट/अन्य कागज, कार्टुन | १.९२ |

| | | | | |
|---|---|---|---|---|
| | | १.१० | पत्रुभई काम नलाग्ने धातुका टुक्राहरु फलाम प्रति के.जी. | २.७५ |
| | | १.११ | अन्य धातु पितल, तामा आदि प्रति के.जी. | ८,८० |
| | | १.१२ | पोलिथिन पाईपका टुक्राहरु प्रति के.जी. | १.६५ |
| | | १.१३ | सिसा लिडको धुलो वा टुक्राहरु प्रति के.जी. | ५,५० |
| | | १.१४ | टायर ट्यूव प्रति के.जी. | २.७५ |
| | | १.१५ | जलेको मोविल प्रति लिटर | २.७५ |
| | | १.१६ | पुरानो ब्याट्री प्रति के.जी. | ८,८० |
| | | १.१७ | तोरीको पिना/ब्रान प्रति क्विन्टल | १.६५ |
| | | प्रचलित कानूनले निषेध गरेको बाहेकका मृत जीवजन्य वस्तु | | |
| | | १.१८ | हाड, खुर, सिङ प्रति केजि | २,२० |
| | | १.१९ | छाला ठुलो गोरु / भैँसी / राँगा / प्रतिगोटा | ११ |
| | | १.२० | छाला सानो खसि / पाडा / बाखा / बोका प्रतिगोटा | ७,७० |
| अन्य उत्पादन (नगरमा उत्पादन भै नगर बाहिर निकासी हुने ) | | १.२१ | बनकस ( खर, बाबियो, छ्वाली, पराल, धानको भुस, बगास, अम्रिसो, कुचो, उखुको खोया ) प्रति ट्याक्टर | ५५ |
| | अन्यको हकमा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ । | | | |

## अनुसूची (६)
## दफा (७) संग सम्बन्धीत
## सवारी साधन कर

| क्र.स. | | संकेत | विवरण | आर्थिक वर्ष २०८२/०८३ |
|---|---|---|---|---|
| १ | सवारी कर : सवारी दर्ता तथा वार्षिक सवारी कर : | १.१ | ई-रिक्सा, अटो, टेम्पु आदि | १५०० |
| | | १.२ | ठेलागाडा | ५०० |

अनुसूची (७)
दफा (८) संग सम्बन्धीत
विज्ञापन करको दररेट

आ.व. २०८२/०८३ का लागि नगरपालिका क्षेत्रभित्र देहायका शर्त र दरमा विज्ञापन कर लगाईनेछ ।

| क्र.सं. | विवरण | | विस्तृत विवरण | आर्थिक वर्ष २०८२/०८३ |
|---|---|---|---|---|
| १ | विज्ञापन करको दररेट | १.१ | फ्लेक्स प्रिन्ट बोर्ड, तुल ब्यानर निजि तथा सार्वजनिक स्थानमा प्रति वर्ग फुट | ७० |
| | | १.२ | साईन बोर्ड ( जस्ता/ धातु फ्रेम) निजि तथा सार्वजनिक स्थानमा प्रति वर्ग फुट | १०० |
| | | १.३ | डिजिटल डिस्प्ले, एल.सि.डि. बोर्ड निजि तथा सार्वजनिक स्थानमा प्रति वर्ग फिट | १५० |
| | | १.४ | ग्लो साईन बोर्ड, नियोन साईन बोर्डन निजि तथा सार्वजनिक स्थानमा प्रति वर्ग फुट | १२० |
| | | १.५ | टु. डि. तथा थ्रि.डि. डिस्प्ले बोर्ड निजि तथा सार्वजनिक स्थानमा प्रति वर्ग फुट | १२० |
| | | १.६ | भित्ते लेखन, सटर, पोल, वाल, पेन्टिङ निजि तथा सार्वजनिक स्थानमा प्रति वर्ग फुट | ८० |
| | | १.७ | माथि उल्लेख भएका बाहेक अन्य विज्ञापन/प्रचारप्रसार सामाग्रीहरुको हकमा | ६० |
| | | १,८ | परिचय -पाटी (१*२)फुट | नलाग्ने |

शर्तहरु :

१. प्रचलित कानूनले निषेध गरेका सामाग्रीहरुको विज्ञापन गर्न पाईनेछैन ।
२. विभिन्न संघसंस्थाहरुबाट हुने सेवामूलक प्रचारप्रसारका सामाग्रीहरुमा कर लिन पाईनेछैन ।
३. परिचय पाटीको साइज १*२=३ वर्ग फिट सम्मलाई मानिनेछ । कार्यालय अगाडी राखिएको १ वटा बोर्ड मात्रलाई परिचय पाटी मानिनेछ ।
४. तिनै तहका सरकारका जनचेतनामूलक सूचना प्रचारप्रसारका सामाग्रीमा कर लिन पाईनेछैन ।
५. आवधिक विज्ञापनको स्वीकृत समयावधि समाप्त भएपछि त्यस्तो विज्ञापन स्वयंमले हटाउनु/ मेटाउनु पर्नेछ ।

६. प्रचलित कानूनले रोक लगाएका तथा चालक तथा यात्रुहरुको ध्यान खिच्ने, आँखा तिरमिराउने र भद्दा तथा भट्किला खालका विज्ञापन सामाग्री राख्न पाईनेछैन ।

७. विज्ञापन सम्बन्धि अन्य व्यवस्था बिज्ञापन कर नियमावली, २०७६ बमोजिम हुनेछ ।

## अनुसूची (८)
### दफा (९) संग सम्बन्धित
### मनोरञ्जन र व्यवसायीक भिडियो करको दररेट

| क्र.स. | विवरण | | विस्तृत विवरण | आर्थिक वर्ष २०८२/०८३ |
|---|---|---|---|---|
| १ | मनोरन्जन कर | १.१० | सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शनी हल, थ्रिएटर, संगीत, मनोरञ्जन प्रदर्शन | प्रतिटिकट रु १ |
| | | १.२० | सर्कश प्रतिदिन रु.१०००।— मासिक रु.१०,०००।— लगाउने (मापदण्ड पालना भएमा ) | |
| २ | व्यवासायिक भिडियो कर | २.१० | नगर क्षेत्रभित्र संचालित व्यवसायिक केबुल व्यवसायमा वार्षिक | ५००० |
| | | २.२० | इन्टरनेट सेवा प्रदायक | ६००० |
| | | २.३० | केबुल नेटवर्क - ईन्टरनेट (केबुल सहितको - ईन्टरनेट) | ७००० |

## अनुसूची (९)
### दफा (१०) संग सम्बन्धीत
### बहाल विटौरी शुल्क (ठेक्काको लागी )
### कृषि सासाहिक हाटबजार ( ईमिलिया ९, गोरुसिङ्गे २, बुद्धी हनुमानचोक ४ को लागि )
### प्रति स्टलको दररेट

| क्र.स. | विवरण | | विस्तृत विवरण | (५% बृद्धि) आर्थिक वर्ष २०८२/०८३ |
|---|---|---|---|---|
| १ | | १.१ | रागाँको मासु पसल | १७८।५० |
| | | १.२ | बंगुरको मासु पसल | १७८।५० |
| | | १.३ | कुखुरा, माछा, खसीको मासु पसल | १४७ |

| | | | | |
|---|---|---|---|---|
| | | १.४ | सिद्धा पसल | ८४ |
| | | १.५ | आलु, प्याज पसल | ७८।७५ |
| | | १.६ | पकाएको मासु पसल | ६३ |
| | | १.७ | सिरक डसना पसल | ६३ |
| | | १.८ | फेन्सी कपडा पसल | ६३ |
| | | १.९ | थान कपडा पसल | ६८।२५ |
| | | १.१० | जुस, लस्सी पेय पसल | ५७।७५ |
| | | १.११ | फलफुलको पसल | ५२।५० |
| | | १.१२ | मिठाई, जेरी, नमकिन, सुर्ति पसल | ५२।५० |
| | | १.१३ | श्रंगार, जुत्ता चप्पल | ५२।५० |
| | बुद्धभुमी नगरपालिका भित्रका साप्ताहिक कृषि हाटबजारहरुको बिटौरी करको विवरण | १.१४ | लाइट, लाईटर, घडी रेडियो पसल | ४७।२५ |
| | | १.१५ | चुरा पसल | ४२ |
| | | १.१६ | तरकारी पसल थोक | १३६।५० |
| | | १.१७ | तरकारी पसल फुटकर | ४२ |
| | | १.१८ | नाउ, मोची | ३१।५० |
| | | १.१९ | भाँडा रसाउने, छाता, कुक्कर बनाउने | ४२ |
| | | १.२० | बिषादी बेच्ने | ५२।५० |
| | | १.२१ | किराना पसल थोक | ६३ |
| | | १.२२ | किराना पसल फुटकर | ४७।२५ |
| | | १.२३ | मःम, चाउमिन पसल | ११५।५० |
| | | १.२४ | मकै, मुम्फली, आरु बखडा बेच्ने | ३१।५० |
| | | १.२५ | जडीबुटी, आयूर्वेदीक पसल | ४२ |
| | | १.२६ | गल्ला | ६३ |
| | | १.२७ | बिउ वजन | ३६।७५ |
| | | १.२८ | बेर्ना, विरुवा | २६।२५ |

| | | | | |
|---|---|---|---|---|
| | | १.२९ | भेली, पोस्टर, गिफ्ट | ४७।२५ |
| | | १.३० | भाँडा पसल | ५२।५० |
| | | १.३१ | सरकस खेल मदारी | ४७।२५ |
| | | १.३२ | माटाका भाँडा | ३१।५० |
| | | १.३३ | फुल्की चाट | १०५ |
| | | १.३४ | खेलौना पसल | ३७।७५ |
| | | १.३५ | रङ्ग पसल | ३१।५० |
| | | १.३६ | पान पसल | ३१।५० |
| | | १.३७ | झोला पसल | ५२।५० |
| | | १.३८ | जुत्ता चप्पल पसल | ५२।५० |
| | | १.३९ | सुपा नाङ्ला पसल | ५२।५० |
| | | १.४० | कस्मेटिक पसल | ५२।५० |
| | | १.४१ | अचार पसल | ४२ |
| सरसफाई शुल्क | | | | |
| २ | सरसफाई शुल्क ( प्रत्येक पटकको हाटबजारमा लागु हुने ) | १.१ | रागाँको मासु पसल | १५।७५ |
| | | १.२ | बंगुरको मासु पसल | १५।७५ |
| | | १.३ | कुखुरा, माछा, खसीको मासु पसल | १५।७५ |
| | | १.४ | सिध्रा पसल | ५।२५ |
| | | १.५ | आलु, प्याज पसल | १५।७५ |
| | | १.६ | पकाएको मासु पसल | १०।५० |
| | | १.७ | सिरक डसना पसल | ५।२५ |
| | | १.८ | फेन्सी कपडा पसल | ५।२५ |
| | | १.९ | थान कपडा पसल | ५।२५ |
| | | १.१० | जुस, लस्सी पेय पसल | १०।५० |
| | | १.११ | फलफुलको पसल | १०।५० |

| | | | | |
|---|---|---|---|---|
| | | १.१२ | मिठाई, जेरी, नमकिन, सुर्ति पसल | १०।५० |
| | | १.१३ | श्रंगार, जुत्ता चप्पल | ५।२५ |
| | | १.१४ | लाइट, लाईटर, घडी रेडियो पसल | ५।२५ |
| | | १.१५ | चुरा पसल | ५।२५ |
| | | १.१६ | तरकारी पसल थोक | १५।७५ |
| | | १.१७ | तरकारी पसल फुटकर | ५।२५ |
| | | १.१८ | नाउ, मोची | १५।२५ |
| | | १.१९ | भाँडा रसाउने, छाता, कुक्कर बनाउने | ५।२५ |
| | | १.२० | बिषादी बेच्ने | ५।२५ |
| | | १.२१ | किराना पसल थोक | ५।२५ |
| | | १.२२ | किराना पसल फुटकर | ५।२५ |
| | | १.२३ | मःम, चाउमिन पसल | १५।७५ |
| | | १.२४ | मकै, मुम्फली, आरु बखडा बेच्ने | १०।५० |
| | | १.२५ | जडीबुटी, आयूर्वेदीक पसल | ५।२५ |
| | | १.२६ | गल्ला | १०।५० |
| | | १.२७ | बिउ वजन | ५।२५ |
| | | १.२८ | बेर्ना, विरुवा | ५।२५ |
| | | १.२९ | भेली, पोस्टर, गिफ्ट | ५।२५ |
| | | १.३० | भाँडा पसल | ५।२५ |
| | | १.३१ | सरकस खेल मदारी | ५।२५ |
| | | १.३२ | माटाका भाँडा | ५।२५ |
| | | १.३३ | फुल्की चाट | १०।५० |
| | | १.३४ | खेलौना पसल | ५।२५ |
| | | १.३५ | रङ्ग पसल | ५।२५ |
| | | १.३६ | पान पसल | ५।२५ |

| | | | | |
|---|---|---|---|---|
| | | १.३७ | झोला पसल | ५।२५ |
| | | १.३८ | जुत्ता चप्पल पसल | ५।२५ |
| | | १.३९ | सुपा नाङ्ला पसल | ५।२५ |
| | | १.४० | कस्मेटिक पसल | ५।२५ |
| | | १.४१ | अचार पसल | ५।२५ |
| ४ | ताल तालैयाबाट प्राप्त आम्दानी | ४.१ | राजस्व परामर्श समितिको सिफारिस तथा नगर कार्यपालिकाको निर्णय बमोजिम | |
| यस सम्बन्धी अन्य थप व्यवस्थाको हकमा बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको निर्णय बमोजिम हुने । | | | | |

नोटः तालको प्रति हेक्टर न्यूनतम वार्षिक अंक, तालको अवस्था, पानीको भाग तथा निकास एवम् अन्य भौतिक अवस्थाको आधारमा देहाय बमोजिम कायम गरिनेछ ।

१. "क" वर्गको तालको लागि वार्षिक ४० हजार ।

२. "ख" वर्गको तालको लागि वार्षिक ३० हजार ।

३. "ग" वर्गको तालको लागि वार्षिक २० हजार ।

तालको अवस्था, पानीको भाग तथा अन्य भौतिक अवस्था एकिन बार्षिक एकमुष्ट अंक सहित ठेक्का लगाउने अवधिको कुल कबोल अंक कायम गरी राजश्व परामर्श समितिबाट सिफारिस पश्चात कार्यपालिकाबाट निर्णय गरी ठेक्का व्यवस्थापन गरिनेछ ।

अनुसूची (१०)
दफा (११) संग सम्बन्धीत
सवारी साधन पार्किङ्ग शुल्कको दररेट

| क्र.स. | विवरण | | विस्तृत विवरण | आर्थिक वर्ष २०८२/०८३ |
|---|---|---|---|---|
| १ | बसपार्कमा पार्किङ गरे बापत प्रतिदिन शुल्क | १.१ | बस, ट्रक लगायत ठूला सवारी सधान | ५० |
| | | १.२ | माइक्रो/कार/जीप (भाडाका) | २५ |
| | | १.३ | निजि सवारी सधान | १५ |

अनुसूची (११)
दफा (१२) संग सम्बन्धति
सेवा शुल्क दस्तुर

| क्र. स. | विवरण | संकेत | विस्तृत विवरण | आर्थिक वर्ष २०८२/०८३ |
|---|---|---|---|---|
| १ | सर्जमिन तथा मुचुल्का | १.१ | सर्जमिन तथा मुचुल्का बापत शुल्क | ५०० |
| २ | न्यायिक दस्तुर | २.१ | रकम कलम उठाई दिएवापत उठेको रकमको | ०.०२% |
| | | २.२ | मिलापत्र शुल्क ( दुवै पक्षसँग आधा आधा हुने गरी ) | १०००. |
| | | २.३ | न्याय समितिमा मुद्धा दर्ता गर्दा फिराद पत्र दस्तुर | ३००. |
| | | २.४ | मुद्धाको प्रतिउत्तर लगाउदा प्रतिउत्तर पत्र दस्तुर | १००. |
| ३ | घर नम्बरिङ प्लेट प्रति गोटा | ३.१ | घर नम्बरिङ वापत शुल्क | २००. |
| ४ | टोल विकास स. दर्ता शुल्क/ नविकरण | ४.१ | टोल विकास स. दर्ता शुल्क | २००. |
| ५ | स्थलगत प्राविधिक सेवा शुल्क (नगर दररेट अनुसार) | ५.१ | स्थलगत प्राविधिक / अमिन सेवा शुल्क | ११९०. |
| ६ | कृषि पशुपंछीजन्य व्यवसाय दर्ताको सर्जमिन र सिफारिस | ६.१ | क. घरेलु उद्योग सर्जमिन | ५०० |
| | | ६.२ | ख. मझौला उद्योग सर्जमिन | ५०० |
| | | ६.३ | ग. ठुलो उद्योग सर्जमिन | ३००० |
| ७ | साँध सिमाना प्रमाणित | ७.१ | साँध सिमाना प्रमाणित | ३०० |
| ८ | नागरिकता सिफारिस | ८.१ | नागरिकता प्रमाणपत्रको नागरिकता प्रतिलिपी (अनुसुचि र फाराम बाहेक) | २०० |
| | | ८.२ | क ) बंशजको सिफारिस | निःशुल्क |
| | | ८.३ | ख) अङ्गिकृतको सिफारिस | निःशुल्क |
| ९ | जग्गा नामसारी सिफारिस | ९.१ | क) १ बिघा सम्मको | ५०० |
| | | ९.२ | ख) एक विगाहा माथिको प्रति कित्ता | २५ |

| | | | | |
|---|---|---|---|---|
| १० | नाम थर संशोधन/ सिफारिस | १०.१ | नाम, थर र जन्ममिति संशोधन सिफारिस दस्तुर | २०० |
| ११ | शिक्षा क्षेत्रको आम्दानी | ११.१ | शैक्षिक प्रमाणपत्र प्रतिलिपि / संशोधन दस्तुर प्रत्येक | २०० |
| | | ११.२ | नतिजा पुनर्योग | २०० |
| १२ | घर कायम सिफारिस | १२.१ | पक्की घर | ५०० |
| | | १२.२ | कच्ची घर | ३०० |
| १३ | नामसारी सिफारिस | १३.१ | घर नक्सा नामसारी (पक्की एकाघर तीनपुस्ते भित्र ) | ५०० |
| | | १३.२ | घर नक्सा नामसारी (पक्की एकाघर नभएमा) | ७०० |
| | | १३.३ | कच्ची घर ढुंगामाटोको जोडाई जस्ताको छाना नक्सा नामसारी | २०० |
| | | १३.४ | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | २०० |
| १४ | अन्य सिफारिस | १४.१ | छुट जग्गा दर्ताको सिफारीस दस्तुर ( संघीय सरकारले खुलाएमा मात्र) | ५०० |
| | | १४.२ | निजि धारा वा टेलिफोन लाईन जडान सिफारिस दस्तुर | २०० |
| | | १४.३ | बैदेशिक रोजगारको लागी सिफरिस | ५०० |
| | | १४.४ | परिवार ल्याएको लगेको सिफरिस | ५०० |
| | | १४.५ | विवाह दर्ता सिफरिस विदेशीसगं तेस्रो मुलुक | ५००० |
| १५ | नाता प्रमाणित दस्तुर (मृतक/जिवित) नेपाली | १५.१ | क) अंग्रेजी | ५०० |
| | | १५.२ | ख) नेपाली | ३०० |
| १६ | बसोवास प्रमाणित | १६.१ | बसोवास प्रमाणित बैदेशिक प्रयोजन | १००० |
| | | १६.२ | बसोवास प्रमाणित स्वदेशी प्रयोजन | ३०० |
| | | १६.३ | अस्थायी बसोवासको सिफारिस | ३०० |
| १७ | विद्युत जडान सिफारिस | १७.१ | विद्युत जडानको सिफारिस दस्तुर घर प्रयोजन | ३०० |
| | | १७.२ | विद्युत जडान सिफारिस व्यवसाय ३२ एम्पायर सम्म | १००० |
| | | १७.३ | विद्युत जडान सिफारिस ३ फेज व्यवसायिक | ३००० |

| | | | | |
|---|---|---|---|---|
| | | १७.४ | कृषक सिचाई (समूहको नाममा ) | १०० |
| | | १७.५ | कृषक सिचाई ( व्यक्तिको नाममा ) | |
| | | १७.६ | विद्युत जडान सिफारिस ट्रान्सर्फमर सहित | ५००० |
| १८ | संस्था दर्ता सिफारिस | १८.१ | कर चुक्ता सिफारीस (बचत तथा ऋण) | १००० |
| | | १८.२ | आमा समूह, टोल सूधार ,कृषि समुह दर्ता नवीकरण सिफारिस शुल्क | ५० |
| | | १८.३ | खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता सिफारिस | ३०० |
| १९ | निजि स्वास्थ्य संस्था सिफारिस | १९.१ | निजि स्वास्थ्य संस्था सिफारिस क्लिनिक दर्ता | १५०० |
| | | १९.२ | निजि स्वास्थ्य संस्था सिफारिस पोलिक्लिनिक दर्ता शुल्क | ३००० |
| | | १९.३ | निजि स्वास्थ्य संस्था सिफारिस पोलिक्लिनिक नबिकरण | २००० |
| | | १९.४ | निजि स्वास्थ्य संस्था सिफारिस नर्सिङहोम हेल्थ सेन्टर दर्ता शुल्क | १०००० |
| | | १९.५ | निजि स्वास्थ्य संस्था सिफारिस नर्सिङहोम हेल्थ सेन्टर नबिकरण | ५००० |
| | | १९.६ | निजि स्वास्थ्य संस्था दर्ता सिफारिस शुल्क | १०००० |
| | | १९.७ | निजि स्वास्थ्य संस्था नविकरण शुल्क | ५००० |
| २० | निजि विद्यालय सञ्चालनको सिफारिस | २०.१ | क) आधारभूत | ३५०० |
| | | २०.२ | ख) मा.वि | ५००० |
| | | २०.३ | ग) मन्टेश्वरी | ५००० |
| २१ | निजि विद्यालय कक्षा थपको सिफारिस | २१.१ | क) आधारभूत | २५०० |
| | | २१.२ | ख) मा.वि | ३५०० |
| | | २१.३ | ग) मन्टेश्वरी | ५००० |
| २२ | सामुदायिक विद्यालय सञ्चालनको सिफारिस | २२.१ | क) आधारभूत | १००० |
| | | २२.२ | ख) बालविकास केन्द्र | ५०० |
| | | २२.३ | ग) मदरसा / धार्मिक विद्यालय | ५०० |

| | | | | |
|---|---|---|---|---|
| २३ | सामुदायिक विद्यालय कक्षा थपको सिफारिस | २३.१ | क) आधारभूत | ५०० |
| | | २३.२ | ख) मा.वि | १००० |
| २४ | संघ संस्था | २४.१ | क) संघ संस्था दर्ता सिफारिस ( गैर नाफा मुलक) | ५०० |
| | | २४.२ | ख) संघ संस्था दर्ता सिफारिस ( नाफा मुलक) | १००० |
| | | २४.३ | ग) संघ सस्था नविकरण | ५०० |
| | | २४.४ | घ) व्यवसायिक संस्थागत संघसंस्था | २००० |
| | | २४.५ | ङ) युवा क्लब, आमा समूह लगायतका अन्य समूह | ५०० |
| | | २४.६ | खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता शुल्क | २००० |
| | | २४.७ | खानेपानी तथा सरसफाई उपभोक्ता समिति नबिकरण शुल्क | १००० |
| २५ | व्यवसाय सिफारिस दस्तुर | २५.१ | बिभिन्न व्यवसाय, निर्माण व्यवसायी घरेलु दर्ताको लागि सिफारिस दस्तुर | १५०० |
| | | २५.२ | नगरपालिकामा व्यवसाय सिफारिस | ५०० |
| | | २५.३ | निर्माण व्यवसायी "घ" बर्ग बाहेक (क, ख, ग) | ७००० |
| २६ | अन्य दस्तुर | २६.१ | सुचीकरण भएको निस्सा/ प्रमाण पत्र शुल्क | ५०० |
| | | २६.२ | प्रतिलिपि प्रति पाना | १० |
| २७ | नामसारी सिफारिस | २७.१ | मोही जग्गा नामसारी सिफारिस | १००० |
| २८ | उद्योग स्थापनाको सिफारिस | २८.१ | साना तथा घरेलु उद्योगको स्थापना सिफारिस | २००० |
| २९ | रुख काट्ने सिफारिस प्रति रुख | २९.१ | क) काठ | ५०० |
| | | २९.२ | ख) कुकाठ | ३०० |
| ३० | पेन्सनपट्टा सम्बन्धी सिफारिस | ३०.१ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | १००० |
| | | ३०.२ | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | १५०० |
| | | ३०.३ | अन्य मुलुकको पेन्सनपट्टा सम्बन्धी सिफारिस | २००० |
| ३१ | अपुताली सिफारिस | ३१.१ | अपुताली सिफारिस नेपालको लागी | ५००० |
| | | ३१.२ | अपुताली सिफारिस विदेशीको लागी | २०००० |

| | | | | |
|---|---|---|---|---|
| ३२ | ब्यक्तिगत घटना दर्ता दस्तुर | ३२.१ | जन्म,मृत्यु,बसाईसराई,बिबाह, सम्बन्ध बिच्छेद ( ३५ दिन सम्म नि शुल्क ) अन्यथा (नेपालमा) | २०० |
| | | ३२.२ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर (नेपालमा) | ५०० |
| | | ३२.३ | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर ( नेपालमा ) | २००. |
| | | ३२.४ | व्यक्तिगत घटना दर्ता प्रमाणित | ५०० |
| ३३ | अन्य विविध प्रमाणित तथा सिफारिस | ३३.१ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस नेपाली | ३०० |
| | | ३३.२ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस अंग्रेजी | ५०० |
| | | | | |
| | | ३३.३ | नगरपालिका कार्यालयबाट गरिने प्रमाणित तथा सिफारिस | ५०० |
| ३४ | नाता कायम | ३४.१ | अंग्रेजीमा नाता कांयम | १००० |
| ३५ | कर चुक्ता सिफारिस | ३५.१ | कर चुक्ता सिफारिस दस्तुर | ३०० |
| ३६ | चारित्रिक सिफारिस | ३६.१ | क) नेपाली | ३०० |
| | | ३६.२ | ख) अंग्रेजी | ५०० |
| ३७ | फोटो टाँस सिफारिस | ३७.१ | फोटो टाँस सिफारिस दस्तुर | ३०० |
| ३८ | अविवाहित प्रमाणित | ३८.१ | क) नेपाली | ३०० |
| | | ३८.२ | ख) अंग्रेजी | ५०० |
| ३९ | ब्यवसाय दर्ता सिफारिस | ३९.१ | किराना, कपडा, फेन्सी लगायत व्यवसाय सरह दर्ता थोक | १००० |
| | | ३९.२ | किराना, कपडा, फेन्सी लगायत व्यवसाय सरह दर्ता खुद्रा | ५०० |
| | | ३९.३ | साना चिया तथा टंकी पसल दर्ता | ५०० |
| | | ३९.४ | मदिरा पसल दर्ता | २५०० |
| ४० | होटल दर्ता सिफारिस | ४०.१ | क) ठूलो होटल (लज सहितको) | ३००० |
| | | ४०.२ | ख) सानो होटल (लज नभएको) | २००० |

| | | | | |
|---|---|---|---|---|
| ४१ | बिभिन्न डिलरसीप सिफारिस | ४१.१ | बिभिन्न डिलरसीप सिफारिस | ५००० |
| ४२ | बिभिन्न सप्लायर्स दस्तुर | ४२.१ | बिभिन्न सप्लायर्स दस्तुर | २५०० |
| ४३ | बन पैदावार बिक्री शुल्क | ४३.१ | सामुदायिक बन उपभोक्ता समितबाट बन पैदावर बिक्री गर्दा प्राप्त रकमको | १०% |
| ४४ | मिनाहीडिह जग्गाको सिफारिस वापत | ४४.१ | क) न्युनतम ५ धुर सम्मको | ५०० |
| | | ४४.२ | ख) थप प्रति धुर | ५० |
| ४५ | उद्योगहरु : — उत्पादन मुलक उद्योग सिफारिस | ४५.१ | क) ठुला उद्योग | ५००० |
| | | ४५.२ | ख) मझौला उद्योग | ४००० |
| | | ४५.३ | ग) साना उद्योग | ३००० |
| ४६ | उद्योगहरु : — उर्जा मुलक उद्योग सिफरिस | ४६.१ | क) ठुला उद्योग | ५००० |
| | | ४६.२ | ख) मझौला उद्योग | ४००० |
| | | ४६.३ | ग) साना उद्योग | ३००० |
| ४७ | उद्योगहरु : — बन जन्य सिफारिस | ४७.१ | क) ठुला उद्योग | ५००० |
| | | ४७.२ | ख) मझौला उद्योग | ४००० |
| | | ४७.३ | ग) साना उद्योग | ३००० |
| ४८ | उद्योगहरु : — खनिज उद्योग सिफारिस | ४८.१ | क) ठुला उद्योग | १०००० |
| | | ४८.२ | ख) मझौला उद्योग | ९००० |
| | | ४८.३ | ग) साना उद्योग | ७००० |
| ४९ | पर्यटन उद्योग | ४९.१ | पर्यटन जन्य उद्योग सिफारिस | ३००० |
| ५० | निर्माण उद्योग | ५०.१ | निर्माण जन्य उद्योग सिफारिस | १०००० |
| ५१ | वन | ५.१ | निजी वन दर्ता शुल्क | १००० |
| ५२ | बुद्धभूमी नगरपालिका घोषणा हुनु भन्दा पूर्व आठ नम्बर ऐलानी र प्रति जग्गामा निर्माण गरिएका घर टहराहरु साविक गा.वि.स/ नगरपालिकाबाट घरकर लिई आएकोमा ती घर टहराहरुलाई घरकर नभई माथि उल्लेखित दररेट अनुसार सेवा शुल्क लिइने छ । | | | |

| | | |
|---|---|---|
| ५३ | नोटः-<br>१. अंग्रेजी विविध प्रमाणित तथा सिफारिस प्रति पेज रू.५००।— एउटै विषयमा एउटा भन्दा बढी पाना भए प्रति पाना रू.५००।- का दरले थपहुने ।<br>२. अशक्त, असहाय, अपाङ्गता भएका,अति विपन्न, विपन्न छात्रावृत्ति सिफारिस, बाढी पहिरो तथा प्रकोप पिडित, द्वन्द पिडित, जेष्ठ नागरिक, दिर्घ रोगी, बेसहारा व्यक्ति एवं कृषि तथा पशु अनुदानको लागि गरिने सिफारिसमा कुनै शुल्क वा दस्तुर लिईने छैन ।<br>३. फर्म/व्यवसायको पूँजी वृद्धि, नामसारी, ठाउँसारी, शाखा थपघट, फर्मको नाम परिवर्तन, फर्म खारेजी, फर्मको कारोबार थपघट आदि गर्दा सेवा शुल्क दस्तुर रू. १०००।- | |

३. नक्सा पास दस्तुर

आ.व. २०८२/०८३ का लागि घर नक्सा पास दस्तुर देहाय अनुरुप हुनेछ :

| | | क्र.स. | बर्गीकरण | पुरानो घर अभिलेखीकरण दस्तुर | |
|---|---|---|---|---|---|
| | | | | सामान्य | ब्यापारी |
| ५४ | घर नक्सा पास कर दस्तुर विवरण | १ | RCC कुनै पनि वेस मेन्ट प्रति वर्ग फुट रु. | ३ | ३ |
| | | २ | RCCभुई तल्ला निर्माण गर्दा प्रति वर्ग फुट रु. | ३ | ३ |
| | | ३ | **RCC** प्रथम तल्ला निर्माण गर्दा प्रति वर्ग फुट रु. | ४ | ४ |
| | | ४ | **RCC** दोस्रो तल्ला निर्माण गर्दा प्रति वर्ग फुट रु. | ५ | ५ |
| | | ५ | **RCC** तेस्रो तल्ला र सो भन्दा माथि निर्माण गर्दा प्रति वर्ग फुट रु. | ६ | ६ |
| | | ६ | लोड वियरिङ वालको वेस मेन्ट रु. | २ | ३ |
| | | ७ | लोड वियरिङ वालको भुई तल्लाको रु. | २ | ३ |
| | | ८ | लोड वियरिङ वालको प्रथम तल्लाको रु. | २ | २ |
| | | ९ | लोड वियरिङ वालको दोस्रो तल्लाको रु. | ३ | ४ |
| | | १० | लोड वियरिङ वालको तेस्रो तल्लाको वा सो भन्दा माथि रु. | ४ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ११ | ट्रस सम्बन्धि घर निर्माण / घर निर्माण अन्य अरु कुनै सामाग्री प्रयोग गरेमा(सवै तल्ला) रु. | २ | ३ |
| | | १२ | कम्पाउण्ड वाल रु. | २ | २ |
| | | क्र.स. | वर्गिकरण | ०८२/०८३ नयाँ घर | |
| | | | | सामान्य | व्यापारीक |
| | | १ | **RCC** कुनै पनि वेस मेन्ट प्रति वर्ग फुट रु. | ५ | ५ |
| | | २ | **RCC** भुई तल्ला निर्माण गर्दा प्रति वर्ग फुट रु. | ५ | ५ |
| | | ३ | **RCC** प्रथम तल्ला निर्माण गर्दा प्रति वर्ग फुट रु. | ५ | ६ |
| | | ४ | **RCC** दोस्रो तल्ला निर्माण गर्दा प्रति वर्ग फुट रु. | ६ | ७ |
| | | ५ | **RCC** तेस्रो तल्ला र सो भन्दा माथि निर्माण गर्दा प्रति वर्ग फुट रु. | ७ | ८ |
| | | ६ | लोड वियरिङ वालको वेस मेन्ट रु. | ३ | ४ |
| | | ७ | लोड वियरिङ वालको भुई तल्लाको रु. | ४ | ५ |
| | | ८ | लोड वियरिङ वालको प्रथम तल्लाको रु. | ५ | ६ |
| | | ९ | लोड वियरिङ वालको दोस्रो तल्लाको रु. | ६ | ७ |
| | | १० | लोड वियरिङ वालको तेस्रो तल्लाको वा सो भन्दा माथि रु. | ७ | ८ |
| | | ११ | ट्रस सम्बन्धि घर निर्माण / घर निर्माण अन्य अरु कुनै सामाग्री प्रयोग गरेमा(सवै तल्ला) रु. | २ | ३ |
| | | १२ | कम्पाउण्ड वाल रु. | १ | १ |
| नक्सापास सम्बन्धी थप व्यवस्था र दस्तूरको दर | | | | | |
| | | १ | यस कार्यालयमा दर्ता नभएका ब्यक्ति वा फर्मवाट तयार पारिएका नक्सा पेश भएमा रु ०.५० पैसा प्रति वर्ग फूट थप दस्तुर लाग्नेछ । | | |
| | | २ | नक्सा पास गरी संरचना निर्माण गर्दा नक्सामा कुनै संशोधन गर्न परेमा प्राबिधिक राय अनुसार १ रुपैया प्रति वर्ग फूट थप रकम लाग्नेछ । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ३ | बाउन्डरी वाल भित्र बनेको भवनको हकमा एक मात्र सटर घरेलु प्रयोजनको लागि देखिएमा वडा सिफारिस र प्राबिधिक राय अनुसार सम्बन्धित घरलाई आवासीय घर भनि बुझिनेछ र त्यस घरको शुल्क आवासीय घर अनुसार लिनेछ \| | | |
| | | ४ | घर नक्शा दरखास्त फारम | १००० | |
| | | ५ | घर नक्सा सर्जमिन | ५०० | |
| | | ६ | घर नक्सा सिफारिस | ३०० | |
| | | ७ | संशोधित नक्सा प्रमाण पत्र /घर नक्सा प्रतिलिपी | ५०० | |
| | | ८ | घर नक्सा अभिलेखिकरण प्रमाण पत्र | ५०० | |
| | | ९ | नक्सा पास प्रमाण पत्र बेस्मेंट र एक तल्ला सम्म | १००० | |
| | | १० | एक तल्ला भन्दा माथि | २००० | |
| | | ११ | नक्सा नामसारी | | |
| | | १२ | क ) नक्सा नामसारी प्रति वर्ग फुट रु. (बिक्रि तथा अन्य ) | १.०० | |
| | | १३ | ख) बंशजको नाता भित्रको नक्सा नामसारी | ५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १४ | <u>घर नक्सा सम्बन्धि:</u><br>१. २०७६ फाल्गुन मसान्त सम्म पुरानो घर नक्सा दर्ता भई कार्यालयबाट १५ दिने सुचना जारी भएका भवनहरुको हकमा प्रचलित दस्तुरको थप ३ गुणादस्तुर लिई अभिलेखीकरण गर्ने ।<br>२. २ वर्ष समय अवधि भित्र घर नक्सा बनाई ईजाजत पत्र लगि घर सम्पन्न प्रमाण पत्र नलिएको भवनको हकमा अन्य मापदण्ड पुरा गरेको भवनहरु भ्याद सकिनुभन्दा अगावै म्याद थप दर्ता हुन आएमा प्राविधिक रुपले योग्य देखिएमा १ पटकका लागि ५ प्रतिशत जरिवाना लिई दुई वर्ष म्याद दिईने र सो पश्चात आएमा प्राविधिक रूपले योग्य देखिएमा ३ गुणा जरिवाना लिई घर नक्सा अभिलेखीकरण गर्ने ।<br>३. अस्थायी इजाजत पत्र लिइ भवन **Area** फेरबदल भएको र अन्य मापदण्ड पुरा गरेको भवनहरुको हकमा प्रति **Sq.ft.** को १५ रुपैयाँको दरले जरिवाना लिई घर नक्सा कार्य नियमानुसार अघि बढाउने ।<br>४. नयाँ भवन निर्माण गर्दा बाहिरी ४" गारो भएमा पहिलो तल्ला मा रू. ५०००।— र थप प्रत्येक तल्लामा थप रू ५०००।— लिई नक्सा अभिलेख गर्ने ।<br>५. पुरानो अभिलेखिकरण भएका भवनहरुको हकमा नियमानुसार तल्ला थप भएमा हालको दस्तुरको ३ गुणा दस्तुर लिई अभिलेखिकरण गर्ने ।<br>६. नगरपालिकाबाट भवन निर्माण अनुमति बाहेक पछि तला थपिएकोमा प्राबिधिक हिसाबले योग्य भएमा थप तलामा लाग्ने दस्तुर तेब्बर हुनेछ । | | |
| | | घरको सिफारिस मूल्यांकन (न्युनतम ) सिफारिस दस्तुर : | | | |
| | | क्र.स | विवरण | आ.ब ०८२/०८३ को | |
| | | | | मूल्यांकन | प्रतिशत दर |
| | | १ | जग्गाको मुल्यांकन सरकारी रेट ६०% तथा चलनचल्तीको रेट ४०% अनुसार मुल्यांकन गर्ने | | नियमानुसार |
| | | जग्गा वा सम्पत्ति मूल्यांकन दस्तूर | | | |
| | | क्र.स | विवरण | | |
| | | १ | जग्गा वा सम्पत्ति मूल्यांकन सिफारिस दस्तुर पाँच लाख सम्मको रु.५००। पाच सय र सो भन्दा बढीको रकममा कुल मुल्यांकन अंकको ०.०८% लाग्नेछ । | | |
| | | २ | आम्दानी प्रमाणित : सिफारिस दस्तुर पाँच लाख सम्मको रु.५००। पाच सय र सो भन्दा बढीको रकममा कुल मुल्यांकन अंकको ०.०८% लाग्नेछ । | | |

| | | | | |
|---|---|---|---|---|
| | | ३ | छुट : सम्पत्ति मूल्यांकन सिफारिस सेवा शुल्क माथि उल्लेखित दरमा लिइनेछ । तर बैदेशिक अध्ययन प्रयोजनका लागि लाग्ने शुल्कमा ५० % प्रतिशत छुट दिईनेछ । | |
| ५५ | चार किल्ला प्रमाणित | ५५.१ | क) पूर्व पश्चिम लोक मार्ग | ७०० |
| | | ५५.२ | ख) शाखा पक्की सडक, गोरूसिगें, इमिलिया वस्ती विकास | ५०० |
| | | ५५.३ | ग) ग्रावेल तथा कच्ची सडक | ३०० |
| | | ५५.४ | घ) खेतीयोग्य जमिन | २०० |
| | | नोटः न्यूनतम ५ कित्ता सम्म माथि उल्लेखित दररेट र सो भन्दा माथि प्रति कित्ता थप रू. १० लिने । | | |
| ५६ | घर बाटो सिफारिस | ५६.१ | क) पूर्व पश्चिम लोक मार्ग | १५०० |
| | | ५६.२ | ख) शाखा पक्की सडक वा पिसिसि सडक सँग जोडिएका भित्र सडकहरु | १००० |
| | | ५६.३ | ग) ग्रावेल तथा कच्ची सडक | ७०० |
| | | ५६.४ | घ) खेती योग्य जमिन | ५०० |
| ५७ | हातहतियारको ईजाजत पत्र सिफारिस | ५७.१ | हातहतियारको ईजाजत पत्र सिफारिस दस्तुर | ५०० |
| ५८ | दैविप्रकोप, विरामी, अपाङ्ग, आर्थिक सहयोग, छात्रवृत्ती, विपन्न परिवार को सिफारिस गर्दा कुनै दस्तुर तथा शुल्क लाग्ने छैन । | | | निःशुल्क |
| ५९ | पशुपन्छी तर्फ शुल्क | ५९.१ | गोबर परीक्षण | २० |
| | | ५९.२ | पोष्टमार्टम पशु | १०० |
| | | ५९.३ | पोष्टमार्टम पन्छी | ५० |
| | | ५९.४ | बन्ध्याकरण बाछा र पाडा | ५० |
| | | ५९.५ | बान्ध्याकरण बोका | २० |
| | | ५९.६ | एन्टि रेवीज खोप (पशुपंक्षी) | ५० |
| | | ५९.७ | प्रिस्केप्सन दस्तुर (गाई, भैसी, बंगुर) | १० |

| | | | | |
|---|---|---|---|---|
| ६० | कृषि तर्फको शुल्क | ६०.१ | कृषक समूह दर्ता शुल्क | ५०० |
| | | ६०.२ | कृषक समूह/फर्म नवीकरण शुल्क (३० दिन भित्र) | २०० |
| | | ६०.३ | कृषक समूह/फर्म नविकरण शुल्क (६ महिना भित्र) | ३०० |
| | | ६०.४ | कृषक समूह/फर्म नविकरण शुल्क (१ बर्ष नाघेमा) | ५०० |
| | | ६०.५ | रासायनिक मल विक्रेता दर्ता शुल्क (यथेष्ठ आधार, प्रमाण र सम्बन्धित निकायको अनुमति भएका बखत मात्र) | ५०० |
| | | ६०.६ | रासायनिक मल विक्रेता नवीकरण शुल्क | २०० |
| | | ६०.७ | रासायनिक मल विक्रेता नवीकरण विलम्ब शुल्क (३० दिन नाघेमा) | ५०० |
| | | ६०.८ | रासायनिक मल विक्रेता नवीकरण विलम्ब शुल्क (१ बर्ष नाघेमा) | १००० |
| ६१ | कृषि पशु सम्बन्धी सिफारिस | ६१.१ | नगरपालिकाबाट उपलब्ध गराईने कृषि र पशु अनुदान कार्यक्रमको लागी दिईने सिफारिस | नि : शुल्क |
| ६२ | अन्य दस्तुर | ६२.१ | प्रतिलिपी दस्तुर | १० |
| | | ६२.२ | तमसुक प्रमाणित ३ लाख सम्म | न्यूनतम ३०० |
| | | ६२.३ | ३ लाख भन्दा माथि थप प्रतिलाख | ०.१ प्रतिशत |

## अनुसुचि (१२)
## दफा (१३) संग सम्बन्धित
## पर्यटन प्रवेश शुल्क

बुद्धभुमि नगरपालिका, नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

## अनुसूचि (१३)
## दफा (१४) संग सम्बन्धित
## दण्ड जरिवाना

| | | | | |
|---|---|---|---|---|
| १ | कर,दस्तुर,सेवा शुल्क सम्बन्धी | १.१ | गत आ.व.सम्मको बक्यौता कर, दस्तुर, सेवा शुल्क मा प्रति बर्ष १५% को दरले जरीवाना लगाई असुल उपर गरिनेछ । | |
| २ | बन तथा नदीजन्य पदार्थ | २.१ | बनजन्य,ऐलानी,पर्ति जग्गाको र निजि जग्गाको माटो बिना अनुमति ओसारपोसार गरेको पाईएमा पहिलो पटक ट्याक्टरको रु १५०००। टिप्पर को रु रु.२००००। र जेसिभिको रु ४००००। जरिवाना लिईनेछ । | |
| | | २.२ | नदीजन्य पदार्थ बिना अनुमति ओसारपसार गरेको वा चोरि निकासी लगायत अनियमिता गरेको पाइएमा पहिलो पटकको लागि ट्याक्टरको रु २००००। टिप्पर को रु रु.२५०००। र जेसिभिको रु ५००००। स्काभेटर १००००० जरिवाना लिईनेछ । | |
| | | २.३ | नदिजन्य पदार्थ ओसारपसार तथा उत्खननको लागि प्रयोग हुने सवारी साधनको नम्बरको आधारमा पटक पटक दोहोरिएमा पटकै पिच्छै दोब्बर जरिवाना लिईनेछ । लोड गरिएको माल जफत गरिनेछ । | |
| | यस अनुसुचि बमोजिम गरिने बन तथा नदिजन्य पदार्थको जरिवाना बापत असुल हुन आउने रकमको २०% रकम सहयोगी निकाय, सुरक्षा निकाय, नगर प्रहरी (१५%) तथा सम्बन्धित व्यक्तिलाई पुरस्कार स्वरुप उपलब्ध गराईनेछ । चोरी गरेको माल जफत गर्ने । | | | |
| ३ | बस्तु छाडा छाडेमा | ३.१ | गाईबस्तु छाडा छाडे बापत सार्बजनिक निकायले छाडा वस्तु ब्यवस्थापनको लागी वस्तु धनीलाई पत्रचार गरेको मितिले २४ धण्टा भित्र ब्यवस्थापन नगरेमा दिनको रु.१००। प्रति गोटाका दरले जरिबाना लाग्नेछ । | |
| ४ | अनुमति नलिई सडक पेटी अबरुद्ध गरी ब्यवसाय संचालन वा गाडी पार्किङ्ग गरेमा | ४.१ | सार्बजानिक निकायले सम्बन्धितलाई सुचना दिएको २४ धण्टा भित्र सडक पेटी खाली नगरमा रु.५००। पहिलो पटक र दोस्रो पटक १०००। र तेस्रो पटक रु.१५०० जरिबाना लाग्नेछ । | |
| ५ | सडक वा सडक पेटीमा निर्माण सामाग्री राखी सडक अवरुद्ध गरेमा | ५.१ | सार्बजानिक निकायले त्यस्तो सामाग्री हटाई सडक सुचारु गर्न सुचना जारी गरेको २४ घण्टा भित्र खाली नगरेमा प्रतिदिन रु.१०००। का दरले जारिबाना लाग्नेछ । | |

अनुसूची १४
दफा (१५) सँग सम्बन्धित
घर जग्गा रजिष्ट्रशन
बुद्धभूमि नगरपालिका, नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

अनुसूची (१५)
दफा (१७) सँग सम्बन्धित
ढुङ्गा, गिट्टि, बालुवा एव माटोजन्य वस्तुको बिक्रि शुल्क

| | | | | |
|---|---|---|---|---|
| १ | नदी जन्य पदार्थ निकासी सम्बन्धी | १.१ | नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट) निकासी प्रति फुट | प्रदेशले तोकेबमोजिमको दररेट तथा कार्यपालिकाले निर्धारण गरेको दररेट अनुरुप हुनेछ । |
| २ | माटो सम्बन्धी | २.१ | माटो प्रति फुट | प्रदेशले तोके बमोजिमको दररेट |
| | | २.२ | माटोजन्य पदार्थ ढुवानी गर्दा प्रति घन फुट ५० पैसाका दरले पर्यावरण शुल्क लाग्नेछ । | |
| नोट : | १) नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) निकासी बापतको रोयल्टी ठेक्का बाट संकलन गरिनेछ । ठेक्काबाट व्यवस्थापन हुन नसकेमा नगरपालिकाले आवश्यकता अनुसार नगरपालिकाबाट कर्मचारी खटाई नदिजन्य पदार्थ व्यवस्थापन गर्न सक्नेछ ।<br>२) नगरपालिका भित्र निजि जग्गाबाट निजि तथा व्यावसायिक प्रयोजनका लागि माटो उत्खनन गर्दा बुद्धभूमि नगरपालिकाको निजि जग्गाको माटो उत्खनन, ओसारपसार तथा बिक्रि वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि,२०८० बमोजिम गर्नुपर्नेछ । नगरपालिकाले तोकिए बमोजिमको प्रक्रिया पुरा गरी निकासी अनुमति प्रदान गर्नेछ ।<br>३) यसमा उल्लेख नभएका विषय क्षेत्रहरुको हकमा प्रचलित कानुनमा उल्लेख भए सोही अनुरुप अन्यथा नगर कार्यपालिकाको निर्णय अनुरुप हुनेछ ।<br>४) प्रत्यक्ष मानव स्वास्थ्य ( खाद्य प्रशोधन, लेभलिङ्ग, अस्पताल नर्सिङ होम प्रयोगशालाहरु औषधी पसल लगायत), पशु स्वास्थ्य ( भेटेनरी पसल, भेटेनरी अस्पताल ) प्राकृतिक स्वरुप वा पर्यावरणलाई असर पुर्याउने (सप्लायर्स, ग्रिल उद्योग) खालका व्यवसायको हकमा सम्बन्धित निकायको सिफारिस तथा अनुगमन प्रतिवेदन भएका बखत मात्र व्यवसाय दर्ता/ नविकरण हुनेछ ।<br>५) मानव जीवनलाई प्रत्यक्ष/अप्रत्यक्ष असर पुर्याउने गतिविधिहरु (बंगुरपालन, कुखुरा पालन, फोहोर प्रशोधन तथा कवाडी संकलनको) हकमा स्थलगत प्रतिवेदन सधियारको सहमति लिएर मात्र दर्ता गर्न सकिने छ उक्त क्षेत्रहरु केवल शुल्क/दस्तुर प्रयोजनले मात्र हेरिन बाध्य हुनेछैन । | | | |

नोट : नगरपालिकामा व्यवसायिक रुपमा माटो उत्खनन, ढुवानी तथा नगरपालिकाबाट स्वीकृत योजनाहरुमा प्रयोग हुने नदिजन्य पदार्थ ढुवानीमा प्रयोग गरिने ट्याक्टर, ट्रिपर तथा ब्याक हो लोडर अनिवार्य रुपमा सूचिकृत गरेर मात्र कार्य गर्नुपर्नेछ ।

१. सूचिकृत शुल्क तपशिल बमोजिम लगाईनेछ ।

क) बार्षिक रुपमा ट्याक्टर सूचिकृत शुल्क रु.१,०००।

ख) बार्षिक रुपमा ट्रिपर सूचिकृत शुल्क रु. १,५००।

ग) बार्षिक रुपमा ब्याक हो लोडर सूचिकृत शुल्क रु.२,०००।

अनुसूची (१६)

दफा (१८) सँग सम्बन्धित

ठोस फोहोरमैला व्यवस्थापन शुल्क विवरण मासिक दररेट

| फोहोरमैला विवरण | शुल्क दर रेट | |
|---|---|---|
| | बजार क्षेत्र | ग्रामीण क्षेत्र |
| आवास मात्र एक तला सम्म | १०० | ५० |
| घरमा थप प्रति परिवार थप | ३० | १० |
| व्यवसायिक | | |
| मदिरा पसल | १०० | ५० |
| हल्का पेय पदार्थ जुस समेत | १०० | ५० |
| सुनचांदी पसल | १०० | ५० |
| औषधि पसल सामान्य | २०० | ६० |
| एग्रोभेट पसल | १०० | ५० |
| स्टेशनरी पसल | १०० | ५० |
| मुद्रण सामाग्री | १५० | ५० |
| कपि उधोग | १५० | ६० |
| कस्मेटिक पसल | १५० | ५० |
| मोटरपार्ट्स तथा बोडी बिल्डर्स सामाग्री | १५० | ८० |
| लुब्रिकेशन सेक्शन (मोविल ग्रीस आदी ) | १०० | ५० |

| | | |
|---|---|---|
| प्लाई तथा ग्लास हाउस | २०० | १०० |
| व्याग हाउस | १०० | ५० |
| धागो, टाँक, चूड़ी, शृंगार पूजा सामाग्री पसल | १०० | ५० |
| इलेक्ट्रोनिक/ कंम्प्युटर पसल | १०० | ५० |
| इलेक्ट्रोनिक/ कंम्प्युटर मर्मत पसल | १०० | ५० |
| घडी रेडियो आदी | १०० | ५० |
| अडियो भिडियो | ८० | ४० |
| बिधुत् सामाग्री पसल | | |
| थोक | १५० | ८० |
| खुद्रा | १०० | ५० |
| हार्डवेयर, मेशिनरी पेन्ट्स, सेनेटरी, मार्वल पसल | २०० | १०० |
| पेट्रोलियम पदार्थ | | |
| ३ पम्प वा माथि | १५० | ७५ |
| २ पम्प (डीलर समेत) | १२५ | ८० |
| १ पम्प | १०० | ६० |
| ग्याँस सिलिन्डर डिलर | १०० | ६० |
| सव ग्याँस डिलर | १०० | ५० |
| स्टिल आल्मुनियम पसल | २०० | १०० |
| फर्निचर उधोग | २०० | १०० |
| फर्निचर पसल | १५० | ५० |
| डेकोर पसल | १०० | ६० |
| विविध वर्कशप तथा शोरुम | | |
| बस, ट्रक, ट्रैक्टर, जिप, कार, भ्यान डिलर | २०० | १०० |
| मोटरसाइकिल डिलर | २०० | ८० |
| साइकल पसल | १५० | ७५ |

| | | |
|---|---|---|
| रि-कन्डिशन हाउस तथा वर्क शप | २०० | १०० |
| टायर शोरूम | १५० | ७५ |
| विविध विषयका सामान सप्लायर्स तथा ऐजन्सीहरु | १५० | ७५ |
| दैनिक उपभोग्य वस्तु | | |
| खाद्य सप्लायर्स | १५० | ७५ |
| गल्ला थोक | १५० | ७५ |
| खाद्यान्न किराना थोक | १५० | ७५ |
| खाद्यान्न किराना खुद्रा | १०० | ५० |
| साना किराना पसल | ८० | २५ |
| आलु, प्याज, लसुन थोक | १५० | ७५ |
| फलफूल तथा तरकारी पसल | | |
| थोक | ३०० | १०० |
| खुद्रा | २०० | १०० |
| उखु जुस पसल | २०० | १०० |
| कपडा पसल | | |
| थोक | १५० | ७५ |
| खुद्रा | १०० | ६० |
| फेन्सी पसल | २०० | १०० |
| विशेषज्ञ परामर्श तथा व्यावसायीक सेवा | | |
| इंजिनियरिंग फार्म परामर्श सेवा | १०० | ६० |
| ल फार्म तथा कानुन परामर्श सेवा | १०० | ६० |
| लेखा परीक्षण व्यवसाय तर्फ | १०० | ६० |
| अनुसंधान तथा परामर्श सेवा | | |
| अनुसन्धान फार्म | ८० | ३० |
| बीमा कम्पनी | १०० | ५० |

| | | |
|---|---|---|
| शेयर एजेंट फार्म | १०० | ५० |
| ढुवानी तथा ट्रांसपोर्ट | १५० | ८० |
| संस्थागत पेन्टर्स | ८० | २५ |
| भवन निर्माण | | |
| मिक्स्चर र सटरिंग सामान भएको | १०० | ६० |
| सटरिंग सामान भएको मात्र | १०० | ६० |
| भवन निर्माण व्यवसायी | १०० | ६० |
| वाटर ड्रिलिंग | १०० | ६० |
| उत्पादन मूलक उधोग | | |
| प्लास्टिक उधोग (प्लास्टिक झोला उधोग बाहेक) | २०० | १०० |
| चप्पल उधोग | २०० | १०० |
| स्टिल आल्मुनीयम , ग्रिल तथा स्टिल सामग्री उधोग | २०० | १०० |
| फलामको ग्रिल उधोग | २०० | १०० |
| साबुन उधोग क वर्ग | २०० | १०० |
| जुत्ता उधोग तथा सो रूम | २०० | १०० |
| जुत्ता सोरूम मात्र | १५० | ८० |
| जुत्ता मर्मत | १०० | ५० |
| पशु आहार उधोग | २०० | १०० |
| पशु आहार बिक्री केन्द्र | २०० | १०० |
| पशु पंछी पालन उधोग | १०० | ६० |
| घरेलु कुटीर उधोग | १०० | ६० |
| अगरबत्ती, मैनबत्ती, टिकी, अचार तथा अन्य कुटीर | ८० | ४० |
| कपडा तथा गार्मन्ट उधोग | | |
| कपडा उधोग | २०० | १०० |
| ज्याकेट तथा व्याग उधोग | २०० | १०० |

| | | |
|---|---|---|
| धागो उधोग | २०० | १०० |
| गार्मन्ट उधोग | २०० | १०० |
| ढाका उधोग क श्रेणी | २०० | १०० |
| सिरक डसना उत्पादक | २५० | १०० |
| छाता, सलाई उधोग | २०० | १०० |
| पेय पदार्थ उत्पादन उधोग | | |
| मिनिरल वाटर उधोग | २०० | १०० |
| आइस बरफ उधोग | १५० | ७५ |
| आइसक्रीम उधोग | २०० | १०० |
| सोडा उधोग | १५० | ७५ |
| भांडा उधोग | | |
| काँस, तामा, पित्तलका भांडा उधोग | १५० | ८० |
| अलमुनियम भांडा उधोग | १५० | ८० |
| प्लास्टिक भांडा उधोग | १५० | ८० |
| टिनको बाकस, बाल्टी उधोग | १५० | ८० |
| कुटानी पिसानी | | |
| फलावर मिल | १५० | ८० |
| सेलर मिल | १५० | ८० |
| कुटानी पिसानी | १५० | ८० |
| चिउरा मिल (खरानी र बालुवा नउठाउने गरी) | १५० | ८० |
| मसला उधोग | १५० | ८० |
| डेरी उधोग | २५० | १०० |
| उपभोग्य वस्तु उत्पादन उधोग | | |
| कुकीज, पाउरोटी , नूडल्स उधोग | १५० | ८० |
| कन्फएक्सनरी उधोग | १५० | ८० |

| | | |
|---|---|---|
| बिस्कुट उधोग | १५० | ८० |
| दालमोठ उधोग | १५० | ८० |
| वन जन्य उधोग | | |
| स-मिल प्लाइउड उधोग | २०० | १०० |
| काठ बिक्री डिपो | १५० | ८० |
| काठको फर्निचर उधोग  र सोरूम | २०० | १०० |
| काठको फर्निचर सो रूम | १०० | ५० |
| बेत (बाँस) तथा बाम्बू  सोरूम | १०० | ५० |
| कंक्रीट तथा गिट्टी उधोग | | |
| कंक्रीट ब्लक उधोग | १५० | १०० |
| सेनेटरी उधोग | १५० | १०० |
| गिट्टी चाल्ने सहित  (क) श्रेणीको डबल प्लान्ट क्रेसर उधोग | १५० | ७५ |
| होटल तथा रेस्टुरेन्ट तर्फ | | |
| होटल तथा रेस्टुरेन्ट (उच्च कोटी) हल भएको | ५०० | २०० |
| दिवा तथा रात्री खाना खुवाउने होटल | ५०० | ३०० |
| होटल तथा रेस्टुरेन्ट (उच्च कोटी) हल नभएको | ३०० | १०० |
| होटल तथा लज | ३०० | १५० |
| होटल तथा रेस्टुरेन्ट | २५० | १०० |
| दोहोरी साँझ | २०० | १०० |
| पार्टी प्यालेस | ५०० | २५० |
| रेस्टुरेन्ट | २०० | १०० |
| भोजनालय | १५० | ७५ |
| मिस्टान्न क्याटरिंग पसल समेत | ३०० | १०० |
| मिस्टान्न पसल | १५० | ७५ |
| चिया कफी पसल | १०० | ६० |

| | | |
|---|---|---|
| फास्ट फूड एण्ड क्याफे | १५० | ७५ |
| टेन्ट हाउस | १५० | ७५ |
| क्याटरिंग घरघरमा गर्ने समेत प्रति क्याटरिंग प्रति पटक | २५० | १०० |
| सम्बन्धित स्थानमा छुट्टै रुपमा जाँदा प्रति क्याटरिङ | १००० | ५०० |
| सेवा उधोग | | |
| अफसेट प्रेस | १०० | ६० |
| स्क्रीन प्रिन्ट प्रेस | १०० | ६० |
| लजेर प्रिन्ट प्रेस | १०० | ६० |
| सिनेमा हल | ३०० | ३०० |
| फिल्म डिस्ट्रीब्यूटर्स | १५० | ८० |
| कलर ल्याब सेवा | १०० | ६० |
| भिडिओ मिक्सइँग | १०० | ६० |
| फोटो स्टूडियो | १०० | ५० |
| संचार | | |
| टेलिफोन, फ्याक्स, मोबाईल सेवा प्रदायक कम्पनी | १०० | ६० |
| टि. भी. च्यानल प्रसारण | १०० | ६० |
| केवल च्यानल प्रसारण | १०० | ६० |
| एफ. एम. प्रसारण | १०० | ६० |
| पत्र पत्रिका प्रकाशन सेवा | १०० | ६० |
| कम्यूनिकेशन सेवा | | |
| टूर्स एण्ड ट्राभल्स सेवा | ८० | ५० |
| फोटोकपी, साइबर | ८० | ५० |
| कुरियर्स सेवा मुख्य कार्यालय | ८० | ५० |
| कुरियर्स सेवा शाखा कार्यालय | ८० | ५० |
| वाणिज्य बैंक | १०० | ६० |

| | | |
|---|---|---|
| विकास बैंक | १०० | ६० |
| फाइनान्स कंपनी | १०० | ६० |
| लघु बित्त | १०० | ६० |
| बीमा कंपनीहरु | १०० | ६० |
| मनी एक्सचेनजर | ८० | ५० |
| वित्तीय सहकारी संस्था | १०० | ६० |
| स्वास्थ्य सेवा व्यवसाय (हानिकारक फोहोर बाहेक साधारण फोहोर मात्र) | | |
| गैर सरकारी अस्पताल तथा नर्सींग होम | १००० | ७०० |
| एम आर आई, सिटी स्क्यान, अल्ट्रसाउन्ड क्लिनिक र पोली क्लिनिक | ३०० | २०० |
| प्याथोलोजी | ५०० | ३०० |
| अक्युपन्चर | १०० | ६० |
| एक्सरे | १०० | ६० |
| चस्मा पसल | १०० | ६० |
| निजी मेडिकल | ५०० | ३०० |
| शिक्षा सेवा | | |
| निजी क्याम्पस | २०० | १२५ |
| निजी मा. वि. | २०० | १२५ |
| निजी मा. वि. छात्रावास | १००० | ८०० |
| निजी आधारभूत | १५० | १०० |
| पूर्व प्रा. वि. छात्रावास, मन्टेस्वरी | १५० | १०० |
| पोली टेक्निकल इंस्टिटयूट प्रशिक्षण समेत | १५० | १०० |
| नरसिंङ, सि. एम. ए. प्रशिक्षण समेत | १५० | १०० |
| एजुकेसनल कन्सल्टन्सी सेवा | १५० | १०० |
| कम्प्यूटर इलेक्ट्रोनिक तालिम | १५० | १०० |

| | | |
|---|---|---|
| ड्राइभिङ इंस्टिटयूट | १५० | १०० |
| भाषा, शिक्षा, कोचिंङ सेन्टर | १५० | १०० |
| समुदायिक बिधालय | १५० | १०० |
| मर्मत संभार (कारखाना) | | |
| नया बडी बनाउने | १५० | १०० |
| बडी मर्मत गर्ने | १५० | ७५ |
| लेथ सेक्सन | १५० | १०० |
| टायर डिलर सो-रूम | १५० | १०० |
| टायर रेसोलिङ | १५० | १०० |
| टायर पन्चर मर्मत | १५० | १०० |
| इन्जिन मर्मत | १५० | १०० |
| डेंटिङ पेंटिंग तथा वोल्डींग | १५० | १०० |
| पम्प सेक्सन मर्मत | १५० | १०० |
| व्याट्रि इलेक्ट्रिक सेक्सन मर्मत | १५० | १०० |
| वासिङ सेक्सन | १०० | ४० |
| रिक्सा साइकल मर्मत | १०० | ५० |
| इलेक्ट्रिक सेक्सन मर्मत (टि. भि., डेग, मोबाईल, फ्रीज मर्मत | १०० | ५० |
| रेडियो, घडी, क्यालकुलेटर मर्मत | १०० | ५० |
| मोटरसाइकल वर्कसप | ३०० | १०० |
| जेनेरेटर, फ्रिज मर्मत | १५० | १०० |
| गाडी वर्कसप ठूलो | ८०० | ४०० |
| गाडी वर्कसप सानो | ५०० | ३०० |
| अन्य सेवा | | |
| वैदेशिक रोजगार सेवा परामर्श दाता | १०० | ५० |
| वैदेशिक रोजगार सेवा परामर्श सेवा शाखा | १०० | ५० |

| | | |
|---|---|---|
| सेवा परामर्श दाता | १०० | ५० |
| श्रमिक सेवा परामर्श दाता | १०० | ५० |
| सामान सहित श्रमिक सेवा परामर्श दाता | १०० | ५० |
| ड्राई क्लिनिक, सैलुन तथा ब्यूटीपार्लर | | |
| ब्यूटी पार्लर सेवा, तालिम सहितको (५ जनाभन्दा बढी कलिगड) | ३०० | २०० |
| ब्यूटी पार्लर सेवा | २०० | १०० |
| कलिगड सहितको सैलुन सेवा (२ सिट माथि ) | ३०० | २०० |
| ड्राइक्लिनिक सेवा | १५० | १०० |
| साइन बोर्ड आर्ट व्यवसाय | १५० | ८० |
| पशु वधशाला | २०० | १०० |
| कुखुरा वधशाला | १५० | ८० |
| माछा / मासु बिक्री पसल | ३५० | २५० |
| फूल विरुवा पसल | १०० | ५० |
| भांडा पसल तथा किचन सामाग्री | १०० | ५० |
| खेलौना, गिफ्ट हाउस तथा फोटो फ्रेम पसल (शोरूम) | १०० | ५० |
| सिलाई मसीन मर्मत तथा सिलाई पसल | १०० | ५० |
| हाट बजार प्रति हाट बजार (हाट ठेकेदार वा संस्था) ठेक्का नगरपालिकाले लगाएको बाहेक | ५०० | ३०० |
| हाट बजार नगरपालिकाले ठेक्का लगाएकोमा प्रति महिना | ३५० | २५० |
| हाट बजार सरसफाइको लागि प्रति व्यापारी प्रति हाटबजार | | |
| ठेला व्यवसायी | १०० | ५० |
| माथि उल्लेख नभएका सरकारी तथा गैर सरकारी संस्था | १५० | ७५ |
| माथि उल्लेख नभएका उधोगहरुको हकमा | | |
| ठूला उधोग | ४०० | २०० |
| मझौला उधोग | ३०० | १०० |

| | | |
|---|---|---|
| साना उधोग | १५० | ७५ |
| माथि उल्लेख नभएका अन्य पेसा व्यवसाय | १०० | ५० |

बजार क्षेत्र : गोरुसिंगे बजार क्षेत्र, ईमिलिया बजार क्षेत्र, डुमरा, पत्थरकोट बजार क्षेत्र तथा बिजगौरी बजार क्षेत्र ।

ग्रामीण क्षेत्र : बजार क्षेत्र बाहेकका सबै क्षेत्र ग्रामीण क्षेत्र ।

नोट :

१. आवास तथा पसल समेत रहेको हकमा आपसी समझदारीमा लिन सकिने ।
२. नगरपालिका तथा सो अन्तर्गतका शाखा तथा वडा कार्यालय समेतले गरेका कार्यसँग सम्बन्धित विषयमा फोहोर व्यवस्थापन बापतको शुल्क लिईनेछैन ।
३. नगरपालिकाले ठेक्का लगाएको हाटबजारबाट फोहोर व्यवस्थापन बापतको शुल्क लिँदा आपसि समझदारीमा लिन सकिनेछ ।

आज्ञाले
बासुदेव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

# छाडा पशु चौपाया व्यवस्थापन र नियन्त्रण ऐन,२०८२

नगर सभाबाट स्वीकृत मिति : २०८२।०३।२५ गते

प्रस्तावनाः

बुद्धभूमि नगरपालिका क्षेत्रभित्र छाडा पशु चौपायाहरु (गाई, गोरु, बाच्छा, बाच्छी) को नियन्त्रणसँगै व्यवस्थापन गर्नको लागि नगरपालिकाले तोकेको स्थानमा गौशालाको स्थापना, दिगो व्यवस्थापन तथा सञ्चालन गर्न आवश्यक एवं वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को बमोजिम बुद्धभूमि नगरसभाले यो ऐन बनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बुद्धभूमि नगरपालिकाको स्थानीय छाडा पशु चौपायाको नियन्त्रण र व्यवस्थापन ऐन,२०८२" रहेको छ ।

२. यो ऐन नगरसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "नगरपालिका" भन्नाले बुद्धभूमि नगरपालिका सम्झनु पर्दछ ।

(ख) "नगर कार्यपालिका" भन्नाले बुद्धभूमि नगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "नगर प्रमुख" भन्नाले बुद्धभूमि नगरपालिकाकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(घ) "नगर उप-प्रमुख" भन्नाले बुद्धभूमि नगरपालिकाकाको नगर उप-प्रमुख सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुद्धभूमि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "सम्झौता" भन्नाले बुद्धभूमि नगरपालिका क्षेत्र भित्रका छाडा पशुचौपाया (गाई, गोरु, बाच्छा, बाच्छी) नियन्त्रण र व्यवस्थापन गर्न गौशाला सञ्चालन तथा व्यवस्थापनका लागि बुद्धभूमि नगरपालिका र गौशाला सञ्चालन र व्यवस्थापन गर्न चाहने संस्था वा व्यक्तिसंग यस ऐन बमोजिम भएको सम्झौता सम्झनु पर्दछ ।

(छ) "गौशाला" भन्नाले बुद्धभूमि नगरपालिका क्षेत्र भित्र छाडा पशुचौपायाहरुको व्यवस्थापनका लागि बुद्धभूमि नगरपालिकाले तोकेको छाडा पशुचौपाया व्यवस्थापन गरिने चरन सहितको जग्गा जमिन सो मा निर्मित चौपाया बस्ने संरचना (शेड) सहितको क्षेत्रलाई सम्झनु पर्दछ ।

(ज) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई गौशाला व्यवस्थापन तथा सञ्चालन गर्न सम्झौता गर्ने संस्था सम्झनु पर्दछ ।

(झ) "कार्यालय" भन्नाले बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ञ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम,

कार्यविधि एवं नगरपालिकाले समय समयमा दिएको निर्देशन समेतलाई सम्झनु पर्दछ ।

(ट) "सञ्चालक"भन्नाले यस ऐन बमोजिम गौशाला सञ्चालन र व्यवस्थापनका लागि छनौट भएको संस्था वा व्यक्ति सम्झनु पर्दछ ।

(ठ) "वन पैदावार" भन्नाले गौशाला क्षेत्रमा रहेका रुख, विरुवा, काठ तथा औषधिजन्य वनस्पति सम्झनु पर्दछ ।

## ३. गौशालाको स्थापनाः

(१) बुद्धभूमि नगरपालिका क्षेत्रभित्र आश्रित छाडा पशु चौपाया (गाई, गोरु, बाच्छा, बाच्छी) हरुको व्यवस्थापन र नियन्त्रणका लागि बुद्धभूमि नगरपालिकाले तोकिएको स्थानमा गौशाला स्थापना, निर्माण, सञ्चालन र व्यवस्थापन गर्नेछ ।

(२) स्थापित गौशालाको सञ्चालन विधि यसै ऐन बमोजिम हुनेछ ।

(३) गौशालाको स्वामित्व बुद्धभूमि नगरपालिकामा रहनेछ ।

(४) गौशालाको क्षमता भन्दा बढी चौपायाको वैकल्पिक व्यवस्था गर्न सकिनेछ तर यो ऐन बमोजिम स्थापित गौशाला स्थानान्तरण र विस्थापन गरिने छैन ।

## ४. गौशाला स्थापना र सञ्चालनको उद्देश्यः

(१) बुद्धभूमि नगरपालिका क्षेत्रभित्र आश्रित तथा उपलब्ध हुने पशु चौपायाहरुको व्यवस्थापन गरी नगर क्षेत्रभित्र आवत जावतका लागि स्वच्छ वातावरण कायम गर्ने,

(२) पशु चौपायाहरुको बासस्थान र आहार-विहारको व्यवस्था गरी संरक्षण गर्ने ,

(३) पशु तथा प्राणीहरुको रक्षा गर्ने,

(४) पशु चौपायाको दिगो रुपमा संरक्षण गरी गौशाला तथा गौशाला क्षेत्रलाई बहुउद्देश्यीय पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने,

(५) पशु चौपायाहरुबाट मानिसको लागि हुने फाईदाहरुको बारेमा जनचेतना अभिवृद्धि गर्ने,

(६) गौशालालाई बुद्धभूमि नगरपालिकाको स्थायी सम्पदाको रुपमा विकसित गर्ने ।

## ५. गौशाला सञ्चालक संस्था वा व्यक्ति छनौट गर्न सकिनेः

(१) बुद्धभूमि नगरपालिकाद्वारा स्थापना र सञ्चालन हुने गौशालाको सञ्चालन र व्यवस्थापनका लागि कुनै व्यक्ति वा संस्थालाई छनौट गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गौशाला सञ्चालन तथा व्यवस्थापन छनौटका लागि कार्यालयले १५ दिनको सार्वजनिक सूचना आव्हान गर्न सक्नेछ ।

(३) यस ऐन तथा यस ऐनको उद्देश्य बमोजिम गौशाला सञ्चालन र व्यवस्थापन गर्न चाहने संस्था वा व्यक्तिले कार्ययोजना सहित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमका निवेदन उपर छानविन गरी विश्वास लायक संस्था वा व्यक्तिलाई नगर कार्यपालिकाले निर्णय गरी गौशाला सञ्चालन र व्यवस्थापनको जिम्मेवारी

दिन सक्नेछ ।

(५) संस्था वा व्यक्ति छनौट गर्ने वा अस्वीकृत गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ ।

(६) छनौट भएका संस्था वा व्यक्तिसँग तोकिए बमोजिम सम्झौता गरिनेछ ।

(७) सम्झौतामा उल्लेखित शर्तहरु यसै ऐनको अङ्ग मानिनेछ ।

(८) गौशाला सञ्चालन र व्यवस्थापनको लागि प्रथम पटक १० वर्षको लागि सम्झौता गरी हस्तान्तरण गर्न सकिनेछ ।

(९) सम्झौता बमोजिम गौशाला सञ्चालनको कार्य सन्तोषजनक देखिएमा सम्झौता नविकरण गरी अवधि थप गर्न सकिनेछ ।

(१०) गौशाला सञ्चालन व्यवस्थापन गर्न छनौट भएका संस्था वा व्यक्तिले गौशाला सञ्चालनका लागि निर्माण भएका वा कार्यालयद्वारा निर्माण हुने संरचनाहरुको उपयोग गर्न पाउनेछन् ।

## ६. गौशाला सञ्चालकको काम कर्तव्य र अधिकारः

(१) गौशाला परिसरमा मानव स्वास्थबर्धक तथा धार्मिक प्रकृतिका (वर पिपल आदि) वृक्षारोपण र संरक्षण, गोबर्धन पर्वत निर्माण, सहस्रधारा निर्माण, पाँच सय जना क्षमताको आधुनिक सुविधायुक्त सभाहल निर्माण, आधुनिक कार्यशाला, सन्त महन्त तथा गुरुहरुका लागि आवासगृह निर्माण, गुरुकुल शिक्षालयको स्थापना, संरचना निर्माण र सञ्चालन लगायतका धार्मिक तथा शैक्षिक पर्यटकीय कार्यहरु समेतको व्यवस्था गर्ने ।

(२) धार्मिक तथा मनोरञ्जनात्मक पर्यटन प्रबर्धनका लागि आवश्यक मन्दिर, धर्मशाला, पार्क, बगैंचा, प्रवचन हल, चमेनागृह, योग तथा ध्यान केन्द्र निर्माण र सञ्चालन गर्ने ।

(३) गौ मल-मुत्र प्रशोधन केन्द्र, प्राङगारिक मल कारखाना, गड्यौला मल उत्पादन, अर्गानिक फलफूल र तरकारी उत्पादन गर्ने र बिक्री वितरण तथा नगरपालिकाले तोकेको स्थान, व्यक्ति वा संस्थालाई उपलब्ध गराउने । साथै उपमहानगरपालिकाले आवश्यक ठानेमा अन्य स्थानमा पनि गौशालाको स्थापना र निर्माण गर्न सक्नेछ । उक्त स्थापित गौशालाको संचालन र व्यवस्थापनको विधि समेत यसै ऐन बमोजिम हुनेछ ।

(४) गौशालामा अधिकतम पशु चौपाया व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण पशु आहार-चरनको व्यवस्थापन र सञ्चालनका लागि आवश्यकतानुसार स्थानीय सरकार मार्फत नेपाल सरकार, प्रदेश सरकार, सामुदायिक वन उपभोक्ता समुह लगायतका संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरी स्थानीय सरकारको सहमतिमा आवश्यक कार्यहरु गर्ने ।

(५) चौपायाहरुको व्यवस्थापन, औषधि उपचार एव हेरालु समेतको बन्दोबस्त गर्ने ।

(६) उत्पादित दूध तथा दूग्धजन्य पदार्थ, मल-मूत्र, फलफूल समेतको व्यवस्थापन र बिक्री गरी आय आर्जन गर्ने ।

(७) गौशालालाई पर्यटकीय क्षेत्रको रुपमा विकास र पर्यटक आगमनको लागि प्रचार प्रसार

गर्ने तथा पर्यटक आकर्षित हुने खालका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(८) गौशालामा रहेका र गौशालामा रही मरेका पशुचौपायाहरुको अभिलेख राख्ने ।

(९) आय-व्ययको दुरुस्त लेखा राख्ने। लेखापरीक्षण गरी वार्षिक प्रतिवेदन नगरपालिकामा पेश गर्ने ।

(१०) गौशाला सञ्चालन तथा पर्यटक क्षेत्र प्रबर्धनका लागि अध्ययन गरी नगरपालिकालाई राय सुझाव दिने ।

(११) छाडा पशुचौपाया संकलन गरी गौशालामा लगि व्यवस्थापन गर्ने ।

(१२) गौशाला सञ्चालन र व्यवस्थापनको जिम्मेवारी लिने व्यक्ति वा संस्थाले गौशालाका लागि आवश्यक आर्थिक, भौतिक र जनशक्ति व्यवस्थापनका कार्यहरु आफैले व्यवस्था गर्नु पर्नेछ ।

(१३) गौशाला क्षेत्रमा हरियाली प्रबर्धन, पार्क निर्माण र फलफूल लगायतका अन्य विरुवा रोपेर उक्त ठाउँलाई सुन्दर रमणीय र पर्यटकीय स्थलको रुपमा विकास गर्नु पर्नेछ ।

(१४) योग तथा ध्यान केन्द्र नियमित सञ्चालन गर्ने ।

(१५) बुद्धभूमि नगरपालिकाका पूर्व प्रमुखहरु र उपप्रमुखहरु उक्त गौशालाका आजीवन सदस्य रहनेछन । निजहरुको पदीय दायित्व रहने छैन । सल्लाहकारको भूमिका रहने छ ।

## ७. गौशाला सञ्चालन गर्ने व्यक्ति वा संस्थाले देहायका कार्यहरु समेत गर्न सक्नेछ ।

(१) कुनै व्यक्ति वा संस्थाले निजी गाईवस्तु बुझाउन ल्याएमा प्रति पशुचौपाया तोकिए बमोजिमको शुल्क लिई गाई वस्तु बुझि लिने,

(२) कारणवस छुटेको घरपालुवा पशुचौपाया कुनै व्यक्ति संस्था वा नगरपालिका मार्फत गौशालामा जिम्मा दिएकोमा सो पशुचौपायाको वास्तविक मालिक सो गाईवस्तु पहिचान गरी माग गर्न आएमा पुनःछाडा छोड्न नपाउने कबुलियत गराई प्रति चौपाया तोकिएको शुल्क लिई जिम्मा दिने,

(३) छाडा गाईवस्तु बुझाउन ल्याउने व्यक्ति वा संस्थालाई सहयोग तोकिएको रकम उपलब्ध गराउने,

(४) गाईवस्तु पाल्न चाही माग गर्नेलाई छाडा छोड्न नपाउने कबुलियत गराई दूधालु,कोरेली र गोरुको प्रतिचौपाया तोकिए बमोजिमको शुल्क लिई दिन सकिनेछ ,

(५) निजी गाईवस्तु छाडा छोड्नेको पहिचान गरी नगरपालिकामा जानकारी गराउने ।

## ८. नगरपालिकाको भूमिका र दायित्वः

(१) गौशाला सञ्चालनको लागि नगरपालिकाले तोकिए बमोजिमको स्थान उपलब्ध गर्ने गराउने,

(२) गौशालाको पूर्वाधार निर्माण, व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक प्रबन्ध गर्ने

र आवश्यक परामर्श दिने,

(३) गौशाला सञ्चालन र व्यवस्थापनका लागि आवश्यक आर्थिक तथा भौतिक एवं जनशक्तिको सहयोग गर्ने,

(४) यस ऐन बमोजिम कुनै संस्था वा व्यक्तिलाई गौशाला सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण भएमा संचालकले बुद्धभूमि नगरपालिका नगरकार्यपालिकाको कार्यालयसंग कुनै संरचना निर्माण गर्न वा आर्थिक सहयोग हकदाबी गर्न पाउने छैन । तर उपदफा (२) र (३) बमोजिम आवश्यकता र औचित्यताको आधारमा सहयोग गर्न बाधा पर्ने छैन ।

(५) गौशालाको दिगो व्यवस्थापन र सञ्चालनका लागि आवश्यक अनुगमन, नियमन र उपयुक्त निर्देशन दिने,

(६) सरोकारवाला निकाय संघ संस्था र सञ्चालकसंग समन्यकारी भुमिका निर्वाह गर्ने ।

## ९. गौशाला सञ्चालन वा सञ्चालन र व्यवस्थापनको जिम्मेवारी लिने संस्था वा व्यक्तिले गर्न नहुने कार्यः

(१) गौशालामा रहेका पशुचौपायाहरु कुनै पनि व्यक्ति वा संस्थालाई बिक्री वितरण गर्न,

(२) कुनै किसिमले पशुचौपायाहरु निकासी गर्न, तर गौशालाको क्षमता भन्दा बढी भएका पशुचौपायाहरु कार्यालयको सहमतिमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारले स्थापना गरेको नेपाल वा लुम्बिनी प्रदेशभित्र स्थापना भएको गौशालामा अभिलेख हुने गरी चौपाया स्थानान्तरण तथा हस्तान्तरण गर्न सकिनेछ,

(३) नगरपालिकाले उपलब्ध गराएको वा तोकेको क्षेत्र भन्दा बढी जमिनमा भौतिक संरचना निर्माण गर्न र रुख बिरुवा काट्न, मास्न तथा बेचबिखन गर्न,

(४) वन पैदावार निकासी तथा बिक्री वितरण गर्न,

**१०. गौशालाको आम्दानी :** देहायको आम्दानीबाट गौशाला सञ्चालनको लागि तोकिए बमोजिमको एक कोष हुनेछ ।

(१) सदस्यता शुल्क

(२) सङ्घीय सरकार, स्थानीय सरकारबाट प्राप्त सहयोग

(३) विदेशी सरकार, स्वदेशी तथा विदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त सहयोग तथा उपहार

(४) चौपाया हस्तान्तरण गर्दा हुने आम्दानी, दुध तथा दुग्ध पद्धार्थ बिक्री, चौपायाको मल-मूत्र तथा गड्यौला मल बिक्री, फलफूल तथा तरकारी बिक्री र प्रवेश शुल्कबाट हुने आम्दानी रकम लगायत आदि ।

(५) विदेशी सरकार, संघ संस्था वा व्यक्तिबाट सहयोग लिंदा प्रचलित कानून बमोजिम नेपाल सरकारको स्वीकृत र स्थानीय सरकारको सहमति लिनु पर्नेछ ।

(६) प्रवेश शुल्क कार्यालयले निर्धारण गरेको दररेट अनुसार कार्यालयको सहमतिमा मात्र लिन

पाइनेछ ।

(७) गौशालाबाट प्राप्त हुने आम्दानी यस ऐनको उद्देश्य बमोजिमको भौतिक पूर्वाधार निर्माण गर्नमा मात्र खर्च गर्नु पर्नेछ । गौशालाबाट प्राप्त आम्दानी अन्यत्र लगानी गर्न वा सो आम्दानीबाट अन्यत्र गौशाला निर्माण गर्न पाइने छैन ।

(८) यस ऐन बमोजिम गौशाला व्यवस्थापन र सञ्चालनको लागि संस्था वा व्यक्ति छनौट भई सञ्चालन व्यवस्थापन हस्तान्तरण भएको अवस्थामा बाहेक बुद्धभूमि नगरपालिका, स्थानीय संघ संस्था वा स्थानीयबासी समेतको सहभागितामा गौशाला संचालक समिति गठन गरी गौशाला सञ्चालन गर्ने भएमा वा गरेमा तोकिए बमोजिमको सदस्यता शुल्क लिई सदस्यता प्रदान गर्ने व्यवस्था गर्न सकिनेछ ।

(९) कुनै धार्मिक यज्ञ, पूजा ब्रतबन्ध, विवाह तथा विभिन्न कार्यक्रम गरी आर्थिक संकलन गर्न सकिने छ ।

(१०) ब्रतबन्ध, विवाह, धार्मिक तथा अन्य कार्यक्रमको शुल्क नगरकार्यपालिकाको बैठकबाट वा नियमावली वा कार्यविधि वा निर्देशिकामा तोकिए बमोजिम मात्र लिन सकिनेछ । यज्ञ गरी जम्मा भएको रकम यज्ञ सकिएको पन्ध्र दिन भित्र सार्वजनिक गर्नु पर्नेछ ।

## ११. लेखा र लेखापरीक्षणः

(१) गौशाला सञ्चालन गर्ने संस्था वा व्यक्तिले लेखाका मान्य सिद्धान्त बमोजिम लेखा राखी वार्षिक लेखापरीक्षण मान्य लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

(२)गौशालाबाट हुने आम्दानी र गौशालाको लागि प्राप्त हुने सहयोग, अनुदान, गौशालाको विकास र प्रबर्धनमा मात्र खर्च गर्न पर्नेछ ।

**१२. सञ्चालक तथा लगानीकर्ताको लगानीको सुरक्षाः** यस ऐन बमोजिम गौशाला संचालन र व्यवस्थापनको लागि छनौट भई सम्झौता सम्पन्न भएका संघ संस्था वा व्यक्तिको भौतिक तथा बौद्धिक श्रम, लगानी र लगानीको प्रतिफल समेतमा असर पर्ने गरी सम्झौतामा उल्लेखित समयावधि भित्र सम्झौता रद्द गरिने छैन । तर यस ऐन प्रतिकुल गौशाला संचालकले कुनै गरेमा लिखित सुचना दिई सम्झौता रद्द गर्न सक्नेछ।

**१३. सम्झौता रद्द हुन सक्ने अवस्थाः** (१) सम्झौता भएको ६ महिना सम्म गौशाला सञ्चालन सम्बन्धी कार्य प्रारम्भ नगरेमा,

(२) पशुचौपायाको निकासी गरेमा,

(३) पशुचौपाया पैठारी गरेमा,

(४) कानूनद्धारा निषेधित कार्य गरेमा ।

**१४. सम्पत्तिको स्वामित्वः** (१) सम्झौता अवधी सकिएमा वा यस ऐन बमोजिम सम्झौता रद्द भएमा गौशालामा निर्माण भएका सम्पूर्ण पूर्वाधार सहितका चल अचल सम्पत्तिको स्वामित्व बुद्धभूमि नगरपालिकाको हुनेछ ।

**१५. सजाय सम्बन्धी व्यवस्थाः** (१) पशु चौपायाको निकासी पैठारी गरेमा वा वन पैदावार बिक्री वितरण गरेमा प्रचलित कानून बमोजिम अनुसन्धान र कारवाही गर्न सम्बन्धित

निकायमा लेखी पठाइनेछ ।

**१६. नियम बनाउन सक्नेः** (१) यो ऐनको उद्देश्य पूर्ति गर्न नगरकार्यपालिकाले आवश्यकता अनुसार नियमावली वा कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

**१७. विविधः** (१) यो ऐन लागु भएपछि कोही कसैले घरपालुवा पशु चौपाया छाडा छोड्न छोडाउन पाइने छैन ।

(२) पशु चौपाया छाडा छोड्नेलाई यस ऐन बमोजिम जरिवाना गरिनेछ र छाडा छोडेको पशुचौपाया निजले लगी पाल्नु पर्नेछ।

(२) कोही कसैले घरपालुवा पशु चौपाया छाडा छोडेको वा छोडाएको पाइएमा त्यस्तो व्यक्तिलाई एक हजार देखि पाँच हजार सम्म रुपैंया जरिवाना गरिनेछ । पटकेलाई पटकै पिच्छे थप दुई हजार रुपैंया जरिवाना गरिनेछ ।

(३) नगरपालिकाले दिएको निर्देशनको पालना नगर्ने गौशाला सञ्चालक संस्था वा व्यक्तिलाई पटकै पिच्छे नगरपालिकाले पन्ध्र हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

**१८. खारेजी र बचाउः**

(१) यो ऐन लागु हुनु भन्दा पहिला सञ्चालनमा रहेको गौशाला यसै ऐन बमोजिम सञ्चालन भएको मानिनेछ ।

(२) यो ऐन बमोजिम गौशाला सञ्चालन र व्यवस्थापन सम्झौता भई हस्तान्तरण नहुँदा सम्म नगरपालिकाले नै गौशाला सञ्चालन र व्यवस्थापन गरेको मानिनेछ ।

(३) गौशाला सञ्चालन गर्न कुनै व्यक्ति, संघ, संस्था अथवा धार्मिक संस्थालाई हस्तान्तरण नगर्दा सम्म बुद्धभूमि नगरपालिकाबाट सञ्चालन गरिनेछ । गौशाला सञ्चालनका लागि सम्पूर्ण व्यवस्था नगरपालिकाबाट नै हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कार्यविधिका आधारमा भए गरेका कार्यान्वयन हुन बाँकी निर्णय सहितका अन्य प्रक्रिया निष्क्रिय हुनेछन् ।

आज्ञाले
बासुदेव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

# बुद्धभूमि नगरपालिका नदीजन्य पदार्थ उत्खनन, संकलन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८२

नगर सभाबाट स्वीकृत मिति : २०८२।०३।२५

बुद्धभूमि नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी अध्ययन प्रतिवेदन तयारी, स्वीकृति, प्रस्ताव कार्यान्वयन तथा अनुगमन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाई यस क्षेत्र भित्रका नदीहरुबाट ढुङ्गा, बालुवा, गिट्टी, मिस्कट, भस्कट र दहत्तर बहत्तर जस्ता प्राकृतिक स्रोतको दिगो तथा प्रभावकारी व्यवस्थापन एवं सदुपयोग गर्दै नगरपालिकाको आन्तरिक आय वृद्धि साथै बन्दोबस्ती गर्न बाञ्छनीय भएकोले बुद्धभूमि नगरसभाले यो विधेयक जारी गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "बुद्धभूमि नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन, संकलन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८२" रहेको छ।

(२) यो ऐन बुद्धभूमि नगरपालिका नगर सभाबाट पारित भई राजपत्रमा प्रकाशन भएको मितिदेखि नगरपालिका क्षेत्रभित्र लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) 'ऐन' भन्नाले बुद्धभूमि नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन संकलन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८२ लाई सम्झनु पर्दछ।

(ख) 'प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समिति' भन्नाले यस ऐन बमोजिम गठित अनुगमन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ग) "कार्यसूची" भन्नाले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नको लागि यस ऐन बमोजिम स्वीकृत कार्यसूची सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले बुद्धभूमि नगरपालिका सम्झनु पर्छ।

(ङ) "कार्यालय" भन्नाले बुद्धभूमि नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ। सो शब्दले यस नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुलाई समेत सम्झनु पर्छ।

(च) "प्रमुख" भन्नाले बुद्धभूमि नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

(छ) "उप-प्रमुख" भन्नाले बुद्धभूमि नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्छ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुद्धभूमि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(झ) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको नदीजन्य पदार्थको उत्खनन, संकलन, भौतिक क्रियाकलाप वा भू-उपयोगमा कुनै परिवर्तन गर्ने कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ञ) "प्रस्तावक" भन्नाले प्रस्ताव स्वीकृतिको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, फर्म, कम्पनी वा सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय वा संघ संस्था सम्झनु पर्छ ।

(ट) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले नगरपालिका क्षेत्रभित्रको कुनै खोला/नदीबाट नदीजन्य पदार्थ उत्खनन, संकलन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकीन गर्नुका साथै त्यस्तो प्रभावलाई निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

(ठ) "वातावरण" भन्नाले प्राकृतिक, साँस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप र यिनी बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्धलाई सम्झनु पर्छ ।

(ड) "वातावरणीय अध्ययन" भन्नाले नगरपालिका क्षेत्रभित्रको कुनै खोला/नदीबाट नदीजन्य पदार्थ उत्खनन, संकलन उपयोग गर्दा वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायका सम्बन्धमा गरिने संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ ।

(ढ) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(ण) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले नगरपालिका क्षेत्रभित्रको कुनै खोला/नदीबाट नदीजन्य पदार्थ उत्खनन, संकलन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ ।

(त) "वडा स्तरीय अनुगमन समिति" भन्नाले यस ऐन बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

(थ) "घाटगद्दी" भन्नाले नदीजन्य पदार्थ उत्खनन, सङ्कलन वा प्रशोधन गरी नापजाँच गर्नका लागि अस्थायी भण्डारणका लागि तोकिएको स्थानलाई सम्झनु पर्दछ ।

(द) "नदीजन्य पदार्थ" भन्नाले नदी, खोला, खहरे, नहर र कुलोले बगाई ल्याई नदी किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको वा थुप्रिएको ढुङ्गा, बालुवा, गिट्टी मिस्कट, भस्कट, दहत्तर बहत्तर तथा गेग्रानलाई सम्झनु पर्दछ ।

(ध) "व्यवसायी" भन्नाले यस ऐन बमोजिम नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, घाटगद्दी तथा बिक्री गर्न इजाजत प्राप्त गरेको व्यवसायी सम्झनु पर्दछ ।

(न) "शुल्क" भन्नाले नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त रकमलाई जनाउने छ। यो शब्दले निजी जग्गाबाट व्यवसायिक प्रयोजनका लागि उत्खनन, सङ्कलन तथा बिक्री भएको नदीजन्य पदार्थ वा माटो वापत प्राप्त हुने सेवा शुल्क समेत सम्झनु पर्दछ।

(प) "परिमाण" भन्नाले घाटगद्दीमा रहेका नदीजन्य पदार्थको परिमाण सम्झनु पर्दछ।

(फ) "अनुगमन प्रतिवेदन" भन्नाले IEE, EIA Report, प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समिति र वडा स्तरीय अनुगमन समितिले दिएको लिखित प्रतिवेदनलाई जनाउँदछ।

## परिच्छेद-२

## वातावरणीय अध्ययन, प्रस्ताव छनौट तथा कार्यसूची सम्बन्धी व्यवस्था

३. वातावरणीय अध्ययन, प्रस्ताव छनौट तथा कार्यसूची सम्बन्धी व्यवस्था: (१) स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा (६२) (क) बमोजिम नगरपालिका क्षेत्रभित्रबाट ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य वस्तुको विक्री सम्बन्धी कार्यको लागि वातावरणीय अध्ययन गर्न सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन गर्न आवश्यक पर्ने सूची तयार गर्दा सङ्घीय वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ को आधारमा संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी छुट्टाछुट्टै कार्य सूची तयार गर्नु पर्नेछ।

४. कार्यसूची तयारी तथा स्वीकृति गर्नुपर्ने: (१) प्रस्तावकले संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षणको लागि छुट्टाछुट्टै कार्यसूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको कार्यसूची स्वीकृतिको लागि नदीजन्य विषय हेर्ने प्राविधिक शाखामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको कार्यसूची स्वीकृतिका लागि पेश गर्नु अघि नदीजन्य विषयसँग सम्बन्धित प्राविधिक शाखाको राय सुझाव सहित पेश गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम पेश भएको संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी कार्यसूची प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रमुखले र प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूची भए नगर प्रमुख मार्फत कार्यपालिकाले आवश्यक जाँचबुझ गरी स्वीकृत गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम कार्यसूची स्वीकृत गर्दा यस ऐनको दफा (९) को उपदफा (१) बमोजिम गठित प्राविधिक समितिको सिफारिशमा गर्नु पर्नेछ।

५.सार्वजनिक सुनुवाई गर्नुपर्ने: (१) प्रस्तावकले प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव सङ्कलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक सुनुवाई गर्दा प्रस्तावकले प्रभावित स्थानीय समुदाय, वन उपभोक्ता समूह गठन भएको भए सो समूहका प्रतिनिधि, वडा अध्यक्ष वा वडा समितिका प्रतिनिधिको रोहवरमा गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सार्वजनिक सुनुवाई गर्ने प्रयोजनका लागि प्रस्तावकले तोकेको मिति, समय, स्थान र प्रस्तावको सम्बन्धमा प्रचार प्रसार गर्नको लागि स्थानीय पत्रपत्रिका, रेडियो वा अन्य सञ्चार माध्यमको प्रयोग गर्नुका साथै सम्बन्धित वडा कार्यालय र आयोजना क्षेत्रको कुनै सार्वजनिक स्थलमा सूचना समेत टाँस गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम गरिने सार्वजनिक सुनुवाई कार्यक्रममा प्रभावित क्षेत्रका नागरिक, समुदाय तथा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा जोखिम रहेका वर्गको सहभागिता सुनिश्चित गर्न प्रस्तावकले उपदफा (२) बमोजिमको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिका, रेडियो र अन्य सञ्चार माध्यमबाट सम्भव भएसम्म स्थानीय भाषामा समेत प्रचार प्रसार गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम आयोजना गरिएको सार्वजनिक सुनुवाईमा भएको उपस्थिति, सुनुवाईबाट प्राप्त सुझाव, तस्वीर तथा श्रव्य-दृश्य सामग्री समेत वातावरणीय अध्ययन प्रतिवेदनमा संलग्न गर्नु पर्नेछ ।

६.वातावरणीय अध्ययन प्रतिवेदन तयारी तथा स्वीकृति सम्बन्धी व्यवस्था: (१) यस ऐनको दफा ४ बमोजिम स्वीकृत कार्यसूची र दफा ५ बमोजिम प्रस्ताव कार्यान्यवन हुने क्षेत्रमा गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त सुझाव समेतको आधारमा प्रस्तावकले प्रत्येक नदी/खोलाको लागि छुट्टाछुट्टै वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्रतिवेदन तयार गर्दा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका सम्बन्धित सरोकारवाला निकाय व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा सात दिनभित्र लिखित सुझाव उपलब्ध गराउन कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था वा कुनै सार्वजनिक स्थलमा सूचना टाँस गरी मुचुल्का तयार गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको सूचना कुनै राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशन गरी आफ्नो वेवसाइट भएमा सोमा समेत प्रकाशन गर्नु पर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम सूचना टाँस वा प्रकाशन भएकोमा सो सम्बन्धमा कसैको रायसुझाव भए सूचनामा उल्लिखित अवधिभित्र सम्बन्धित प्रस्तावकलाई आफ्नो राय सुझाव दिन सकिनेछ ।

(६) यस ऐन बमोजिम स्वीकृत कार्यसूची एव वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले डेस्क

अध्ययन, स्थलगत भ्रमण, अवलोकन र प्रभाव क्षेत्रका लक्षित समुदाय तथा सरोकारवालासँग अन्तरक्रिया गरी तथ्याङ्क तथा सूचना संकलन गर्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदनमा प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणमा पर्न सक्ने सकारात्मक प्रभाव बढोत्तरी तथा नकारात्मक प्रभाव न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरुको विस्तृत अध्ययन विश्लेषण गरी त्यस्ता विकल्पहरुमध्ये वातावरणीय दृष्टिकोणले प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण समावेश गर्नु पर्नेछ।

(८) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा तोकिए बमोजिमका विज्ञ मार्फत तयार गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम वातावरणीय अध्ययन कार्यमा संलग्न विज्ञहरु स्थलगत अध्ययन, अवलोकन, राय परामर्श र अन्तरक्रियाका लागि आयोजना तथा कार्यक्रमको प्रस्तावित स्थलमा अनिवार्य रुपमा उपस्थित हुनु पर्नेछ।

(१०) वातावरणीय अध्ययन सम्बन्धी कार्यसूची तथा वातावरणीय अध्ययन प्रतिवेदन नेपाली भाषामा तयार गर्नु पर्नेछ।

तर कार्यसूची तथा प्रतिवेदनमा उल्लेख गरिने प्राविधिक शब्दावलीको लागि नेपाली भाषा प्रयोग गर्दा शब्दको आशयमा नै तात्विक फरक पर्ने भएमा त्यस्ता शब्द अंग्रेजी भाषामा उल्लेख गर्न यस ऐनले वाधा पुरयाएको मानिने छैन।

(११) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ले तोके अनुसारको मापदण्ड र गुणस्तर कायम हुने गरी यस ऐनले निर्धारण गरेको ढाँचामा तयार गर्नु पर्नेछ।

(१२) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी सम्बन्धी व्यवस्था प्रचलित सङ्घीय तथा प्रदेश कानून बमोजिम हुनेछ।

७.अध्ययन प्रतिवेदनको स्वीकृति: (१) यस ऐन बमोजिम तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) बमोजिम पेश भएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय प्रतिवेदन उपर अध्ययन, विश्लेषण तथा पुनरावलोकनको लागि तोकिए बमोजिम गठित प्राविधिक समितिमा पठाउनु पर्नेछ।

(३) प्राविधिक समितिले उपदफा (२) बमोजिम प्राप्त भएको वातावरणीय अध्ययन प्रतिवेदन उपर आवश्यक अध्ययन, परामर्श, जाँचबुझ, विश्लेषण तथा पुनरावलोकन गरी स्वीकृतिको लागि सिफारिश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राविधिक समितिको सिफारिशको आधारमा प्रस्तावित आयोजना कार्यान्वयन गर्दा वातावरणमा कुनै उल्लेख्य प्रभाव पर्ने नदेखिएमा आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकी संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन भए प्रमुखले र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए कार्यपालिकाले स्वीकृत गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले पेश गर्नेछ ।

८. प्रतिवेदन परिमार्जन गर्न सकिने: संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भई सकेपछि सो प्रतिवेदनको क्षमता र स्वरुपमा परिमार्जन गर्नुपर्ने वा फेरबदल गर्नुपर्ने भएमा वा थपघट गर्नुपर्ने भएमा नगर कार्यपालिकाले त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन परिमार्जन गर्न स्वीकृति दिन सक्नेछ ।

९.प्राविधिक समिति गठन गर्ने: (१) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूची तथा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नुअघि सो प्रतिवेदनको प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरी सिफारिश गर्न कार्यपालिकाले सम्बन्धीत विषय हेर्ने इन्जिनियरको संयोजकत्वमा प्राविधिकहरु सहितको कम्तिमा ३ सदस्यीय प्राविधिक समिति गठन गर्नेछ ।

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयगत निकायका प्रमुख तथा प्रतिनिधि वा विषय विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

१०. प्राविधिक सहयोग लिन सक्ने: आयोजना वा कार्यक्रमका लागि गरिने वातावरणीय अध्ययन सम्बन्धी कार्य नगरपालिकाको आन्तरिक जनशक्तिबाट गर्न संभव नभएको अवस्थामा सम्बन्धित विषय विज्ञहरु वा व्यवसायिक परामर्शदाताको सहयोग लिन सकिनेछ ।

११ मेशिनरी औजार प्रयोग कार्ययोजना बनाउन सक्ने : (१) नगरपालिकाले प्रारम्भिक वाताव‌णीय परीक्षण प्रतिवेदनको अधिनमा रही नदिजन्य पदार्थ उत्खनन संकलन गर्न प्रयोग गरिने मेशिनको आवश्यक अधिकतम संख्या तोकी प्राविधिकहरुबाट मेशिन प्रयोग कार्ययोजना बनाई स्वीकृत गरेर मात्र कार्यान्वयन गर्नुपर्नेछ । मेशिन प्रयोग सम्बन्धमा प्राविधिकबाट तयार गरिएको मेशिन प्रयोग कार्ययोजनाको आधारमा निश्चित अवधि तोकी नगर कार्यपालिकाले स्वीकृत गरेर मात्र लागु गर्नु पर्नेछ ।

(२) उपदफा (१) का अतिरिक्त नगरपालिकाले देहायका कुराहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, घाटगद्दी र बिक्री वितरण सम्बन्धी वार्षिक कार्ययोजना बनाई नगर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(क) उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र ।

(ख) नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, तथा नदी उकास क्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण।

(ग) अनुमानित परिमाण मध्ये नगरपालिकाको पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र ठेक्का लगाइने परिमाणको बाँडफाँड।

(घ) भण्डारण वा घाटगद्दी स्थल।

(ङ) बिक्री वितरणको प्रक्रिया।

(च) संकलनको विधि र प्रयोग हुने मेशिनरी औजार।

(छ) प्राप्त हुने अनुमानित आम्दानी।

(३) उपदफा (२) बमोजिम तयार भएको कार्ययोजना यस ऐन बमोजिमको प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समितिबाट स्थलगत निरीक्षण गराई लिखित प्रतिवेदन लिई नगर कार्यपालिकाबाट स्वीकृत भएको हुनुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको कार्ययोजना प्रत्येक आर्थिक वर्षको मंसिर मसान्तसम्म कार्यपालिकामा पेश गरी स्वीकृत गरी सक्नु पर्नेछ।

१२. ठेक्का बन्दोबस्ती तथा दररेट सम्बन्धी ब्यवस्था:(१) नगरपालिकाले आय बन्दोबस्तीका लागि ठेक्का आव्हानको सूचना प्रकाशन, बोलपत्र मूल्यांकन, ठेक्का सम्झौता, ठेक्काको किस्ता असुली सम्बन्धि प्रकृया र बोलपत्र मूल्यांकन समितिको गठन सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

२) नदीजन्य पदार्थको रोयल्टी/शुल्क प्रचलित प्रदेश कानुनले तोकेको दरमा घटी नहुने गरी निर्धारण गर्नु पर्नेछ।

१३. ठेक्का बन्दोबस्ती सम्बन्धी थप व्यवस्था: (१) वनक्षेत्र बाहेकका सार्वजनिक क्षेत्रबाट संकलन गरिने नदीजन्य पदार्थका हकमा स्थानीय तहले सङ्कलन गरिने खोला, नदी, खहरे, खोल्सी र नदी उकास क्षेत्रको स्थान, उत्खनन् सङ्कलन हुने परिमाण, अवधि, उत्खनन्, सङ्कलनको प्रविधि, ढुवानी प्रक्रिया र घाटगद्दी स्थान लगायत अन्य आवश्यक कुरा तोकी सम्झौता गरी सम्बन्धित व्यवसायीका नाममा कार्यादेश दिनु पर्नेछ।

(२) संकलन गरिएको नदीजन्य पदार्थ घाटगद्दी गर्ने स्थानको व्यवस्था व्यवसायी आफैले गर्नु पर्नेछ।

(३) नदीजन्य पदार्थ सङ्कलन गर्दा नगरपालिकाले ठेक्का अनुसारको शुल्क र सोमा कानून बमोजिम लाग्ने कर दाखिला गरेको प्रमाण सहित उत्खनन् गर्ने स्थान, समय, परिमाण, घाटगद्दि स्थल आदिको पूर्ण विवरण खुलाई सूचना तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको अधिनमा रही व्यावसायीसँग सम्झौता गरी कार्यादेश दिनु पर्नेछ।

(४) कार्यादेश पाएका व्यवसायीले उत्खनन्, सङ्कलन् र घाटगद्दी कार्य शुरु गर्नु पहिले सो कार्यमा खटिने मुख्य मुख्य कामदार, ढुवानीका साधन र चालकहरुको विवरण नगरपालिकामा पेश गर्नु पर्नेछ। नगरपालिकाबाट अनुमती लिएका सवारी साधनहरु मात्र उत्खनन् र ढुवानी कार्यमा प्रयोग गर्न पाईनेछ। कारणवस परिवर्तन गर्नु परेमा नगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ।

(५) नदिजन्य पदार्थ उत्खनन् गर्दा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको आधारमा स्वीकृत भएको कार्ययोजनाको अधिनमा रही सोही बमोजिमका मेशिनरी औजार मात्र प्रयोग गर्नु पर्नेछ।

(६) नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्दा माटो, पानी, कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सड़क, नहर, कूलो, स्कूल, कलेज, मानवबस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा नगरपालिकाले सूचना प्रकाशित गरी नगरपालिका भित्रको कुनै नदी वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि संवेदनशील क्षेत्र घोषणा गरी नदीजन्य पदार्थ उत्खनन र सङ्कलनमा रोक लगाउन सक्नेछ।

(७) प्रारम्भिक वातावरणीय परीक्षणले निषेध गरेको स्थान र अवधिभर नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा घाटगद्दी गर्ने कार्य गर्न गराउन पाइने छैन।

(८) नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन कार्य सूर्योदय देखि सूर्यास्तसम्मको समयमा मात्र गर्नु पर्नेछ । सवारी साधन सुर्यास्त अघिनै उत्खनन् स्थानबाट बाहिर निकाल्नु पर्नेछ। साथै आवश्यकता अनुसार तोकिएको उत्खनन् समय, अवधि नगर कार्यपालिकाले थप घट गर्न सक्नेछ।

(९) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो तथा डुबानका कारण थुप्रिएको नदीजन्य पदार्थ तत्काल हटाउनु पर्ने अवस्था भई, स्थानीय बासिन्दाको अनुरोध भई आएमा सम्बन्धित वडाको सिफारिसमा नगरपालिकाले जिल्ला विपद् व्यवस्थापन समितिको स्वीकृतिमा प्राकृतिक स्रोत अनुगमन तथा ब्यवस्थापन समितिले उक्त नदिजन्य पदार्थ हटाउन मेसिनरी औजार तोक्न सक्नेछ। समितिले तोकिएका मेशिनरी औजारको प्रयोग गरी तत्काल हटाउन सक्नेछ।

(१०) नदीजन्य पदार्थ संकलन गर्ने क्रममा संकलन गर्न इजाजत पाएको नदीजन्य पदार्थ बाहेक अन्य कुनै बहुमूल्य पुरातात्विक, ऐतिहासिक वस्तु फेला परेमा तत्काल नगरपालिकामा बुझाउनु पर्नेछ।नगरपालिकाले प्रचलित कानून बमोजिम सोको व्यवस्थापन गर्नु पर्नेछ।

(११) सार्वजनिक क्षेत्र र निजी नम्बरी जग्गाको नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र बिक्री वितरण गर्दा यो ऐन तथा तोकिएको मापदण्ड लागु हुनेछ।

१४. संकलन, भण्डारण र घाटगद्दीको व्यवस्था:(१) नदीजन्य पदार्थको उत्खनन, संकलन र घाटगद्दी इजाजत दिनु भन्दा पहिले नगरपालिकाले नदीजन्य पदार्थहरुको उत्खनन, संकलन तथा घाटगद्दी गर्दा अपनाउनु पर्ने विधि र नापजाँच प्रक्रियाका विषयमा सम्बन्धित व्यवसायीसँग सम्झौता गर्नुपर्नेछ। संकलित नदीजन्य पदार्थ घाटगद्दी गर्ने स्थान सम्झौता वा कार्यादेशमा तोक्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम घाटगद्दी स्थान छनौट गर्दा उत्खनन्, संकलन स्थलबाट प्रचलित कानुनमा तोकिए बमोजिमको दुरी कायम गर्नु पर्नेछ। वनक्षेत्र, सडक किनार र आवतजावतमा अवरोध हुने गरी घाटगद्दी गर्न पाइने छैन।

(३) घाटगद्दी गर्दा घाटगद्दीमा आएको नदीजन्य पदार्थ नासिन हराउन नपाउने व्यवस्था सम्बन्धित

व्यवसायीले मिलाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम तोकिएको स्थल बाहेक अन्यत्र भण्डारण वा घाटगद्दी गर्नु गराउनु हुदैन । तोकिएको घाटगद्दी स्थानमा तोकिएका नदीजन्य पदार्थ बाहेक अन्य मालवस्तु घाटगद्दी गर्न पाइने छैन ।

(५) नदीजन्य पदार्थ बाहेकका मालवस्तु घाटगद्दी भएमा वा ओसारपसार गरेमा प्रचलित कानून बमोजिम हुनेछ ।

(६) कार्यादेश अनुसारको नदीजन्य पदार्थ उत्खनन्, संकलन र घाटगद्दी गर्ने कार्य सम्पन्न नभएसम्म व्यवसायीले बिक्री गर्न पाउने छैन ।

(७) नगरपालिकाको प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समिति र वडा स्तरीय अनुगमन समितिले नदीजन्य पदार्थ उत्खनन्, संकलन र बिक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नु पर्नेछ ।

परिच्छेद- ३

घाटगद्दि स्थलबाट नदीजन्य पदार्थ बिक्री तथा ओसार पसार सम्बन्धी व्यवस्था

१५.नदीजन्य पदार्थको बिक्री सम्बन्धी व्यवस्था :

(१) सम्झौता अनुसार निश्चित परिमाण घाटगद्दिको कार्य सम्पन्न भएपछि व्यवसायीले जाँचको लागि नगरपालिकामा निवेदन दिनुपर्नेछ। नगरपालिकाले प्राविधिकहरुको निगरानीमा नापजाँच गराउनु पर्नेछ । उक्त कार्य व्यवसायीबाट निवेदन परेको सात दिनभित्र गराई सक्नुपर्नेछ ।

(२) नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्दा सम्झौता र यस ऐनको प्रतिकूल भए नभएको प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समिति एव वडा अनुगमन समितिले प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(३) घाटगद्दि गरेको नदिजन्य पदार्थ परिमाणको अन्तिम जाँच सम्पन्न भएपछि व्यवसायीले नगरपालिकाबाट बिक्री अनुमति लिई घाटगद्दीबाट नदीजन्य पदार्थ बिक्री गर्न पाउने छ ।

(४) तोकिएको क्षेत्र भन्दा अन्यत्रबाट नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गरेको पाइए प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समिति एवं वडा अनुगमन समितिले त्यस्तो परिमाणको मूल्याङ्कन गरी कारवाहीको लागि नगरपालिकामा सिफारिस गर्नु पर्नेछ ।

(५) नदीजन्य पदार्थ निकाल्दा कार्ययोजनामा उल्लेख भए बाहेकको नदी खोलाको किनार वा अन्य क्षेत्रबाट उत्खनन्, संकलन गरेको कारण सो स्थानलाई पूर्ववत् अवस्था कायम गर्नु परेमा प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समितिको सिफारिसमा सोको लागि लाग्ने खर्च सम्बन्धित व्यवसायीबाट असुल गरी पूर्ववत् अवस्थामा ल्याईनेछ ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै व्यहोरा लेखिएको भएतापनि राष्ट्रिय, प्रादेशिक तथा नगर गौरवका आयोजनाहरुका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ सम्बन्धित आयोजनाको अनुरोधमा कार्ययोजनामा उल्लेखित क्षेत्रमा प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समितिको

निगरानीमा नगरपालिकाका प्राविधिकहरुबाट रेखांकन गरिदिएको स्थानबाट तोकिएको परिमाण प्रचलित कानूनको अधिनमा रही नगरपालिकाले तोकेको दररेटमा कानून बमोजिम लाग्ने कर समेत जोडी कार्यपालिकाको निर्णय गराई कार्यालयले आयोजनालाई उत्खनन, सङ्कलन तथा बिक्री अनुमति दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिमको अनुमति लिनुपूर्व सम्बन्धित आयोजनाको लागत अनुमान, कूल अनुमानित परिमाण, हालसम्म अनुमति लिएको परिमाण र माग भएको परिमाणको विवरण सहित नगरपालिकामा माग भएको अन्य विवरण पेश गर्नुपर्नेछ।

(८) उपदफा (७) बमोजिम सङ्कलन हुने नदीजन्य पदार्थ नगरपालिकाले तोकेको स्थानमा घाटगद्दी गर्नुपर्नेछ। घाटगद्दी प्रक्रिया यसै ऐन बमोजिम हुनेछ। घाटगद्दीबाट नदीजन्य पदार्थ उठाउँदा ऐन बमोजिमको प्रक्रिया पूरा गरी लैजानु पर्नेछ।

१६. ढुवानी तथा ओसारपसार सम्बन्धी व्यवस्था : (१)नदीजन्य पदार्थको ओसार पसार गर्दा देहाय बमोजिम गर्नु पर्नेछ।

(क) पानीले भिजेको र पानी चुहिने सामग्री बोकेका ढुवानीका साधन पक्की सडकमा गुडाउन पाइने छैन।

(ख) ढुवानीका साधनले वहन गर्न पाउने तौल भन्दा बढी तौल लोड गरिएका ढुवानीका साधन सडकमा गुडाउन पाइने छैन।

(ग) नदीजन्य पदार्थ ढुवानी गर्दा ढुवानी गर्ने साधनलाई माथिबाट वाक्लो त्रिपालले ढाकी ढुवानी गर्नु पर्नेछ।

(घ) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा नदीजन्य पदार्थ लगायत कुनै पनि सामग्री सङ्कलन गर्न वा सञ्चय गरी राख्न पाइने छैन। नदीजन्य पदार्थ बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न पाइने छैन।

(ङ) ढुवानी गर्दा सडकको मापदण्ड, भारवहन क्षमता हेरी शहरी क्षेत्र वा भित्री सडकमा ढुवानी गर्ने साधनको तौलका सम्वन्धमा नगरपालिकाले विशेष व्यवस्था गरी उच्च भार नियन्त्रण गर्न सक्नेछ।

(च) ढुवानी गर्दा अस्पताल, विद्यालय, अन्य शैक्षिक संस्था भएको तथा वस्तीहरूमा द्रुत गतिमा ढुवानीका साधन चलाउन, प्रेसर हर्न बजाउन र फोहर गर्न पाइने छैन।

(छ) यस नगरपालिका क्षेत्रभित्र नदीजन्य पदार्थको ब्यवसायिक कारोवार गर्ने बोलपत्रदाता (ठेकदार) वा ब्यवसायीहरु तथा राष्ट्रिय गौरवका आयोजनाहरुको हकमा निजले नियमानुसार घाटगद्दि गरी नापजांच गरेको नदिजन्य पदार्थ सोही आर्थिक वर्षको आषाढ मसान्त भित्रमा बिक्री वितरण तथा ओसार पसार गरिसक्नु पर्नेछ। घाटगद्दि स्थलमा सम्झौता भएको आर्थिक वर्ष समाप्त भएपछि नदीजन्य पदार्थको परिमाण राख्न पाईने छैन।

(ज) विद्यालय, धार्मिक स्थल लगायत सार्वजनिक स्थलमा घाटगद्दी गर्न पाइने छैन गरेको पाईएमा स्वतः जफत हुनेछ। व्यक्तिको जग्गामा घाटगद्दि गर्न वडाको सिफारिस सहित नगरपालिकाको अनुमति लिनु पर्ने छ । नगरपालिकासँग अनुमति नलिइ जग्गाधनीले जग्गा भाडामा दिन पाउने छैन। यदि नगपालिकाको अनुमति विना जग्गा भाडा दिएमा जग्गाधनीबाट तोकिए बमोजिम जरिवाना असुल उपर गरिनेछ ।
(झ) नियमानुसार ठेक्का सम्झौता भई उत्खनन् गर्न तोकिएको परिमाण भन्दा बढी परिमाण नदीजन्य पदार्थ उत्खनन् गर्न पाईने छैन । बढी उत्खनन् भएको परिमाण नगरपालिकाको सम्पत्ति हुनेछ । त्यसमा ठेकदारले कुनै किसिमको हक दावी गर्न पाउने छैन ।
(२) अन्तर स्थानीय तह वा अन्तर प्रदेशमा नदीजन्य पदार्थ ओसारपसार र ढुवानी गर्दा कसैले अवरोध वा कुनै किसिमको ढाट राखी थप कर, शुल्क वा दस्तुर लिन पाइने छैन ।
(३) उत्खनन् क्षेत्र देखि मुख्य सडक सम्म नदिजन्य पदार्थ निकासी ढुवानी गर्दा धुलो उडाई सवारी साधनमा नदिजन्य पदार्थ ओसार पसार गर्न पाईने छैन । धुलो नउड्ने गरी पानी छर्कने कार्य ब्यवसायी स्वयंले ब्यवस्थापन गर्नु पर्ने छ ।
(४) ओसार पसार तथा ढुवानी सम्वन्धी अन्य व्यवस्था सम्झौता बमोजिम हुनेछ ।
१७. निषेधित कार्यहरु: यस ऐन बमोजिम देहायका कार्यहरु निषेध गरिएको छ ।
(१) स्वीकृत उद्देश्य विपरित काम गर्न ।
(२) तोकिएको परिमाण भन्दा बढी उत्खनन्, सङ्कलन र प्रशोधन गर्न ।
(३) पुरातात्विक, धार्मिक महत्वका र बहुमुल्य ढुङ्गा पत्थरको उत्खनन् सङ्कलन तथा बिक्री वितरण गर्न र स्वरुप परिवर्तन हुनेगरी कुनै पनि क्रियाकलाप सञ्चालन गर्न ।
(४) ऐन विपरित हुनेगरी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, ओसारपसार, बिक्री वितरण गर्न ।
(५) नदी किनारमा निर्मित पूर्वाधारजन्य संरचनाको स्वरुप परिवर्तन हुने गरी स्वरुप विगार्न र हानी नोक्सानी हुने अन्य कुनै कार्य गर्न ।
(६) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले निषेध गरेका कार्यहरु गर्न ।
१८. सजाय एवं जरिवानाको व्यवस्था: (१) यस ऐन बमोजिम निषेधित गरिएका कार्य र ऐन वर्खिलाफ हुने अन्य कुनै कार्य गर्ने गराउने उपर प्रचलित कानूनमा व्यवस्था भए अनुसार सजाय र जरिवाना हुनेछ ।
(२) यस ऐन बमोजिम तोकिएको परिणाम भन्दा वा विपरित हुने गरी नदीजन्य पदार्थ उत्खनन्, चोरी निकासी तथा ओसारपसार गरेमा प्रचलित आर्थिक ऐनमा तोकिए बमोजिमको जरिवाना हुनेछ ।

## परिच्छेद-४

## अनुगमन एव मूल्याङ्कन

१९. प्राकृतिक स्रोत अनुगमन तथा ब्यवस्थापन समितिः (१) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, भण्डारण, क्रसिङ, प्रशोधन र विक्री वितरण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन र नियमन, स्वीकृत मापदण्ड र कार्यविधिको पालना एवं गुणस्तर सुनिश्चित गर्न नगरपालिकाले प्रमुखको नेतृत्वमा देहायको प्राकृतिक स्रोत अनुगमन तथा ब्यवस्थापन समिति गठन गर्नेछ ।

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उप-प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सम्बन्धित वडाको वडा अध्यक्ष – सदस्य

(ङ) प्रशासन शाखा प्रमुख- सदस्य

(च) योजना शाखा प्रमुख – सदस्य

(छ) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

(ज ) नगरपालिका भित्रको ईलाका प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि – सदस्य

(झ) नगरपालिका भित्रको सशस्त्र प्रहरी बल कार्यालयको प्रमुख वा प्रतिनिधि – सदस्य

(ञ) नगरको सडक, सिँचाई तथा अन्य पूर्वाधार शाखा प्रमुख – सदस्य

(ट) नगरको सब ईञ्जिनियर (सम्बन्धित वडा हेर्ने) – सदस्य

(ठ) नगर प्रहरी ईन्चार्ज वा प्रमुख – सदस्य

(ड) राजस्व शाखा प्रमुख वा प्रतिनिधि कर्मचारी - सदस्य सचिव

(२) प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समितिको कार्यविवरण कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२०. वडास्तरीय अनुगमन समितिः (१) यस ऐन बमोजिम गठित प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समितिको कार्यलाई सहयोग गर्न नगरपालिकाले खोला/नदी रहेको सम्बन्धित वडामा एक वडास्तरीय अनुगमन समिति गठन गर्नेछ।

| | |
|---|---|
| वडा अध्यक्ष- | संयोजक |
| वडा सदस्यहरु- | सदस्य |
| वडा सचिव- | सदस्य सचिव |

(२) वडा स्तरीय अनुगमन समितिको कार्यविवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२१. अनुगमन तथा प्रतिवेदन: (१) प्रस्ताव कार्यान्वयनको अनुगमन गर्दा प्रारम्भिक एवम् प्रक्रिया अनुगमन, नियमपालन अनुगमन तथा प्रभावको अनुगमन गर्नु पर्नेछ ।

(२) प्रस्तावकको प्रारम्भिक अनुगमन गर्दा नदीजन्य पदार्थको उत्खनन शुरु गर्नु भन्दा अगावै उत्खनन

स्थल र वरपरका आधारभूत वातावरणीय पक्षको सर्वेक्षण गर्नु पर्नेछ ।

(३) प्रस्ताव कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तन पत्ता लगाउन नदिजन्य पदार्थ उत्खननको क्रममा त्यस क्षेत्रको जनस्वास्थ्य, पर्यावरणीय, सामाजिक र आर्थिक अवस्था लगायतका सूचकहरुको मूल्याङ्कन गर्नु पर्नेछ ।

(४) प्रस्तावकले वातावरण संरक्षण सम्बन्धी मापदण्डको पालना गरेको छ भन्ने कुरा सुनिश्चित गर्न वातावरणीय गुणस्तरका विशेष सूचक वा प्रदूषणको अवस्थाको बारेमा आवधिक वा लगातार अनुगमन गरी अभिलेख राख्नु पर्नेछ। यसरी अनुगमन गर्दा वातावरणीय व्यवस्थापन योजनामा प्रस्तावित विषयहरु समेत समावेश गर्नु पर्नेछ ।

(५) प्रस्ताव कार्यान्वयनबाट सिर्जना हुने सकारात्मक र नकारात्मक प्रभाव, वातावरण संरक्षणका लागि प्रस्तावकले पालना गर्नुपर्ने विषयहरु तथा वातावरणीय प्रभावकारिताको अनुगमन सम्बन्धी सूचकहरु समेत प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमका प्रत्येक सूचकलाई कसले र कुन विधि वा तरिकाबाट अनुगमन गर्ने हो सो समेत खुलाउनु पर्नेछ। यस्तो विधि भरपर्दो, सजिलो र आयोजना स्थलमा कार्यरत जनशक्तिले अवलम्वन गर्नसक्ने खालको हुनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको कार्य प्रस्तावकसँग उपलब्ध जनशक्तिले गर्न सक्ने अवस्था नभएमा आवश्यकता अनुसार वाह्य स्रोतबाट पूर्ती गरी सम्पादन गर्ने व्यवस्था प्रस्तावकले मिलाउनु पर्नेछ ।

(८) उपदफा (१) बमोजिम प्रस्ताव कार्यान्वयन प्रारम्भिक अनुगमन, प्रभाव अनुगमन तथा नियमपालन अनुगमन सम्बन्धी ढाँचा तोकिए बमोजिम हुनेछ ।

(९) कार्यपालिकाले अनुगमनबाट देखिएका समस्या तथा सुझाव कार्यान्वयनको लागि प्रस्तावकलाई आदेश दिन सक्नेछ। यसरी दिएको आदेशको पालना गर्नु प्रस्तावकको कर्तव्य हुनेछ ।

२२.कार्यान्वयनमा रोक लगाउन सक्ने: (१) यस ऐन तथा वातावरण संरक्षण सम्बन्धी प्रचलित सङ्घीय तथा प्रदेश कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत भएभन्दा फरक हुने गरी प्रस्ताव कार्यान्वयन गर्न गराउन हुँदैन ।

(२) कुनै व्यक्ति, संस्था वा निकायले उपदफा (१) विपरितको कार्य गरेको पाइएमा संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन भए कार्यपालिकाले प्रस्ताव कार्यान्वयनमा रोक लगाउनेछ ।

(३) उपदफा (२) बमोजिम कुनै प्रस्ताव कार्यान्वयनमा रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट क्षति पुग्न गएमा प्रस्तावकले सो बापत कुनै किसिमको क्षतिपूर्तिको दावी गर्न पाउने छैन ।

## परिच्छेद-५

विविध

२३. वातावरणीय पुनःस्थापना:(१)उत्खनन क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भइसकेपछि हरियाली प्रवर्द्धन, तटबन्ध निर्माण, खोलाको वहाव नियन्त्रण गर्न पक्की बाँध लगायतका भू तथा जलाधार संरक्षण जस्ता पुनर्स्थापनाका कार्यहरु गर्न नगरपालिकाले योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ।

(२) नदीजन्य पदार्थको उत्खनन् र संकलन कार्यबाट वातावरण, गाऊँ बस्ती, कृषि भूमि, वनक्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अवस्थामा खोला, नदी र आसपासका क्षेत्रको भू-बनौट, प्राकृतिक सुन्दरता, वन जङ्गल, जलाधार र कृषि प्रणालीलाई जीवन्त राख्न नगरपालिकाले सो कार्यमा तत्काल रोक लगाई संरक्षण र पुनरुत्थानका कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ।

२४. मजदुरको सुरक्षा: नदीजन्य पदार्थको उत्खनन्, संकलन, बिक्री वितरण कार्यमा काम गर्ने मजदुरको बीमा, स्वास्थ्य, सुरक्षा तालिम र सुरक्षा सामग्री लगायत अन्य आवश्यक विषयहरुको व्यवस्था सम्बन्धित व्यवसायीले गर्नु पर्नेछ।

२५. नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने: यस ऐनको कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।

२६. थपघट तथा हेरफेर: यस ऐनमा आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्ने अधिकार नगर सभामा रहनेछ।

२७. खारेजी र बचाऊ:(१) बुद्धभूमि नगरपालिकाको "संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि,२०७८" खारेज गरिएको छ।

(२) बुद्धभूमि नगरपालिकाको "संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८" अन्तर्गत भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने छ।

(३) बुद्धभूमि नगरपालिका अन्तर्गत नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, विक्री वितरण सम्बन्धमा भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ।

२८. प्रचलित कानून लागू हुने: यस ऐनमा भएको व्यवस्था प्रचलित कानूनसँग बाँझिएमा बाझिएको हद सम्म प्रचलित कानूनमा रहेको व्यवस्था लागू हुनेछ।

आज्ञाले
बासुदेव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

# बुद्धभूमि नगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०८१ (संशोधन) सम्बन्धमा

| दफा/उपदफा | हाल भएको व्यवस्था | संशोधन गर्नुपर्ने | औचित्य |
|---|---|---|---|
| दफा (७) | बुद्धभूमि नगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०८१ को परिच्छेद – ३ दफा<br>(७) स्वास्थ्य संस्था व्यवस्थापन : (१) नगरपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको एक स्वास्थ्य संस्था व्यवस्थापन समिति रहनेछ : (क) स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाको वडा अध्यक्ष : अध्यक्ष<br>(ख) महिला सदस्य मध्येबाट वडा समितिले तोकेको एक महिला सदस्य : उपाध्यक्ष<br>(ग) वडा समितिले छनोट गरेको सामाजिक स्वास्थ्य शिक्षा क्षेत्रमा क्रियाशिल स्थानीय व्यक्तिहरु मध्ये कम्तीमा एक महिलाको प्रतिनिधित्व हुने गरी : दुई जना सदस्य<br>(घ) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख : सदस्य सचिव<br>(२) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ, किशोरी वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।<br>(३) नगरपालिकाको प्रमुख स्वास्थ्य संस्थाको संरक्षक रहनेछ।<br>(४) समितिको काम, कर्तव्य अधिकार र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | बुद्धभूमि नगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०८१ को परिच्छेद – ३ दफा (७) मा (ग१) थप गर्नुपर्ने।<br>"(ग१)" वडा सचिव - सदस्य | नगरपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थाहरुको सञ्चालन व्यवस्थापनको लागि स्वास्थ्य संस्थामा रहेको बैंक खाता सम्बन्धित स्वास्थ्य चौकी प्रमुख र वडा सचिवको संयुक्त दस्तखतबाट खाता संचालन गर्न मनाशिव देखिएको हुँदा। |

आज्ञाले
बासुदेव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

# बुद्धभूमि नगरपालिकाको खानेपानी तथा सरसफाई ऐन, २०७९ (संशोधन) सम्बन्धमा

| दफा/उपदफा | हाल भएको व्यवस्था | संशोधन गर्नुपर्ने | औचित्य |
|---|---|---|---|
| दफा (१२) | बुद्धभूमि नगरपालिकाको खानेपानी तथा सरसफाई ऐन, २०७९ मा खानेपानीको मुहान (मूल) दर्ता गर्नुपर्ने व्यवस्था उल्लेख नभएको। | बुद्धभूमि नगरपालिकाको खानेपानी तथा सरसफाई ऐन, २०७९ मा खानेपानीको मुहान (मूल) दर्ता गर्नुपर्ने व्यवस्था उल्लेख नभएको।<br>१२ क . खानेपानीको मुहान (मूल) दर्ता गर्नुपर्नेः (१) नगरपालिका क्षेत्रमा खानेपानी उत्पादनको मुख्य स्रोत मुहान (मूल) बाट सङ्कलन गरी खानेपानी व्यवस्थापन गर्नुपर्ने अवस्थामा सो मूल विधानमा उल्लेख गरी आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नुपर्नेछ। खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी सङ्कलन गर्ने उत्पादनको मुख्य स्रोत मुहान (मूल) उपयोगका लागि नगरपालिका समक्ष अनुमति माग गर्नुपर्नेछ। माग भएपछि निम्न अनुसारको ५ (पाँच) सदस्यीय सिफारिस समितिले मूल उपयोगका लागि अनुमति दिन मिल्ने नमिल्ने सम्बन्धमा स्थलगत अध्ययन सहित छानबिन गरी अनुमति दिन मिल्ने अवस्था देखिएमा सिफारिस गर्न सक्नेछ।<br>सिफारिस समितिः<br>(क) संयोजक - नगर प्रमुख<br>(ख) सदस्य - नगर उप-प्रमुख<br>(ग) सदस्य - सम्बन्धित वडाको अध्यक्ष<br>(घ) सदस्य - प्रमुख प्रशासकीय अधिकृत<br>(ङ) सदस्य सचिव - वन, वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख<br>(२) उपदफा (१) बमोजिमको समितिको सिफारिस प्राप्त भएपछि कार्यपालिका बैठकबाट खानेपानी तथा सरसफाई उपभोक्ता समितिले माग गरेको मुहानको उपयोगका लागि अनुमति दिन सक्नेछ। | बुद्धभूमि नगरपालिकाको खानेपानी तथा सरसफाई ऐन, २०७९ मा खानेपानीको मुहान (मूल) दर्ता गर्नुपर्ने व्यवस्था थप गरी मूल दर्ता पश्चात मात्र उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त हुने। |
| | | बुद्धभूमि नगरपालिकाको खानेपानी तथा सरसफाई ऐन, २०७९ मा रहेका सानातिना त्रुटीहरु सच्याउन सक्ने। | बुद्धभूमि नगरपालिकाको खानेपानी तथा सरसफाई ऐन, २०७९ लाई त्रुटी रहित बनाउन आवश्यक भएकोले। |

आज्ञाले
बासुदेव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

# भाग - २

# शिक्षक पदपूर्तिको लागि प्रश्नपत्र निर्माण सम्बन्धी कार्यविधि, २०८१

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०५।११**

**प्रस्तावनाः**

सामुदायिक विद्यालयमा रिक्त दरबन्दी तथा अनुदान कोटामा करारमा बालविकास सहजकर्ता/ शिक्षक/ प्रशिक्षक/ कर्मचारी तथा सामुदायिक सिकाई केन्द्रमा सहजकर्ता नियुक्ति गर्नका लागि कानूनी तथा प्राविधिक सहयोग गर्न, छनौट प्रक्रियालाई पारदर्शी र विश्वसनिय बनाई दक्ष,सक्षम र योग्य व्यक्ति भर्नागर्नस्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२), तथा बुद्धभूमि नगरपालिकाको शिक्षा ऐन२०७६ को दफा ६४ (ट) बमोजिम बुद्धभूमि नगर कार्यपालिकाले शिक्षक पदपुर्तीको लागि प्रश्नपत्र निर्माण सम्बन्धी कार्यविधि, २०८१ निर्माण गरेको छ।

**परिच्छेद – १**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नामशिक्षक पदपूर्ति लागि प्रश्नपत्र निर्माण सम्बन्धी कार्यविधि, २०८१रहेको छ।

(ख) यो कार्यविधि बुद्धभूमि नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालय, बालविकास केन्द्र र सामुदायिक सिकाई केन्द्रको हकमा लागु हुनेछ।

**२.परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क)"मन्त्रालय" भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ख) "नगरपालिका" भन्नाले बुद्धभूमि नगरपालिकालाई सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले शिक्षा नियमावली २०५९ सम्झनु पर्छ।

(ङ) "नगर शिक्षा ऐन" भन्नाले बुद्धभूमि नगरपालिकाको शिक्षा ऐन, २०७६ सम्झनु पर्छ ।

(च) "नगर शिक्षा समिति" भन्नाले बुद्धभुमि नगरपालिकाको शिक्षा ऐन २०७६ को दफा १० बमोजिमको समिति सम्झनु पर्छ ।

(छ)"वडा शिक्षा समिति"भन्नाले वुद्धभूमि नगरपालिकाको शिक्षा ऐन २०७६ दफा १२बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

ज) "छनौट समिति" भन्नाले शिक्षा ऐन २०२८ तथा बुद्धभूमि नगर शिक्षा ऐन २०७६ बमोजिमको शिक्षक छनौट समितिलाई सम्झनु पर्छ।

झ ) प्रश्नपत्र संगालो भन्नाले यस कार्यविधि अनुरुप तयार गरिएको प्रश्नपत्रको सेटलाई सम्झनु पर्छ ।

परिच्छेद २

३. प्रश्नपत्र निर्माण सम्बन्धी व्यवस्था:

1. शिक्षक/प्रशिक्षक तथा विद्यालयमा हुने जनशक्ति भर्नागर्न प्रश्नपत्र विषय विज्ञ मार्फत तयार गरिने छ । नगरपालिकाले प्रश्न पत्र निर्माण कार्यशाला आयोजना गरी प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तहको स्थायी दरबन्दी तथा अनुदानकोटामा करारमा प्रशिक्षक/शिक्षक पदपुर्ती गर्न विषयगत प्रशिक्षक/शिक्षकहरुबाट प्रश्नपत्र र उत्तर कुञ्जिका निर्माण गरी प्रश्नपत्र बैंक तयार गर्न सक्ने छ ।तर प्रश्न बैङ्क तयार नहुँदा सम्म वा कुनै विषय वा तहको प्रश्नपत्र बैंकमा नरहेमा / तत्काल कार्याशाला आयोजना हुन नसकि प्रश्नबैङ्कमा प्रश्न नरहेमा परीक्षा समितिका विज्ञ मार्फत प्रश्नपत्र तयार गरी भर्ना प्रक्रियाको लागि परीक्षा सञ्चालन गर्न बाधा परेको मानिने छैन ।
2. प्रश्नपत्र बैंकको लागि प्रश्नपत्र तयार गर्दा विषय विज्ञले आफ्नो सञ्चार साधन आफुसंग राख्न पाईने छैन ।
3. प्रश्न बैंकको लागि तहगत रुपमा सामान्य परीक्षा/ प्रथम पत्रको१० सेट प्रश्नपत्र तयार गरिने छ ।
4. प्रश्न बैंकको लागि प्राथमिक तह र निम्न माध्यमिक तथा माध्यमिक तहमाअनिवार्य विषय अंग्रेजी,नेपाली,गणित,विज्ञान रसामाजिकविषयको विषयगत दोस्रो पत्र ५/५ सेट प्रश्नपत्र तयार गरिनेछ ।
5. जिल्लास्तरको विज्ञसूची तथा स्थानीय तहको विज्ञ सूचीमा सूचिकृत भएका विज्ञहरुबाट प्रश्नपत्र तयार गरिने छ । त्यस्तो विज्ञ सूचि उपलब्ध नभएमा सम्बन्धित तहमा सम्बन्धित विषय कम्तिमा ३ वर्ष अध्यापन गरेको शिक्षक/ प्रशिक्षकबाट प्रश्नपत्र तयार गरिने छ ।
6. प्रश्नपत्र शिक्षक सेवा आयोगद्वारा तयार भएका पाठ्यक्रम अनुसार निर्माण गरिने छ तरकुनै पदको पदपुर्ती गर्दा शिक्षक सेवा आयोगबाट परीक्षा पाठ्यक्रम तयार नभएको देखिएमा यस कार्यविधिको अनुसूचीमा समावेश भएको पाठ्यक्रम बमोजिम प्रश्नपत्र तयार गरिने छ ।
7. यो कार्यविधि कार्यान्वयन भए पश्चात शिक्षक सेवा आयोगबाट पाठ्यक्रम तयार नभएको कारण पदपुर्तीको लागि विद्यालयहरुबाट तयार भएका कार्यविधि र पाठ्यक्रम स्वत: खारेज हुनेछन ।तर शिक्षक सेवा आयोग बाट तयार नभएको र यस कार्यविधिमा उल्लेख नभएको पद वा विषयको जनशक्ति भर्नागर्न सम्बन्धित विद्यालयले पाठ्यक्रम तयार गरी विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई लागु गर्नुपर्ने छ । त्यसरी तयार गरिएको पाठ्यक्रमको एक प्रति नगरपालिकामा समेत पेश गर्नुपर्ने छ ।
8. शिक्षा ऐन २०२८ तथा बुद्धभूमि नगर शिक्षा ऐन २०७६ बमोजिमको शिक्षक छनौट समितिले नगरपालिकाबाट उपलब्ध भएका प्रश्नबैंकका प्रश्नपत्रहरु प्रयोग गरी परीक्षा सञ्चालन गर्नुपर्ने छ । तर प्रश्न बैंकमा प्रश्न सेट उपलब्ध नभएमा विषय विज्ञमार्फत प्रश्न तयार गरी परीक्षा सञ्चालन गर्न बाधा परेको मानिने छैन ।

परिच्छेद -३

४. प्रश्न बैंकको प्रश्न पत्रको सुरक्षा र प्रयोग सम्बन्धी व्यवस्था

प्रश्न पत्र निर्माण कार्यशालाबाट तयार भएका प्रश्न पत्रको सुरक्षा र प्रयोग सम्बन्धी व्यवस्था निम्न अनुसार रहनेछ :

क) प्रश्नपत्रहरु सम्बन्धित विषयविज्ञ, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुख वा शिक्षा अधिकृतको संयुक्त दस्तखतबाट शिलबन्दि गरी नगरपालिकामा राखिने छ।

ख) शिक्षक तथा कमचारी छनौटको परीक्षाको लागि प्रश्न सेट छनौट गोलाप्रथाको आधारमा छानेको अङ्क अनुसारको प्रश्नपत्र उक्त परीक्षालाई प्रयोग गरिनेछ।

ग) बस्तुगत परीक्षाको उत्तरपुस्तिका र विषयगत परीक्षाको उत्तरपुस्तिका परिक्षण परीक्षा समितिका विज्ञमार्फत हुनेछ।

परिच्छेद- ४

५. विविधः

क) शिक्षक/प्रशिक्षक/कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्ति प्रक्रिया नियम संगत नदेखिएमानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट त्यसरी गरेको नियुक्ति जुनसुकै बखतबदर हुनसक्नेछ।

ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछि लागु हुने छ।

ग) यस कार्यविधिको पालना भए नभएको अनुगमन नगर प्रमुख एवं उपप्रमुख बाट हुनसक्ने छ।

घ) यस कार्यविधि बमोजिम कार्य सम्पादन गर्दा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

ङ) यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा बुद्धभूमि नगर शिक्षा ऐन २०७६, शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोगका नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।

च) यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्रावधान प्रचलित ऐन कानूनसँग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ।

अनुसूची-१

विद्यालय सहायक कर्मचारीको पाठ्यक्रम

| क्र.सं. | परीक्षाको किसिम | समय | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या र अङ्क भार |
|---|---|---|---|---|---|
| १ | वस्तुगत | ३०मिनट | ५० | २५ | २५x२=५० |
| २ | विषयगत | ३ घण्टा | १०० | ४० | छोटो उत्तर आउने १०x५= ५० लामो उत्तर आउने ५x१०= ५० |
| ३ | प्रयोगात्मक | ३०मिनट | २५ | १० | **MS word:** १०, **MS Excell:**१० **IEMIS:** ५ |
| ४ | अन्तरवार्ता | | १० | ३५% भन्दा तल र ७०% भन्दा माथि दिनुपरेमा कारण खुलाउनुपर्ने छ । | विषयवस्तुको ज्ञानः ५ व्यक्तित्व, भाषा शैली, प्रस्तुतीः ५ |
| ५ | शैक्षिक योग्यता | | ५ | सम्बन्धित तहको योग्यता प्रथम श्रेणीको भए ३,द्वितीय श्रेणिको भए २ अङ्क माथिल्लो योग्यता प्रथम श्रेणीको भए २ र द्वितीय श्रेणी भए १ | |
| | | | १९० | | |

वस्तुगत प्रश्न

अंक विभाजन तालिका

| | बिषय क्षेत्र | प्रश्न संख्या | अंक | कुल जम्मा |
|---|---|---|---|---|
| १ | नेपालको भुगोल | ३ | | |
| १.१ | नेपालको भौगोलिक अवस्था र धरातलीय स्वरुप | १ | १“२ | २ |
| १.२ | प्राकृतिक स्रोतहरु; किसिम उपलब्धि र वर्तमान अवस्था | १ | १“२ | २ |
| १.३ | भौगोलीक विविधता ; हावापानी र जनजीवन सम्बन्धि जानकारी | १ | १“२ | २ |
| २ | नेपालको इतिहास | २ | | |
| २.१ | प्राचिन इतिहास किराँतकाल लिच्छिविकाल र मध्यकालको सामाजिक र आर्थिक अवस्था | १ | १“२ | २ |
| २.२ | नेपालको आधुनिक इतिहास र महत्वपूर्ण घटनाहरु | १ | १“२ | २ |
| ३ | सामाजिक र साँस्कृतिक अवस्था | २ | | |
| ३.१ | नेपालको सामाजिक अवस्था | १ | १“२ | २ |
| ३.२ | मूर्त तथा अमूर्त संस्कृति (धर्म जातजाति, भाषाभाषी ,परम्परा कला, साहित्य ,सगीत र पुरातात्विक महत्वका सम्पदाहरु) | १ | १“२ | २ |
| ४ | नेपालको आर्थिक अवस्था | ३ | | |
| ४.१ | आर्थिक परिसूचकहरु ( आर्थिक वृद्धि ,कुल ग्राहस्थ उत्पादन , प्रति व्यक्ति आय , विप्रेषण, वैदेशिक लगानी, वैदेशिक सहयोग ) | १ | १“२ | २ |
| ४.२ | नेपालको आर्थिक अवस्था (कृषि, उद्योग, व्यापार, पर्यटन र पुर्वाधार विकास ) | १ | १“२ | २ |
| ४.३ | चालु आवधिक योजना र सरकारी बजेट प्रणाली सम्बन्धि जानकारी | १ | १“२ | २ |
| ५ | शासन पद्धति र संविधान | ६ | | |
| ५.१ | नेपालको संविधान (भाग १ देखि ५ सम्म र अनुसूचिहरु) | १ | १×२ | २ |

| | | | | |
|---|---|---|---|---|
| ५.२ | शासन पद्धति (सघ प्रदेश र स्थानीय सरकार ) | १ | १×२ | २ |
| ५.३ | सहकारिताको अर्थ महत्व तथा नेपालमा सहकारी क्षेत्रको वर्तमान अवस्था | १ | १“२ | २ |
| ५.४ | शिक्षा ऐन, शिक्षा नियमावली र शिक्षक सेवा आयोग नियमावली | ३ | १×३ | ६ |
| ६ | अन्तर्राष्ट्रिय सम्बन्ध र अन्तर्राष्ट्रिय संघ \ संस्था | ३ | | |
| ६.१ | नेपालका छिमेकी देशहरु तथा बेलायत अमेरीका र जापानको सम्बन्ध | १ | १×२ | २ |
| ६.२ | संयुक्त राष्ट्र संघ र यसका विशिष्टिकृत संस्था र गतिविधिहरु | १ | १×२ | २ |
| ६.३ | क्षेत्रीय संगठन सार्क बिमस्टेक र आसियन | १ | १×२ | २ |
| ७ | विज्ञान प्रविधि, जनस्वास्थ्य र वातावरण | ३ | | |
| ७.१ | मानव जिवनमा प्रत्यक्ष प्रभाव पार्ने विज्ञानका प्रमुख अविष्कारहरु | १ | १×२ | २ |
| ७.२ | दैनिक जिवनमा प्रयोग हुने वस्तुहरु साबुन प्लाष्टिक रेसा काँच मल र किटनासक औषधिहरु | १ | १×२ | २ |
| ७.३ | दिगो विकास जैविक विविधता जलवायु परिवर्तन वातावरण व्यवस्थापन प्रदुषण र जनसख्या व्यवस्थापन सम्बन्धी जानकारी | १ | १×२ | २ |
| ८ | सूचना तथा सञ्चार प्रविधि | ३ | | |
| ८.१ | कम्प्युटर : परिचय, प्रकार, हार्डवेयर, सफ्टवेयर, अफिस प्याकेज, वर्ड, पावर प्वाइन्ट, इमेल, इन्टरनेट, इमिस | १ | १×२ | २ |
| ८.२ | साइबर अपराध र सुरक्षा सम्बन्धी आधारभूत ज्ञान | १ | १×२ | २ |
| ८.३ | विद्यालयमा प्रयोग गरिने साधारण सफ्टवेयर सम्बन्धी आधारभूत ज्ञान | १ | १×२ | २ |
| | | २५ | २५x२ | ५० |

द्वितीय पत्र

समय: ३.०० घण्टा पूर्णाङ्क : १००

उत्तीर्णङ्क : ४०

खण्ड: क (३५)

छोटो प्रश्न ३x५= १५ लामा प्रश्न २x१०= २०

एकाई १ लेखा प्रणाली र आर्थिक प्रशासन

१.१ लेखा र लेखा प्रणाली, परिचय, उद्देश्य र विशेषताहरू

१.२ बजेट अनुमान र स्वीकृत तथा मन्त्रालयगत बजेट सूचना प्रणाली र सम्बन्धी जानकारी।

१.३ खाता सूची एकल खाता कोष, राजश्व व्यवस्थापन, सूचना प्रणाली र कम्प्युटराइज्ड सरकारी लेखा प्रणाली र धरौटी लेखा।

१.४ गोश्वरा भौचर, बैंक नगदी किताब बजेट हिसाब मास्केबारी, खर्चको फाटबारी बैंक हिसाब विवरण आर्थिक विवरण सम्बन्धी जानकारी।

एकाई: २ सार्वजनिक खरिद तथा जिन्सी व्यवस्थापन

२.१ सार्वजनिक खरिद व्यवस्थापन: उदेश्य, महत्व, विधि र प्रकृया

२.२ जिन्सी व्यवस्थापन माग फाराम खरिद आदेश, दाखिला रिपोर्ट, जिन्सी खाता, जिन्सी निरीक्षण खरिद र लिलाम ।

२.३ सरकारी सम्पती व्यवस्थापन प्रणाली सम्बन्धी जानकारी।

एकाई: ३ सार्वजनिक वित्त व्यवस्थापन र लेखापरीक्षण प्रणाली

३.१ लेखा परीक्षणको परिचय, उद्देश्य र प्रकार।

३.२ बेरूजु, बेरूजु फछ्यौट, बेरूजु लागत र समपरीक्षण।

३.३ मूल्य अभिबृद्धि कर; परिचय, दर्ता र खारेजी प्रकृया कर विवरण दाखिला, कर कट्टी सम्बन्धी व्यवस्था तथा कर लाग्ने र नलाग्ने वस्तु सम्बन्धी जानकारी।

३.४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७९ आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण र वित्तीयउत्तरदायित्व, जिम्मेवारी एवम् जवाफदेहिता सम्बन्धी व्यवस्था।

३.५ आयकर ऐन २०५८ को परिच्छेद १७ ( भुक्तानी करकट्टी सम्बन्धी व्यवस्था)

३.६ लेखापरीक्षण ऐन २०७५ दफा ८ लेखा परीक्षण गर्ने विषय।

खण्ड ख (२०)

(छोटा प्रश्न २x५=१० र लामो प्रश्न १x१०= १०)

इकाई ४: शैक्षिक व्यवस्थापन तथा सुशासन

४.१ शैक्षिक व्यवस्थापनको अवधारण र कार्य

४.२ कक्षाकोठा व्यवस्थापनको अवधारण, समस्या र समाधानका उपायहरू

४.३ शैक्षिक व्यवस्थापन कक्षा शिक्षण, विषय शिक्षण, बहुकक्षा शिक्षण

४.४ कक्षाकोठामा विविधता व्यवस्थापन: भाषिक, सामाजिक, सिकाई क्षमता र अपाङ्गता

४.५ विद्यालय सुशासन: विद्युतीय विद्यालय शासन, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई

एकाई ५: शैक्षिक अनुसन्धान र शिक्षकको पेसागत विकास

५.१ शैक्षिक अनुसन्धानको परिचय, उद्देश्य र प्रयोग

५.२ कार्यमूलक अनुसन्धानको अवधारणा, क्षेत्र, प्रकृया, प्रतिवेदन र उपयोग

५.३ कार्यमूलक अनुसन्धान र आधारभूत अनुसन्धान

५.४ शिक्षकको पेसागत विकासमा कार्यमूलक अनुसन्धानको महत्व

५.५ शिक्षकको पेसागत विकासका समस्या र यसका समाधनका उपायहरू

खण्ड ग (४५)

छोटा प्रश्न ५ x ५= २५

एकाई:६

६.१ शिक्षा ऐन शिक्षा नियमावली र शिक्षक सेवा आयोग नियमावलीमा भएको देहायका व्यवस्थाहरू:

६.१.१ शिक्षक सेवाको गठन पदपूर्ति गर्ने तरिका र प्रकृयाहरू

६.१.२. शिक्षकको नियुक्ति, सरूवा, बढुवा, विदा, विभागीय सजाय र अवकाश

६.१.३. शिक्षक तथा कर्मचारीले पालना गर्नुपर्ने आचरण र कर्तव्यहरू

६.२ सुशासन (व्यवस्थापन तथा सञ्चालन ऐन २०६४ को परिच्छेद १,२, र ४

६.३ सूचनाको हक सम्बन्धी ऐन २०६४ को परिच्छेद १,२ र ४

६.४ भ्रष्टाचार निवारण ऐन २०५९ को परिच्छेद १ र २

६.५ संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध सम्बन्धी ऐन २०७७ को परिच्छेद २ (संघ, प्रदेश र स्थानीय तह बीचको अन्तर सम्बन्धका आधारहरू

६.६ सूचना तथा सञ्चार प्रविधि IEMIS सम्बन्धी व्यवस्था।

अनुसूची-२

सामुदायिक सिकाइ केन्द्रका परिचालक छनोट परीक्षाको पाठ्यक्रम

पद: सामुदायिक सिकाइ केन्द्र परिचालक

पुर्णाङ्क: १००

समय:१ घण्टा उ त्तीर्णाङ्क: ५०

प्रथम पत्र

| क.स. | पाठ्यक्रमको क्षेत्र | वस्तुगत (बहुवैकल्पिक) प्रश्न | | |
|---|---|---|---|---|
| | | प्रश्न संख्या | अङ्क भार दर | जम्मा |
| १ | शिक्षा सम्बन्धी संवैधानिक र कानुनी प्रावधान | ५ | २ | १० |
| २ | अनौपचारीक शिक्षा सम्बन्धी नीतिगत व्यवस्था | २ | २ | ४ |
| ३ | औपचारिक, अनौपचारिक, अरितिक र निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइ | ८ | २ | १६ |
| ४ | नेपालमा सञ्चालित अनौपचारिक शिक्षाका कार्यक्रमहरु | ४ | २ | ८ |
| ५ | सामुदायिक सिकाइ केन्द्रको अवधारणा, केन्द्र सम्बन्धी नीतिगत र कानुनी प्रावधान | ४ | २ | ८ |
| ६ | ब्यवस्थापन समितिको भूमिका, परिचालकको भूमिका | ५ | २ | १० |
| ७ | योजना तथा कार्यक्रम निर्माण, अनुगमन र मूल्याङ्कन, तालिम कार्यक्रम | ८ | २ | १६ |
| ८ | सामुदायिक सहभागिता, उत्प्रेरणा, स्रोत परिचालन, समन्वय र संजाल | ५ | २ | १० |
| ९ | सामुदायिक सिकाइ केन्द्रको कार्यालय व्यवस्थापन, लेखा र सामाजिक परीक्षण तथा दीगो विकास | ४ | २ | ८ |
| १० | बैठक सञ्चालन, प्रस्ताव र प्रतिवेदन लेखन तथा अनुशरण | ५ | २ | १० |

दोस्रो पत्र

पूर्णाङ्क:१०० उत्तीर्णाङ्क:४०

| क्र.स. | पाठ्यक्रमको क्षेत्र | विषयगत प्रश्न | | |
|---|---|---|---|---|
| | | प्रश्न संख्या | अङ्क भार दर | जम्मा |
| १ | शिक्षा सम्बन्धी संवैधानिक र कानुनी प्रावधान | १ | १० | १० |
| २ | अनौपचारीक शिक्षा सम्बन्धी नीतिगत व्यवस्था | १ | १० | १० |
| ३ | औपचारिक, अनौपचारिक, अरितिक र निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइ | १ | १० | १० |
| ४ | नेपालमा सञ्चालित अनौपचारिक शिक्षाका कार्यक्रमहरु | १ | १० | १० |
| ५ | सामुदायिक सिकाइ केन्द्रको अवधारणा, केन्द्र सम्बन्धी नीतिगत र कानुनी प्रावधान | १ | १० | १० |
| ६ | ब्यवस्थापन समितिको भूमिका, परिचालकको भूमिका | १ | १० | १० |
| ७ | योजना तथा कार्यक्रम निर्माण, अनुगमन र मूल्याङ्कन, तालिम कार्यक्रम | १ | १० | १० |
| ८ | सामुदायिक सहभागिता, उत्प्रेरणा, स्रोत परिचालन, समन्वय र संजाल | १ | १० | १० |
| ९ | सामुदायिक सिकाइ केन्द्रको कार्यालय व्यवस्थापन, लेखा र सामाजिक परीक्षण तथा दीगो विकास | १ | १० | १० |
| १० | बैठक सञ्चालन, प्रस्ताव र प्रतिवेदन लेखन तथा अनुशरण | १ | १० | १० |
| | | १० | | १०० |

अनुसूची ३

प्राविधिक धार तर्फको प्रशिक्षक (९-१०) र (११-१२) पदको पाठ्यक्रम

| क्र.सं. | परीक्षाको किसिम | समय | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या र अङ्क भार |
|---|---|---|---|---|---|
| १ | सामान्य परीक्षा (प्रथम पत्र) | १ घण्टा | १०० | ५० | खण्ड क २५x२=५० |
| | | | | | खण्ड ख २५x२=५० |
| २ | विषयगत (दोस्रो पत्र) | ३ घण्टा | १०० | ४० | सम्बन्धित विषयको syllabus मा उल्लेख भए बमोजिम |
| ३ | अन्तरवार्ता | | १० | ३५% भन्दा तल र ७०% भन्दा माथि दिनुपरेमा कारण खुलाउनुपर्ने छ । | विषयवस्तुको ज्ञानः ५<br>व्यक्तित्व, भाषा शैली, प्रस्तुतीः ५ |
| ४ | शैक्षिक योग्यता | | ५ | सम्बन्धित तहको तोकिएको योग्यता प्रथम श्रेणीको भए ३,द्वितीय श्रेणिको भए २ अङ्क माथिल्लो योग्यता प्रथम श्रेणीको भए २ र द्वितीय श्रेणी भए १ | |
| | | | २१५ | | |

सामान्य परीक्षा

माध्यमिक तह प्राविधिक धार तर्फको सामान्य परीक्षाको पाठ्यक्रम

खण्डः क सामान्य ज्ञान (५० अङ्क)

विश्वको भूगोल ( ४ अङ्क)

महासागर, महादेश, भौगोलिक क्षेत्र र विशेषता

अवस्थिति, अक्षांस, देशान्तर, अन्तर्राष्ट्रिय तिथि रेखा, समय र दूरी, भूकम्प र ज्वालामुखी

जलवायु, पर्वत श्रृङ्खला, मरुभूमि, भूकम्प, ज्वालामुखी, नदी र हिमनदी

नेपालको भूगोल ( ४ अङ्क)

भौगोलिक अवस्था, धरातलीय स्वरुप, किसिम र विशेषता

प्राकृतिक स्रोतहरु, किसिम, उपलब्धा र वर्तमान अवस्था

भौगोलिक विविधता र जनजीवन

हावापानीको किसिम, विशेषता र त्यसको प्रभाव

नेपालको इतिहास, संस्कृति र सामाजिक व्यवस्था ( ४ अङ्क)

प्राचीनकाल (किराँत र लिच्छवि) र मध्यकालको सामाजिक, आर्थिक एवं राजनीतिक अवस्था

आधुनिक इतिहास: महत्वपूर्ण राजनीतिक घटनाक्रम , कारण र परिणाम

नेपाली समाज र यसको बनोट

सामाजिक प्रथा, परम्परा, मूल्य र मान्यता

साँस्कृतिक सम्पदा: किसिम, स्थिति, विशेषता, महत्व र संरक्षण

नेपालको आर्थिक विकास ( ४ अङ्क)

नेपालको अर्थतन्त्रको स्वरूप
विकासका पूर्वधारहरुः शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, सञ्चार र विद्युत
योजनाबद्ध विकासः चालु आवधिक योजना र बजेट
राष्ट्रिय गौरवका आयोजनाहरु

वातावरण, विज्ञान र प्रविधि ( ४ अङ्क)
दिगो विकासका अवयवहरु, लक्ष्य, उद्देश्य र रणनीति
विश्वव्यापी उष्णता, जलवायु परिवर्तन, हरितगृह प्रभाव र वातावरण प्रदूषण
पारिस्थितिक पद्दति (Ecosystem): मानव गतिविधि र पारिस्थितिक पद्दति (Ecosystem) मा परेको प्रभाव
जनसांख्यिकीय, शहरीकरण र बसाइँ सराइको वर्तमान अवस्था
जैविक प्रविधि, सूचना तथा सञ्चार प्रविधि र वैकल्पिक उर्जा
विज्ञान र प्रविधिको विकास
अन्तर्राष्ट्रिय सम्बन्ध तथा संघ/संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका राजनीतिक, सामाजिक, आर्थिक, वैज्ञानिक, सांस्कृतिक लगायत समसामयिक घटना सम्बन्धी जानकारी
(६ अङ्क)
संयुक्त राष्ट्रसंघः यसका अंगहरू, विशिष्टीकृत संस्था र तिनका गतिविधिहरु
क्षेत्रीय संगठनः सार्क र विमस्टेक
विश्व बैंक र एशियाली विकास बैंक

शिक्षा, शिक्षा मनोविज्ञान, सिकाइ प्रकृया सम्बन्धी आधारभूत ज्ञान
(४ अङ्क)
शिक्षाको परिचय र नेपालको शैक्षिक विकास, शिक्षाको स्वरुप उद्देश्यहरु र कार्यहरु, शिक्षाका आधुनिक प्रवृति, नेपालको आधुनिक शैक्षिक इतिहास; शिक्षा मनोविज्ञानः अवधारणा र आवश्यकता; मानव विकासः वृद्धि र विकासको अवधारणा

किशोरावस्थाः किशोरावस्थाका रुचि र परिवर्तनहरू; सिकाइमा प्रभाव पार्ने तत्त्वहरुः सिकाइको स्थानान्तरण, स्मरण र विस्मरण र उत्प्रेरणा

पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षण सिकाइ योजना, शिक्षण सिकाइ विधि ( ४ अङ्क)

पाठ्यक्रमको अवधारणा, उद्देश्य, क्षेत्र र क्रम; नेपालमा विद्यालय तहको पाठ्यक्रम विकासक्रम र वर्तमान अभ्यास; राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, (विद्यालय शिक्षा); पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका

मूल्याङ्कन र परीक्षा ( ४ अङ्क)

परीक्षा र मूल्याङ्कनको अवधारणा, प्रकार, साधन र विशेषता; प्रश्नपत्र निर्माण, विशिष्टीकरण तालिका, प्रश्नहरुको विश्लेषण, वैधता र विश्वसनीयता; निरन्तर विद्यार्थी मूल्याङ्कन र अक्षराङ्कन पद्दति; परीक्षाफलको विश्लेषण र प्रयोग

शैक्षिक व्यवस्थापन र शैक्षणिक संगठन ( ४ अङ्क)

कक्षाकोठा व्यवस्थापनको अवधारणा र विविधता व्यवस्थापन; शैक्षणिक संगठनः कक्षा शिक्षण, बहुकक्षा शिक्षण, विषय शिक्षण, मिश्रित शिक्षण; शिक्षक पेशागत विकास र शैक्षिक अनुसन्धान; शिक्षक तालिम र क्षमता विकास; शिक्षक सक्षमताको प्रारूप २०७२; शैक्षिक अनुसन्धानः अर्थ, आवश्यकता र प्रयोग (घटना अध्ययन र कार्यमूलक अनुसन्धान)

सामान्य बौद्धिक परीक्षण (General Mental Ability Test) ( ४ अङ्क)

शाब्दिक बौद्धिक परीक्षण (Verbal Intelligence test), गणितीय क्षमता (Mathematical Ability), स्थानिक तार्किक सीप (spatial Reasoning Skills), दृश्यात्मक/धारणात्मक सीप (Visual/Perceptual Skills)

सूचना तथा सञ्चार प्रविधि ( ४ अङ्क)

कम्प्युटरः परिचय, प्रकार, हार्डवेयर, सफ्टवेयर र अफिस प्याकेज, (वर्ड, एक्सेल, पावर प्वान्ट) इमेल, इन्टरनेट।

विद्यालयमा प्रयोग गरिने साधारण सफ्टवेयर सम्बन्धी आधारभूत ज्ञान

शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (श्रव्य, दृश्य तथा अन्तरक्रियात्मक डिजिटल सामग्री, ई पुस्तकालय), विकास र व्यवस्थापन, साइवर अपराध र सुरक्षा सम्बन्धी आधारभूत ज्ञान

संविधान, शिक्षा सम्बन्धी ऐन तथा नियमहरु ( ४ अङ्क)

नेपालको संविधानशिक्षा ऐन, २०२८ शिक्षा नियमावली, २०५९, शिक्षक सेवा आयोग नियमावली, २०५७, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (शिक्षा सम्बन्धी )

खण्डः ख

सामान्य ज्ञान (५० अङ्क)

सम्बन्धित विषयको विषयगत syllabus मा उल्लेख भएको शिर्षकगत पुर्णाङ्कको अनुपात अनुरुप हुने गरी २५ प्रश्न x२ पुर्णाङ्क =५० हुने गरी सामान्य परीक्षाको प्रश्नपत्र तयार गर्ने।

Civil Engineering

(Paper II):Subjective Paper

Time:3hrs. Full Marks: 100 Pass Marks:40

Section(A)30 Marks

1. Structural Engineering

1.1 Reinforced concrete structures: difference between working stress and limit state philosophy, design of beam and slab, analysis of RC beams and slabs in bending, shear, deflection, bond and end anchorage, design of axially loaded columns; isolated and combined footings, introductionto pre-stressed concrete

1.2 Steel and timber structures: standard and built-up sections: design of riveted,bolted andwelded connections, design of simple elements such as ties, struts,axially loaded and eccentric columns, column bases, design principles of timberbeamsand columns

1.3 Requirements of earthquak eresistant building construction

2. Geotechnical Engineering

2.1 Soil Mechanics

2.1.1 Identification and classification of soils

Field identification of soils and soil classification:descriptive,textural, ISI, MIT and USCS

2.1.2 Permeability of soils

Factors affecting permeability of soil,determination of coefficient of

permeability:laboratory and field methods

2.1.3 Effective stress

Factors affecting effective stress,capillary rise, quick sand condition

2.14 Seepage analysis

Flow net, application of flow net, seepage below concrete dam, sheet pile and safety check, seepage analysis through earthen dam and filter layer design,techniques to reduce discharge and to increase safety of dam

2.1.5 Compactionof soil

Concept of compaction, lab test, factors affecting compaction, specification of compaction, field control of compaction, methods of compaction in field and their suitability, special parameters to be considered for compaction inroad, earthen dam

2.1.6 Shear strength of soils

Concept of shear strength, principal planes and principal stresses, Mohr-Coulomb theory of shear strength, calculation of normal stress and shear

Section(B)- 25Marks

1 Water Resource Engineering

1.1 Hydrology and Sediment

1.1.1 Rainfall measurement sand related analysis

1.1.2 Flow measurements, rating curve and generation of flow data

1.1.3 Ground water hydrology

1.2 Hydraulics

1.2.1 Fluid pressure, fluid kinematics, dynamics of flows

1.2.2 Boundary layers, uniform flow, steady flow, laminar and turbulent flow

1.2.3 Bernoulli's equation and its applications

1.2.4 Laminar and turbulent flowin pipes

1.3 Irrigation

1.3.1 Function, advantages an ddisadvantages of irrigation; status and need of irrigation in Nepal

1.3.2 Crop sand soils, crop water and irrigation water requirements,water availability for irrigation

1.3.3 Irrigation methods (surface, sub-surface, sprinkler and drip),their suitability, advantages and disadvantages

1.3.4 Canal types, network and alignment, canal losses, commad area, duty and delta

Section(C)- 25Marks

1 Transportation Engineering

1.1 Highway engineering

1.1.1 Highway Planning and Survey

Approach to road planning: establishing economic and environmental viability, evaluating alternatives, historical development of road construction in Nepal, classification of roads, national road network of Nepal, road survey and quantity calculation, process of identifying best route location, map study and reconnaissance survey, preliminary and detail survey, recommendation for best alignment, highway alignment and controlling factors, Asian Highway in Nepal and NRS–2045, NRS-2070

1.1.2 Geometric Design of Highway

Basic design control and criteria:design speed,vehicle characteristics, traffic volume & its composition, topography, elements of highway cross section, highway curves: tangents, type of curves, transition curves, reverse curves and their functions, circular curves, super elevation, stopping sight distance, vertical curves, gradients, average gradients and ruling gradient, Crest curve and sag curves, design considerations of horizontal and vertical alignment, extra widening, setback distance

1.1.3 Hill Roads

Hill road design:speed, sight distance, geological conditions and alignment selection criteria, gradient selection, Hair Pin Bends, horizontal curves, passing lane in hill roads, retaining and slope protection structures in hill roads, use of bioengineering, drainage structures,stability of formation width and cut and fill slopes

1.1.4 Highway Drainage

Importance of highway drainage: surface drainage and estimation of water quantity, design of drainage structures, erosion control and dissipating structures, subsurface drainage, cross drainage structures and types

1.1.5 Highway Maintenance, Repair and Rehabilitation

Classification of maintenance activities for on road and offroadstructures, inspection, prioritization and planning of maintenan ceoperations, evaluation of pavement distress and pavement condition, types and methods of pavement repair, regular, recurrent, periodic maintenance, types of overlay and strengthening of existing pavements

Section (D) -20Marks

2 Public Health Engineering

2.1 Water Supply

2.1.1 Introduction

Potable, contaminated and wholesome water, typical components of water supply schemes

2.1.2 Sources of water

Surface source, ground water occurrences and वprospecting,chemical characteristics and properties of ground water, recharge of ground water,ground water recovery, tubewell design, selection of water sources

2.1.3 Quality of water

Types and sources of water pollution, effects of pollution (river, lake andreservoir), pollution of ground water, hardness of water, alkalinity in water, living organism in water, water borne diseases, physical, chemical and biological test of water, water quality standard: WHO standard of drinking water quality, Nepal interim standard of drinking water

2.1.4 Quantity of water

Types of water demand, design period, methods ofpopulation forecasting,variation in demand of water, factors affecting demand of water

2.1.5 Intake works

Site selection of an intake, Characteristics of river reservoir and spring intake,various types of handpumps including suction hand pump,submersible handpumps

2.1.6 Water treatment

Treatment systems:screening, plain sedimentation, sedimentation with coagulation, flocculation, filtration (Slow sand filtration /Rapid

filtration), disinfections of tening, and miscellaneous treatments (aeration, removal of iron and manganese, removal of arsenic and removal of colour, odour and taste)

Reservoirs and distribution systems

Types of reservoirs, sizing of reservoirs: mass curve method, peak demandmethod etc. for reservoir Design, Water supply system: pumping system,gravity system, Layout of the water supply system, Pipeline design: designcriteria, design of transmission and distribution system (including pipe networks)

2.1.7 Operation and maintenance of water supply system

Difference between maintenance and rehabilitation, Operation of water supply system, Maintenance equipment: wrench

Design specific of gravity flow rural water supply system in Nepal

2.2 Sanitary Engineering

2.2.1 Introduction

Importance of waste water and solid waste management, Sanitation system,Types of sewerage systems

2.2.2 Quantity of waste water

Sources and nature of waste water, effluent characteristics, Factor saffecting sanitary sewage, Determination of quantity of sanitary sewage, Determination of quantity of storm water

2.2.3 Characteristics and examination of sewage

2.2.4 Sampling of sewage, Physical, chemical and biological characteristics of sewage, Decomposition of sewage, aerobic and anaerobic decomposition, Biochemical oxidation demand (BOD) and chemical oxidation demand (COD), Test of solids, Dissolved oxygen (DO), pH-

value, BOD, COD, chlorine demand

2.2.5 Design and construction of sewers

Typical design periods, flow velocity, self-cleaning velocity, flow diagrams, hydraulic formulae and gradients, Estimation of quantity of sanitary sewage, collection systems, sewer design criteria, shape of sewers, types of sewers, sewer materials: requirements, salt glazed stone ware, and plain or reinforced cement concrete pipes, plastic, steel, brick, sanitary andstorm water sewers for separate and combined sewer systems, construction of sewer: excavation, laying, jointing of sewer, testing of sewer,water test and air test

2.2.6 Sewage treatment

Treatment methods, Secondary treatment processes and their types, BOD removal, design criteria, activated sludge, oxidation ponds and ditches, aerated lagoons and lagoons, Sewage filtration, intermittent and filter, contact bed, trickling filters, bio- filters and design of trickling and bio-filters

2.2.7 Sewage disposal

Sewage disposal by dilution:essential conditions for dilution, self-purification of streams, factors affecting self –purification, the oxygen sag curve (Streeter Phelps equation), Sewage treatment by land treatment

2.2.8 Sludge treatment and disposal

Sources of sludge and necessity of treatment, Aerobic and anaerobic digestion, Methods of sludge treatment: grinding and blending, thickening,

stabilization, dewatering, drying, composting and incineration, Methods of sludge disposal: spreading on land, lagoon, dumping and land filling

2.2.9 Community participation and introduce following under this heading

2.2.10 Users committee, Village maintenance workers, Preconstruction/ during construction/post construction trainings, Women participation, Community mobilization/participation, Record keeping of WSP, Rehabilitation, Composting toilets, eco-sanitation

2.3 Environment

2.3.1 General introduction of air pollutants, its causes, impacts and remedial measures

2.3.2 Human excreta and its characteristics, pollution caused by excreta

2.3.3 Health aspects of water supply and sanitation

2.3.4 Green house effects, its impacts and remedial measures

2.3.5 Solid waste management, Types and characteristics of solid waste

2.3.6 Garbage collection and disposal

2.3.7 Methods of solid waste disposal: dumping, sanitary landfill, incineration andcomposting

2.3.8 Concept of environmental assessment: Initial environmental examination (IEE), Environment impact assessment (EIA), role of EIA, Types of environmental impacts, and EIA principles

2.3.9 Government rules and regulations and procedures for EIA

अनुसूची ४

Agriculture

(Paper II):

Time:3 hrs. Full Marks: 100

Pass Marks:40

Section (A) - 25 Marks

1. Agricultural Extension

Extension Education, Training and Leadership Development

Concepts, definition, principles, philosophy and objectives of extension education

Role and scope of extension education in Nepalese agricultural development

History of agricultural extension in Nepal

New direction of agricultural extension (subject matter specialist, privatization, pluralistic, collaborative, gender mainstreaming in agriculture, pocket package strategy, public private partnership)

Extension teaching methods and factors to be considered for selection of methods

Training need assessment, designing training module and training management

Leadership development and role of local leaders in Agricultural Extension

Communication, Innovation, Diffusion and Technology Transfer

Role of communication in agricultural extension

Communication models and Communication channels (mass media,

inter personal, indigenous)

Information and Communication technologies (ICTs) and Agricultural Extension

Designing effective communication process

Barriers of effective communication

Innovation diffusion process

Adopter's categories and factors affecting rate of adoption

Development and transfer of technology and selection of appropriate technology

Models of transfer of technology (e.g. Conventional, Feedback Model, Farming System Research and Extension, Farmers' Field School)

Agricultural Extension System & Extension Program Planning

Agriculture extension Systems of Nepal in changing context

Role, responsibility and coordination among stakeholders involved in agricultural extension in Nepal

Effective extension program planning: Principles, importance and process in Nepalese context

Factors to be considered in executing extension program

2. Agricultural Economics

Principles of Economics

Basic concepts on demand and supply

Price and income elasticity of demand, cross elasticity of demand

Consumer's preference and indifference curve

Market classification and price determination under different market condition

Principles of production (production function, the law of diminishing return, isoquant, product curves, production possibility curves)

Cost of production (explicit and implicit costs, total, average, marginal, variable and fixed costs, economies and diseconomies of size and scale) Comparative and competitive advantage

Agricultural Economics

Farm Management

Scope and importance of farm management

Farm budgets (total and partial budgeting).

Cost and return analysis (Major food grains, cash crops and horticultural crops)

Farm plan (Resources, constraints and optimization).

Efficiency measure; farm inventory management and valuation Time value of money, compounding and discounting techniques Income and net-worth statement

Agricultural Marketing and Agri-business

Concept, scope and role

Characteristics of agricultural market and problems of marketing in Nepal

Grading, standardization, quality control and related problems of agricultural commodities

Value chain development in agriculture

Business plan preparation

Marketing of agricultural inputs (fertilizer, seeds, saplings, chemicals) and outputs (cereals, cash crops, fruits and vegetables) Global and regional context of agricultural marketing and trade (WTO, SAFTA, Indo-Nepal trade)

Commodity markets in agriculture

Agricultural Program Planning, Monitoring, Evaluation and Data Management

Concepts of agricultural planning, preparation of programs/projects, budgeting and project cycle

Feasibility studies of agricultural projects and use of B/C Ratio, IRR, Economic and Financial Rate of Return, Net Present Value

Risk and uncertainty

Monitoring and evaluation of agricultural programs/ projects

Logical framework in project planning and monitoring

Statistics and Survey Techniques

Frequency distribution and measures of central tendency, bar and pie charts

Computation of mean and standard deviation from grouped and ungrouped sets of data

Hypothesis testing and confidence interval

Regression and correlation analysis

Estimate of errors, control of error

Agriculture Census: Sample survey and its advantage over census survey

Source of sampling and non-sampling error and measures to minimize such errors. Sample design for collecting current agricultural statistics in Nepal

Rapid and Participatory Rural Appraisal (RRA and PRA) and crop cutting surveys

Section (B) - 25 Marks

Soil Science

General Introduction

Definition of soil

Soil forming process

Physical properties of soils (texture, structure, density, porosity, consistency)

Chemical properties of soils (soil reaction, electric conductivity, cation exchange capacity, percentage base saturation, fertilizers and reclamation of problematic soil: Acidic & alkaline)

Biological properties of soils (algae, fungi, actinomycetes, soil bacteria) Role of soil microorganisms in ammonification, nitrification, denitrification, biological nitrogen fixation (symbiotic and non-symbiotic) Soil organic matter and carbon nitrogen ratio

Soil Fertility and Plant Nutrition

Plant Nutrition

Essential plant nutrients and their functions

Visual symptoms of nutrient deficiencies and nutrient disorders

Nutrient cycle (C, N, P, and S) and its component

Nutrient requirements, uptake mechanism

General soil fertility status of Nepal and major causes of declining soil fertility

Soil testing, plant analysis and diagnostic techniques for improved soil fertility management

Integrated Plant Nutrient Systems and its significance in sustainable soil

management in the Nepalese context

Manures and Fertilizers

Different types of chemical fertilizers and their application

Sources and types of organic manures

Bio-fertilizers, inoculants and their use in Nepalese agriculture

Fertilizers available in Nepalese market and their use

Fertilizerregulation, marketingandqualitycontrolmechanismin Nepal

Soil survey and Water conservation

Soil Survey

Importance of soil survey and types

General soil classification

Major soils of Nepal and their characteristics (suborder/great group levels of USDA taxonomy).

Soil fertility mapping and tools used

Soil, Water and Plant Relationship

Hydrological cycle

Water infiltration and percolation

Soil permeability and Hydraulic conductivity

Saturation percentage, permanent wilting point, field capacity and plant available soil water

Soil moisture retention curve

Crop water requirements, evapo-transpiration and irrigation requirements, water balance

Soil water management, water stress (drought, water logging)

Soil Erosion, Slopping Agriculture Land Technology (SALT) and terracing

4. Agronomy

Basics of crop production

Farming system

Introduction, system approach in agriculture, component /determinants of farming system

Farming System Research Methodology (FSR)

Framework of FSR methodology

Resource conservation technologies (RCT) in crop production Tillage

Objective, significance and importance of tillagein crop production Zero tillage, minimum tillage and optimum tillage

Condition of soil suitable for cultivation

Seed Technology

Seed formation, development and physiology of seed

Seed quality and seed classes

Principles and practices of seed production

Seed processing, handling and storage

Seed testing principles

Seed certification procedures and seed standards of major crops in Nepal

Importance of Varietal Replacement and Seed Replacement Rate Seed self-sufficiency and seed production programs in Nepal

Crop production technology

Production practices of rice, maize, wheat, finger millet, lentil, soybean, chickpea, mungbean, rapeseed, sunflower, groundnut, sugarcane with respect to:

Importance, distribution, origin and classification

Morphology and growth stages

Recommended varieties

Climate and soil

Cultural practices and post-harvest technology

Underutilized crops and their importance in food and nutritional security

Plant breeding and research design

Definition, importance, history and achievement of plant breeding Methods of crop improvement and breeding methods in field crops Classification of crops according to mode of pollination

Germplasm collection, characterization, evaluation and utilization Variety development procedure in Nepal

Maintenance breeding of varieties/germplasms.

Hybrid variety development and hybrid seed production.

Use of biotechnology in plant breeding

Research design and application

Section (C) - 25 Marks

5. Horticulture

Cultivation practices of major horticultural crops

Fruits: Citrus (Citrus spp.), Mango (Mangifera indica), Litchi (Litchi chinensis), Banana (Musa acuminate), Apple (Malus pumila), Pear (Pyrus communis) and Kiwi (Actinidia deliciosa)

Vegetables: Potato (Solanumtuberosum), tomato (Solanumlycopersicum), chili (Capsicum frutescens), cucumber (Cucumissativus), cauliflower (Brassica oleracea var botrytis), radish (Raphanus sativus), beans (Phaseolus vulgaris), onion (Allium cepa), Pea (Pisum sativum) and broad leaf mustard (Brassica juncea var rugosa)

Spice crops: Ginger (Zingiberofficinale), Turmeric (Curcuma longa) and Cardamom(Amomum subulatum)

Flower: Rose (Rosa spp.), carnation (Dianthus caryophyllus), gladiolus (Gladiolus spp.) and Gerbera (Gerbera jamesonii)

Plantation crops: Tea (Camellia sinensis) and Arabica coffee (Coffea arabica)

Vegetable Seed production technology

Vegetable seed production zones of Nepal

Classification and types of seeds (breeder, foundation, certified and improved; Open pollinated, hybrids, True Potato Seed and Pre-basic Seed)

Hybrid seed production of tomato in Nepal and seed production of open pollinated crops (cauliflower, radish, cucumber, and onion)

Postharvest management of horticultural crops

Post harvest physiology: transpiration, respiration and ripening of fruit and vegetables

Causes of postharvest loss and their management

Storage of potato and fruits: principles, importance and different storage structures

Preservation of fruits and vegetables

Nursery management in fruits and vegetables

Sexual and asexual propagation techniques of horticultural crops

Nursery types and its use in horticultural crop production including hi-tech nurseries

Use of rootstocks in horticulture

Care and management of plants in nursery

Modern technologies in horticulture

Organic farming, soilless farming, tissue culture technology for tuber and sapling production, high density planting, modern irrigation technologies, use of machineries in horticulture

Precision and protected horticultural technology

Urban farming technologies (roof top, vertical farming and home garden)

Use of plant growth regulators and hormones in horticulture

Plant growth and development

Seed germination: mechanism and controlling factors

Flowering, pollination, fruit set, fruit drop and fruit maturity

Fruit ripening and senescence: mechanism and controlling factors

Tuber and bulb formation: mechanism and controlling factors

Section (D) - 25 Marks

6. Plant Protection

General Plant Protection

Importance of crop pests & disease

Climate change and implication on crop pest & disease

Plant protection principle and approaches

Importance, issues, challenges and role of plant quarantine in Nepalese agriculture

Importance of pest survey and surveillance in disease/pest forecasting and early warning

Types of sprayers, duster and seed treatment Equipment

Use of equipment, calibration, dose calculation

Biological control of pests and diseases

Tools used for pest monitoring

Insect predators, pathogens and parasitoids

Biopesticides &Bio fungicides in pest & disease control

Type of Pesticide formulation

WHO classification of pesticide by hazard

Banned pesticides in Nepal

Safe use of pesticides

Status of pesticide use in Nepal

Symptoms and treatment of pesticide poisoning

Different methods of pesticide residue monitoring

Weed management

Rodents and their management

Entomology

Industrial Entomology

Importance of industrial entomology

Biology of silkworm and honey bee

Agricultural Insect Pests of National Importance and their Management

Cereals:

Stem borers (Chilopartellus; Chilosuppressalis; Sesamiainferens; Scirpophagaincertulas);Green leaf hopper (Nephottetixnigropictus); Brown plant hopper (Nilaparvatalugens); Gundhi bug (Leptocorisa chinensis); White grubs (Melolontha spp.; Phyllophaga spp.; Holotrichia spp.); white fly in rice, Fall Armyworm (Spodopterafrugiperda)

Vegetables: Cutworm (Agrotisipsilon; A. segetum); Pumpkinfruit fly (Bactroceracucurbitae); Aphids (Myzuspersicae; Aphis fabae; A. gossypii; A. craccivora; Brevicorynebrassicae); Red ants (Dorylusorientalis); Shoot and fruit borer (Leucinodesorbonalis); Large white butterfly (Pierisbrassicaenepalensis); Fruit borer (Helicoverpaarmigera); Tobacco caterpillar (Spodopteralitura); Potato tuber moth (Phthorimaeaoperculella); Diamondback moth (Plutellaxylostella); White fly (Bemisiatabaci); South american leaf miner (Tutaabsoluta)

Cash Crops

White stem borer of coffee (Xylotrechusquadripes) Sugarcane Plassey borer (Chilotumidicostalis) Pink bollworms (Pectinophoragossypiella)

Fruits

Sub- tropical fruits: Citrus fruit fly (Bactrocera spp.); Scale insects (Aspidiotus destructor, Aonidiellaaurantii); Citrus green stinkbug (Rhynchocorisposeidon)

Tropical fruits: Mango hoppers (Idioscopusclypealis, I. nitidulus and Amritiodusatkinson); Banana stem weevil (Odoiporuslongicollis); Banana rhizome weevil (Cosmopolites sordidus); Litchi leaf curl mite (Acerialitchii)

Temperate fruits: Apple wooly aphid (Eriosomalanigerum); San Jose

scale (Quadraspidiotusperniciosus)

Ornamental and Flowers: Red Spider Mite (Tetranychus spp.)

Plant Pathology:

Introduction and importance of plant diseases, Mechanism of infection by plant pathogen, Host Plant Resistance Defense mechanisms of host plants.

Genetics and disease resistance in plants

Plant disease epidemiology and forecasting

Agricultural Crop Diseases of National Importance and Their Management

Cereals:Rice blast (Pyriculariaoryzae); Bacterial blight(Xanthomonasca mpestrispvoryzae); Stalk rot (Erwiniacarotovora); Leaf blight(Helminthospo riumturcicum); Rusts (Pucciniagraministritici, P. recondita, P. striiformis); Loose smut(Ustilagotritici)

Vegetables and spices: Late blight (Phytophorainfestans);Bacterial wilt (Ralstoniasolanaceanum); Alternaria leaf spots (Alternariabrassicicola, A. brassicae); Damping off of seedlings (Pythium spp., Fusarium spp.); Club root (Plasmodiophorabrassicae); Root knot (Meloidogyne spp.); Anthracnose (Colletotrichum spp.); Tomato yellow leaf curl virus;

Rhizomes rotof ginger and cardamom (Pythium spp., Fusarium spp.)

Fruits and others: Foot and root rot (Phytophthoracitrophthora, P. nicotianae); Citrus greening (Huanglungbing) –(Liberibacterasiaticum); Pink disease (Pelliculariasamoniclor); Scab (Venturiainaequalis); Powdery mildew (Levullelataurica); Panama wilt of banana (Fusariumoxysporum); Coffee rust (Hemileiavastatrix); Septoria blight of marigold (Septoriaapicola)

Mushroom cultivation

Cultivated species of mushroom in Nepal

Cultivation techniques of Pluerotus spp. and Agaricus spp.

Laboratory Techniques & production

Isolation; Culture and preservation, Mounting&culturing, Sterilization

Different media used Productiontechnique of Metarhiziumanisopliae, Beauveriabassiana&Trichodermaharzianum T. viridae.

## अनुसूची ५

## प्रारम्भिक बाल विकास सहजकर्ताको लागि पाठ्यक्रम

### प्रथम पत्र

समय: १ घण्टा पूर्णाङ्क: १००

उत्तीर्णाङ्क: ५०

| क्र.स. | विषयवस्तु | प्रश्न संख्या | अङ्कभार | पुर्णाङ्क |
|---|---|---|---|---|
| १ | शिक्षाको अर्थ र परिभाषा | ५ | २ | १० |
| २ | प्रारम्भिक बालविकास र शिक्षा पाठ्यक्रम | ५ | २ | १० |
| ३ | शैक्षणिक योजना | ५ | २ | १० |
| ४ | मूल्याङ्कन | ५ | २ | १० |
| ५ | शिक्षण विधि | ५ | २ | १० |
| ६ | अभिभावक शिक्षा | ५ | २ | १० |
| ७ | विद्यालय र समुदाय बिचको सम्बन्ध | ५ | २ | १० |
| ८ | शिक्षा ऐन तथा नियमावली | ५ | २ | १० |
| ९ | नेपालको संविधान | ५ | २ | १० |
| १० | स्थानीय सरकार सञ्चालन ऐन | ५ | २ | १० |
| | जम्मा | ५० | | १०० |

प्रारम्भिक बाल विकास सहजकर्ता

दोस्रो पत्र

समय: ३ घण्टा

पूर्णाङ्क: १००

उत्तीर्णाङ्क: ४०

| क्र.स. | विषयवस्तु | प्रश्न संख्या | अङ्कभार | पुर्णाङ्क |
|---|---|---|---|---|
| १ | बालमैत्री शिक्षा र समावेशी शिक्षा | १ | १० | १० |
| २ | बाल मनोविज्ञान र सिकाई | १ | १० | १० |
| ३ | शिक्षकको पेशागत विकास र तालिम | १ | १० | १० |
| ४ | शैक्षणिक संगठन र शैक्षणिक योजना | १ | १० | १० |
| ५ | पाठ्यक्रम, पाठ्यपुस्तक र शैक्षिक सामग्री | १ | १० | १० |
| ६ | शिक्षण विधिहरु | १ | १० | १० |
| ७ | विद्यार्थी मूल्याङ्कन | १ | १० | १० |
| ८ | सूचना तथा सञ्चार प्रविधि | १ | १० | १० |
| ९ | अभिभावक शिक्षा | १ | १० | १० |
| १० | स्वास्थ्य र सुरक्षा | १ | १० | १० |
| | जम्मा | १० | | १०० |

आज्ञाले

बासुदेव भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

# बुद्धभूमि नगरपालिकाले स्वास्थ्य बीमा संयोजन समिति गठन/ संचालन कार्यविधी, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०९।०२

प्रस्तावनाः

स्वास्थ्य बीमा नियमावली २०७५ को नियम २६ मा प्रत्येक स्थानिय तहमा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सहजिकरण गर्ने लगायतका कार्य गर्नको लागी स्थानिय सरकारले तोके बमोजिमको एक स्थानिय तह स्वास्थ्य बीमा संयोजन समिति रहेनछ भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन वाच्छनीय भएकोले स्वास्थ्य बीमा ऐन २०७४ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी बुद्धभूमि नगरपालिकाले स्वास्थ्य बीमा संयोजन समिति गठन/ संचालन कार्यविधी, २०८१ स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भ (१) यो कार्यविधिको नाम स्थानिय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/ संचालन कार्यविधि, २०८१ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलाग्नेमा यस कार्यविधिमा

(क) ऐन भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन २०७४ सम्झनु पर्छ।

(ख) कार्यक्रम भन्नाले नियम २ को खण्ड (ख) बमोजिमको कार्यक्रम सम्झनुपर्छ।

(ग) नियमावली भन्नाले स्वास्थ बीमा बोर्ड नियमावली २०७५ सम्झनु पर्छ।

(घ) पालिका भन्नाले बुद्धभूमि नगरपालिका सम्झनु पर्छ।

(ङ) बोर्ड भन्नाले स्वास्थ्य बीमा सम्झनु पर्छ।

(च) संयोजन समिति भन्नाले नियम २६ बमोजिम स्थानिय तहले गठनले गरेको स्वास्थ्य बीमा संयोजन समिति सम्झनु पर्छ।

## परिच्छेद २
## समितिको गठन

संयोजन समिति गठन (१) नियम २६ बमोजिम पालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिमको पालिका स्तरिय स्थानिय तह स्वास्थ्य बीमा संयोजजन समिति रहने छ।

(क) नगर प्रमुख – संयोजक

(ख) वडा नं ९ (बढी जनसंख्या भएको) वडाको अध्यक्ष – सदस्य

(ग) प्रमुखले मनोनित गरेको प्रतिनिधि सेवा प्रदायक संस्था - सदस्य
(घ) प्रमुखले मनोनयन गरेको स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेको एक र महिला स्वयंसेविका सहित दुइ जना – सदस्य
(ङ) प्रमुख प्रशासकिय अधिकृत – सदस्य
(च) दर्ता अधिकारी स्वास्थ्य बीमा बोर्ड ( पालिका) -सदस्य
(छ) स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(२) संयोजन समितिको बैठक आवश्यकता अनुसार वर्षमा कम्तिमा चार पटक बस्नेछ।
(३) सदस्य सचिवले बैठकको कार्यसुचि संयोजकको स्वीकृतिमा तय गर्नु पर्नेछ
(४) संयोजकले तोकेको समय र स्थानमा बैठक वस्नेछ।
(५) बैठकमा कुनै खास बिषय बिज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।
(६) सदस्यहरुलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्यसुचि सामान्यतया तीन दिन अघि दिनु पर्नेछ तर कुनै खास बिषयमा चौविस घण्टा अघि जानकारी दिइ बैठक वस्न बाधा पर्ने छैन।
(७) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्ने छन ।
(८) बैठक बसेको दिनमा पदाधिकारीको प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन।
(९) सचिवालयको काम यस पालिकाको कार्यालयले गर्नेछ।

३. काम , कर्तव्य र अधिकार : संयोजन सिमितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ
(क) पालिकाको क्षेत्रभित्र कार्यक्रम विस्तार गर्न प्रवर्धानात्मक कार्यमा सहयोग गर्ने
(ख) पालिका अन्तगर्तका सरकारी , सार्वजानिक संस्थाहरुको कर्मचारी र परिवारलाइ स्वास्थ्य बीमाको दायरामा ल्याउन निमयावलीले तोके बमोजिम प्रिमियमको व्यवस्था गरी कार्यक्रममा आवद्ध गर्ने,
(ग) अति गरिव परिवालाई कार्यक्रममा आवद्ध गर्न पालिका र बोर्डबिच समझदारी गर्ने
(घ) नसर्ने रोगको लागी कार्यक्रमले दिइ आएको सुविधा उपब्ध गराउन वा वृद्धि गर्न बोर्डसंग साझेदारी गर्ने ,
(ङ) कार्यक्रमगत रुपमा बोर्डलाई ससर्त अनुदान उपलब्ध गराउन सक्ने ,
(च) पालिका अन्तरगत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर वृद्धि गर्ने गराउने ,
(छ) बीमाबाट प्रदान गरिने औषधीहरु पालिका अन्तरगत स्वास्थ्य संस्थाहरुद्वारा संचालित फार्मेसीमा उपलब्ध चिकित्सक उपलब्धता हुने व्यवस्था गर्ने , गराउने
(झ) स्वास्थ्य संस्थाहरु उपकरण , प्रयोगशालाको सेवामा निरन्तता , स्तरोन्नति र पुर्वाधार अभिवृद्धिमा सहयोग गर्ने ,
(ञ ) कार्यक्रम प्रवर्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय , प्रदेश र बोर्डसंग समन्वय गर्ने
(ट) संयोजन समितिले आवश्यक देखेका बिमा कार्यक्रमसंग संवन्धित अन्य विषयहरु।

४ बजेट : स्वास्थ्य बीमा संयोजन समितिको सचिवालय सन्चालनको लागी आवस्यक खर्चको व्यवस्था पालिकाले गर्न सक्नेछ ।

परिच्छेद ३

विविध

५. कार्यविधीमा संशोधन : पालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

६. बाधा अड्काउ फुकाउने अधिकार : यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अडचन पर्न आएमा पालिकाले निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

७. प्रचलित कानुन बमोजिम हुने : यस कार्यविधिमा लेखिएको बिषयमा यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्य विधिमा लेखिएको कुनै विषय प्रचलित कानून संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

आज्ञाले

बासुदेव भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

# बुद्धभूमि नगरपालिकाको बाँझो जग्गा उपयोग सम्बन्धि कार्यविधि, २०८२

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०३।१७ गते**

**प्रस्तावना:-**

नेपाल कृषि प्रधान देश हो । यहाँका ५०% भन्दा बढी जनता कृषि पेशामा संलग्न छन् । बुद्धभूमि नगरपालिकाको ८५ % भन्दा बढी जनता कृषि पेशामा संलग्न छन् । यस नगरपालिकाको प्रमुख लक्ष "कृषि उद्योग र पर्यटनमा वृद्धि बुद्धभूमि नगरको आर्थिक समृद्धि" भएको हुँदा सो लक्ष्य प्राप्तिको लागि अबको हाम्रो कार्य दिशा सुशासन सहितको आर्थिक समृद्धि हो । आर्थिक समृद्धि प्राप्तिका लागि कृषि, पशुपालन पेशामा सबैलाई सहभागी गराई व्यवसायीकरण गराउँदै लैजाने नीति यस नगरपालिकाले लिएको छ । यस नगरपालिकाका युवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गरी विदेश पलायन हुनबाट रोकी बिभिन्न कारणले बजार पलायन हुने समस्यालाई न्यूनीकरण गर्न वाहिर बस्ने ब्यक्तिबाट जग्गा खरिद गरि लिइ उत्पादनशील भूमिलाई बाँझो राखी निष्कृय बनाइ उत्पन्न असहज परिस्थितीलाई मध्यनजर गरी विकल्प सहित जग्गा बाँझो नराख्न जग्गालाई उपयोग गर्न कृषिजन्य उत्पादनको आयातको प्रतिस्थापन गर्दै निर्यात गर्ने सरकारी नीतिलाई कार्यान्वयन गर्न गराउन नेपालको संबिधानको भाग-४ धारा (५१) को खण्ड (ङ) मा निर्दिष्ट राज्यको कृषि र भूमिसुधार सम्बन्धि नीति, धारा (५७) को उपधारा (४) र (५) राज्यशक्तिको बाँडफाँड, धारा (२२१) को उपधारा (१) र (२), स्थानीय तहको व्यवस्थापिकीय अधिकार र धारा (२२६) को उपधारा (१) र (२) मा कानुन बनाउन सक्ने संवैधानिक अधिकार प्रयोग गरि स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा (१०२) को अधिकार प्रयोग गरि बुद्धभूमि नगरपालिकाले बुद्धभूमि नगरपालिकाको बाँझो जग्गा उपयोग सम्बन्धि कार्यविधि, २०८२ जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:-** (१) यस कार्यविधिको नाम "बुद्धभूमि नगरपालिकाको बाँझो जग्गा उपयोग सम्बन्धि कार्यविधि २०८२" रहेको छ ।

(२) यो कार्यविधि बुद्धभूमि नगरपालिका, नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेपछि लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "सरकारी जग्गा" भन्नाले सडक, बाटो, रेल्बे, सरकारी घर, भवन, कार्यालय, बन, बुट्यान, जंगल ,नदि, नाला, खोला, उकास, ताल, पोखरी, डिल, नहर, कुलो, ऐलानि, पर्ति, भिर, पहरा तथा बगर सम्झनु पर्छ।

(ख) "नगर प्रमुख" भन्नाले बुद्धभूमि नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(ग) "अभिलेख" भन्नाले दफा (१०) बमोजिम तयार गरिएको अभिलेख सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले बुद्धभूमि नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "सार्वजनिक जग्गा" भन्नाले बाटो, कुवा, पानी पधेरो, पानीघाट, इनार , पोखरी , डिल, खोला संरक्षणको लागि बनाएको बाँध, निकास, गौचरण, मसानघाट, चिहान, पाटी, पौवा, देवल , धार्मिक स्थल, स्मारक, मठ, मन्दिर, चोक, ढल, चौतारो, हाटबजार लाग्ने ठाँउ, मनोरञ्जन/ खेलकुद गर्ने ठाँउ सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुद्धभूमि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(छ) "बाँझो जग्गा" भन्नाले बुद्धभूमि नगरपालिकाको क्षेत्र भित्र रहेको सार्वजनिक तथा कुनै व्यक्तिको नाममा नापी भई सो व्यक्तिले कुनै खेती नगरी राखेको जग्गा सम्झनु पर्छ।

(ज) "स्थानिय तह" भन्नाले बुद्धभूमि नगरपालिकालाई सम्झनु पर्छ।

(झ) "स्थानीय स्तर" भन्नाले बुद्धभूमि नगरपालिकाको भौगोलिक क्षेत्र सम्झनु पर्छ।

(ञ) "वडा कार्यालय" भन्नाले बुद्धभूमि नगरपालिकाको प्रत्येक वडामा स्थापना गरिएको वडा कार्यालयलाइ सम्झनु पर्छ।

(ट) "वडा अध्यक्ष" भन्नाले बुद्धभूमि नगरपालिकाका प्रत्येक वडामा निर्वाचित वडा अध्यक्ष सम्झनु पर्छ।

(ठ) " जग्गा धनि भन्नाले" खेतियोग्य जमिन बाँझो राख्ने जग्गा धनि भन्ने सम्झनु पर्दछ।

**३. उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुने छ :-

(क) यस नगरपालिकाको क्षेत्र भित्र रहेका सम्पुर्ण जग्गाहरुमा यस क्षेत्रको हावापानी माटोको उर्वरा शक्ति अनुसार खेती गराइ कृषि मार्फत आम नागरिकलाई आत्मनिर्भर गराउने।

(ख) हावापानी अनुसार पकेटक्षेत्र निर्धारणगरी कृषिका विभिन्न खेतिहरु, फलफुल खेतीमा यस नगरपालिकालाई आत्मनिर्भर गराउने।

(ग) युवाहरुलाइ व्यवसायिक कृषि र पशुपालनमा अग्रसर गराई स्थानीय बासीलाई कृषि पेशा मार्फत उधमी बनाइ स्थानीय स्तरमा नै रोजगार प्रवर्द्धन गर्ने ।

(घ) बुद्धभूमि नगरपालिकालाई कृषिको पकेट क्षेत्रको रूपमा अगाडी बढाउनका निम्ति कृषकहरुलाई अनुदान र सहुलियतका प्याकेज कार्यक्रमहरूको व्यवस्था गरिने ।

(ङ) नगरपालिका भन्दा वाहिर रहेका वा बिदेशबाट फर्किएका एवंम वैदेशिक रोजगारिमा जाने तयारिमा रहेका बिपन्न युवाहरुलाई तालिम सहित कृषि र पशुपालनका लागि प्रोत्साहन स्वरुपका विभिन्न कार्यक्रमहरु सिर्जना गर्ने ।

(च) विभिन्न समयमा महामारीका कारण खाद्य संकटको जोखिम न्यूनिकरण गर्न कृषि उत्पादन बढाउन बाँझो जग्गामा खेती गर्ने तथा पशुपालन गर्नेलाई अनुदान दिने ।

(छ) बाँझो जग्गामा खेति गर्ने, पशुपालन गर्ने, फलफुल लगाउने, जरिबुटी लगाउने लाई बिभिन्न प्याकेजका अनुदान रकम उपलव्ध गराइने ।

(ज) जमिन बाँझो राख्ने समस्या घटाइने,खेतितर्फ आकर्षित गरेर उत्पादन वढाउने, आयात घटाउने, रोजगारि र आयआर्जन बढाउने ।

४. बाँझो जग्गा उपयोग नितिको कार्यान्वयन गर्ने :

(क) अनाज वा तरकारी खेतीलाई प्रोत्साहन गर्ने ।

(ख) फलफुल खेतिलाई प्रोत्साहन गर्ने ।

(ग) घाँस खेती तथा पशु पंक्षी पालनलाई प्रोत्साहन गर्ने ।

(घ) जडीवुटी खेतीलाई प्रोत्साहन गर्ने ।

(ङ) काष्ठ प्रजातीका वनस्पती खेतीलाई प्रोत्साहन गर्ने ।

(च) माछापालन तथा मौरीपालनलाई प्रोत्साहन गर्ने ।

(छ) होटेल, होमस्टे तथा अन्य पर्यटकीय संरचना निर्माणमा सहयोग पुर्याउने ।

(ज) माटोको क्षयीकरण तथा उर्वराशक्ती ह्रास हुनवाट वचाउने ।

(झ) अन्य कुनै पनि आयमुलक उद्योग वा उधमी गर्ने गराउने ।

५. बाँझो जग्गा राखेमा कार्वाही सम्वन्धी व्यवस्था :

(क) निर्धारीत मिति र समय भित्र जग्गाधनिले जग्गा उपयोगमा नल्याएमा वा सरकारले स्थापना गर्ने भूमि बैंकमा नराखेमा नगरपालिकाले सोझै उक्त जग्गा उपयोगको प्रकृया अगाडी बढाउनेछ ।

(ख) सो बाँझो जग्गा आवश्यक कामको लागि नगरपालिकाले प्रयोगमा ल्याउन सकिने वा सरकारले

स्थापना गर्ने भूमि बैंकमा राखिने वा व्यवसायिक कृषि तथा पशुपालन गर्न इच्छुक संस्था/समूह वा कृषकलाई उत्पादनका लागी प्रयोग गर्न दिइनेछ र कृषकले अनुसूची (१) को ढाँचामा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(ग) बाँझो जमिन उपयोगमा ल्याउन नगरपालिकाद्वारा सम्बन्धीत सवैलाई समय दिई सुचना जारी गर्नेछ। यदि कसैले अटेर गरेमा त्यस्तो जमिन नगरपालिकाले उपयोग गर्नेछ। त्यस्तो बाँझो जमिनवाट उत्पादन भएका खाद्य बस्तुहरु नगरपालिकाले स्थापना गरेको खाद्यान्न भण्डारमा जम्मा गरिनेछ। जमिन उपयोग गरेवापत नगरपालिकाले जग्गा धनिलाई कुनै भाडा दिने छैन। नगरपालिकाले कम्तीमा एक बर्ष उक्त जमिन प्रयोग गर्नेछ।

(घ) बाँझो जग्गामा लगाइएको उत्पादित कृषि उपजको पूर्ण स्वामित्व बाली लगाउने संस्था/समूह वा कृषकको नै हुनेछ।

(ङ) जग्गा धनी स्वयंले नै जग्गा उपयोग गर्ने भएमा नगरपालिका, सम्बन्धित वडा कार्यालयलाई र खेती गरिरहेको बालि धनि कृषक समेतलाइ कम्तिमा ४५ दिन पहिले सुचना दिनु पर्नेछ तर बालि लगाइरहेको अवस्थामा बालि भित्राएपछि मात्र जग्गा धनिले उपययोग गर्न पाउनेछ। नियमानुसार लाग्ने जग्गाको कर जग्गा धनिले नै तिर्नु पर्नेछ। जग्गा धनिले अवरोध गरेको कारणले भूमि बाँझो रहेमा सम्बन्धीत जग्गाधनीसँग तोकिए बमोजिम नगरपालिकाले जरिवाना लिनेछ।

(च) जमिन बाँझो राख्नेलाई नगरपालिकाले तोकिए बमोजिमको सामान्य शुल्क लगाउनेछ।

६. बाँझो जग्गा उपयोगको लागी नगरपालिकावाट निम्न सेवा सुबिधा उपलव्ध गराइनेछ।

(क) व्यवसाय संचालन गर्नको लागी सिपमुलक तालिम उपलब्ध गराइनेछ।

(ख) व्यावसायीक प्रकृतीका आधारमा अनुदान उपलब्ध गराईनेछ।

(ग) उद्यमशिलता तर्फ अग्रसर गराइ व्यवसायिक रुपमा कार्य गर्न वित्तिय संघ संस्था मार्फत सहुलियत ऋणको व्यवस्था गर्न सहयोग गरिनेछ।

(घ) कृषकहरुको क्षमता विकास कृषि अनुदान तथा तालिमको ब्यवस्था गरिनेछ।

(ङ) पशुपालन, विभिन्न बिउ, बिजन घाँस तथा फलफुलका विरुवाहरुमा अनुदान उपलब्ध गराइनेछ।

(च) श्रोत व्यवस्था भएको अवस्थामा खानेपानी सिँचाईको व्यवस्था साझेदारी र समुह संस्थागत रुपमा उपलब्ध गराइनेछ।

(छ) वाटो तथा अन्य आवस्यक पुर्वाधार निर्माणमा सहयोग पुर्याइनेछ।

(ज) व्यवसाय संचालनका लागि आवस्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

(झ) बाँझो जमिनलाई आवश्यक बीउ विजन र मलको ब्यवस्था वडा कार्यालय मार्फत नगरपालिकाको

कृषि शाखाले आवश्यक समन्वय गरि गर्नेछ।

(ञ) बिभिन्न मेसिनरी औजारहरु अनुदानमा उपलब्ध गराईनेछ।

(ट) बाँझो जमिनबाट उत्पादित सामाग्रीलाई बजारसम्म लैजाने ब्यवस्था गरिनेछ र धेरै उत्पादन हुने ठाँउमा कोलस्टोरको समेत व्यवस्था गरिनेछ।

७. बाँझो जमिन राखेमा भूमिकरमा बृद्धि गरिने :-

(क) कसैले यस कार्यविधि बमोजिम खेतियोग्य जमिन बाँझो राखेमा त्यस्तो बाँझो राखेको जमिनको नगरसभाबाट अनुमोदन हुनेगरि भूमिकरमा बृद्धि गरिने त्यस्तो बाँझो जग्गा जमिन स्वामित्वमा भएको व्यक्तिलाइ नगरपालिकाले प्रदान गर्ने अनुदानका कार्यक्रममा सहभागि नगराउने।

(ख) कसैले यस कार्यविधि बमोजिम अटेर गरि बाँझो राखेको जग्गालाई कुनै जग्गा जमिन नभएको मानिसले वा दैनिक रुपमा गुजारा चलाउन मुस्किल भएका मानिसहरुले कमाउन चाहेमा नगरपालिकाले सोझै त्यस्तो बाँझो जग्गा कमाउने प्रयोजनका लागि मात्र कुनै ब्यक्तिलाई उपलब्ध गराउन सक्नेछ।

(ग) कसैले आफ्नो स्वामित्वको जग्गा कमाउन नसकेमा त्यस्तो जग्गा नगरपालिकाको सरकारद्वारा स्थापना गर्ने भूमि वैँकमा जम्मा गर्नुपर्नेछ र सरकारले स्थापना गरेको भूमि बैंकमा व्यवस्था भए बमोजिम नगरपालिकाले निर्णयगरी जग्गा अनुसारको शुल्क सम्बन्धीत जग्गा धनीलाई दिइनेछ।

८. बाँझो जग्गा उपयोगको लागि नियमन गरिने: बाँझो जग्गा खेति गर्ने तथा उपयोग गरेवापत प्राप्त गर्ने अनुदान वितरणको लागी निम्न कार्य गरिनेछ।

(क) बाँझो जग्गा खेति गर्ने तथा उपयोग गर्नको लागि अनुदान प्राप्तको लागी यथार्थ अवस्था भन्दा फरक अभिलेख तयार गरि अनुदान लिन खोजेमा वा लिएमा नियमानुसार नियमन गरिनेछ।

(ख) सिफारिस गर्ने तह वा समितिले सो अवस्थाको पुर्ण अध्ययन गरेर मात्र सिफारिस गर्नु पर्नेछ। अन्यथा आफै जिम्मेवारी बन्नु पर्नेछ।

(ग) सामुहिक खेती वा पशुपालन वा सामुहिक उध्यमलाई पनि प्रति कठ्टा, विगाहाको आधारमा वा निर्माण भएको संरचनाका आधारमा अनुदान सहयोग उपलव्ध गराइनेछ।

(घ) अनुदान माग गर्दा सम्वन्धित व्यक्तिले पूर्ववत रुपमा आफु बसोबास गरेको जग्गाको आंशिक बाँझो जग्गाको अनुदान दावि गर्न सकिने छैन। आफु फर्किएर आए पश्चात वा पूर्ण रुपमा बाँझो रहेको जग्गाको मात्र अनुदान माग दावी गर्न सकिनेछ।

(ङ) एक पटक अनुदान प्राप्त पश्चात निरन्तर जग्गा उपयोग गरी रहनु पर्दछ।

(च) जमिन भाडामा लिन चाहने र दिन चाहनेका लागि बुद्धभूमि नगरपालिकाले कम्तीमा २१ दिने सूचना जारी गर्न सक्नेछ।

(छ) बाँझो जमिन खाली नराख्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

९. बाँझो जग्गा छनौंट समितिको व्यवस्था:-

बाँझो जग्गा उपयोग गर्नेलाई प्रदान गरिने अनुदान वितरण गर्ने व्यक्ति छनौट सिफारिस समिति देहाय बमोजिम हुनेछ।

| | | |
|---|---|---|
| (क) | सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| (ख) | सम्बन्धित वडाका वडा समितिका सम्पूर्ण वडा सदस्य | सदस्य |
| (ग) | सम्बन्धित टोलको टोल विकास समितिको अध्यक्ष | सदस्य |
| (घ) | वडा सचिव | सदस्य सचिव |

समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित अन्य व्यक्तिहरुलाई आमन्त्रित गर्न सकिनेछ। समितिको सचिवालय सम्वन्धित वडा कार्यालयमा रहनेछ। समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिले आवस्यक निर्णयहरु गरि यसै कार्यविधी वमोजिम व्यक्ति छनौट र अनुदान सम्बन्धि प्रकृयाहरु अगाडी बढाउनेछ। समितिले गर्ने कामहरुको प्रतिवेदन वडा कार्यालय मार्फत नगरपालिकामा पेश गर्नु पर्नेछ।

१०. छनौट समितिको काम कर्तव्य र अधिकार:

(क) प्रकाशित सुचना अनुसार प्राप्त निवेदनका आधारमा लाभ ग्राहीको प्राथमिकिकरण गर्ने।

(ख) लाभग्राही छनौट र जग्गा उपलब्ध गराउने।

(ग) जमिन बाँझो राख्ने जग्गा धनी, खेति गर्ने कृषक र वडा कार्यालय सँगको त्रिपक्षीय संझौता गर्न समन्वय गर्ने।

११. अनुगमन, सुपरिवेक्षण तथा गुनासो व्यवस्थापन समिति

बाँझो जग्गा उपयोग सम्वन्धी समग्र कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्न तपसिलको एक अनुगमन, सुपरिवेक्षण तथा गुनासो व्यवस्थापन समिति गठन गरिएको छ।

| | | |
|---|---|---|
| (क) | नगरपालिकाका उप प्रमुख | संयोजक |
| (ख) | सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

(घ) आर्थिक विकास शाखा प्रमुख सदस्य

(ङ) कृषि विकास शाखाका प्रमुख सदस्य सचिव

अनुगमन समितिले अनुगमन गरी मासिक रुपमा अनुगमनको प्रतिवेदन नगर कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेछ।

१२. अभिलेख राख्ने: बाँझो जग्गा सम्वन्धि अभिलेख सम्वन्धी टोलका राजनैतिक दलका प्रतिनिधि र समाजसेविको सिफारिसमा वडा कार्यालय मार्फत संकलन गरिनेछ। तथ्यांक संकलन सम्वन्धि समय र विधि नगरपालिकाले तोके बमोजिम हुनेछ। वडा स्तरिय जग्गाको अभिलेख सम्वन्धित वडा कार्यालयमा र समग्र नगरस्तरिय जग्गाको अभिलेख नगरपालिकाको भवन तथा वस्ती विकास शाखामा राखिनेछ। सो अभिलेखको ढाँचा अनिसूचि -२ बमोजिम राखिनेछ।

१३.गुनासो दर्ता गर्न सक्ने: नगरपालिकाले बनाएको यस कार्यविधी अनुसार कार्य गर्दा कसैलाई हानि नोक्सानी परेमा अनुगमन, सुपरिवेक्षण तथा गुनासो व्यवस्थापन समिति समक्ष गुनासो राख्न सकिनेछ।

१४. प्रचलित कानुन बमोजिम हुनेछ: यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधी अनुसार र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१५. बचाउ : यस कार्यविधिको उद्देश्य तथा बिषयवस्तु प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै कार्यबिधी बमोजिम भएको मानिनेछ।

१६. कार्यबिधि हेरफेर गर्न सक्ने: नगर कार्यपालिकाले आवस्यकतानुसार यो कार्यविधी हेरफेर तथा थपघट गर्न सक्नेछ।

अनुसूची १

निवेदनको ढाँचा

मिति:

श्री वडा अध्यक्ष ज्यू
.........नं. वडा कार्यालय
बुद्धभूमि नगरपालिका

विषय : बाँझो जग्गामा खेती गरिपाँउ।

महोदय,

प्रस्तुत विषयमा यस बुद्धभूमि नगरपालिकाको मिति................. गतेको सूचना बमोजिम बाँझो रहेको खेतियोग्य जग्गा जमिनमा कृषि उत्पादन कार्य गर्न इच्छुक किसानलाई जग्गा उपलब्ध गराउने कार्यक्रम अनुसार म....................... लाई जग्गा उपलब्ध गराई दिनु हुन भनि आवश्यक कागजात संलग्न राखी यो निबेदन पेश गरेको छु।

संलग्न कागजहरु
नागरिकता प्रमाणपत्रको प्रतिलिपि थान १
पासपोट साईजको रंगिन फोटो २ प्रति

निवेदक:
नाम, थर:
ठेगाना (वडा न./टोलको नाम):
दस्तखत:

अनुसूची २

बुद्धभूमि  नगरपालिका नगर कार्यपालिकाको कार्यालय हनुमानचोक बुड्ढी

**बाँझो जग्गाको लगत विवरण**

**आ.व.**

| क्र. सं. | जग्गा धनिको नाम थर, ठेगाना (टोल) | सम्पर्क नं. | कि.न. | जग्गाको क्षे.फ. (विगाह, कठ्ठा, धुर) | खेति गर्ने संस्था/ ब्यक्तिको नाम | सम्पर्क नं. | जग्गाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

सूचकको नाम,थर:
सम्पर्क नं.
हस्ताक्षर:
मिति:

रुजु गर्नेको नाम,थर:
पद:
सम्पर्क नं.:
हस्ताक्षर:

प्रमाणित गर्ने:
वडा अध्यक्ष

आज्ञाले
बासुदेव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत